मङ्सिर – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३२, अङ्क १५

**२०८० मङ्सिर १-१५**

पूर्णाङ्क ७५३





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री रोदिप सुनाम
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ४ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | ११ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | ९ |
| **जम्मा** | **३४** |

| | |
|---|---|
| इजलास नं. ५ | ४ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | १ |
| इजलास नं. ९ | ७ |
| इजलास नं. १० | ४ |
| इजलास नं. १३ | ७ |
| इजलास नं. १५ | २ |
| **जम्मा** | **२६** |

**कूल जम्मा ३४ + २६ = ६०**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, मङ्सिर – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - ५ |
| १. | अंश | पुष्पमणि भण्डारी वि. लोकमणि भण्डारीसमेत | १ |
| २. | अंश चलन | अक्तर अलि हलवाईसमेत वि. मोहम्मद अजुब हलवाई | २ |
| ३. | उत्प्रेषणसमेत | सगुन सुन्दर लावती वि. सुनसरी जिल्ला अदालतसमेत | ३ |
| ४. | अंश चलन | भरत काजी श्रेष्ठ वि. विनोद काजी श्रेष्ठसमेत | ४ |
| इजलास नं.१ | | | ५ - ७ |
| ५. | उत्प्रेषण | सुलभ खरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ५ |
| ६. | जबरजस्ती करणी | जनक राई वि. नेपाल सरकार | ५ |
| ७. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. संजीव घले | ६ |
| ८. | उत्प्रेषण / परमादेशसमेत | अभिमन्यु पौडेलसमेत वि. सशस्त्र प्रहरी सेवा आयोग, हलचोक, काठमाडौंसमेत | ७ |
| इजलास नं. २ | | | ७ – १६ |
| ९. | लागु औषध (अफिम) | शक्तिराम वली वि. नेपाल सरकार, नेपाल सरकार वि. एलन कुमार रोका मगर, देबबहादुर वली वि. नेपाल सरकार | ७ |
| १०. | उत्प्रेषणसमेत | अच्युतराज देवकोटा वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौंसमेत | ८ |
| ११. | उत्प्रेषण / परमादेश | प्रज्ञा लामा वि. नेपाल बैंक लि. केन्द्रीय कार्यालय धर्मपथ, काठमाडौं महानगरपालिका वडा नं.२२ न्यूरोडसमेत | ८ |
| १२. | उत्प्रेषण / परमादेशसमेत | जिवचन्द्र उप्रेती वि. ललितपुर जिल्ला, लगनखेल साझा भवनमा कार्यालय रहेको गतिशील बचत तथा ऋण सहकारी संस्था लि.समेत | ९ |
| १३. | परमादेश | रामभक्त थापा वि. गृह मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | १० |
| १४. | आयकर | सुयोग श्रेष्ठ वि. ठुला करदाता कार्यालय, ललितपुर, ठुला करदाता कार्यालय, ललितपुर वि. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणचौरस्थित एस डेभलपमेन्ट बैंक लि. | ११ |
| १५. | उत्प्रेषणसमेत | दिपक विक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | ११ |

| | | | |
|---|---|---|---|
| १६. | लागु औषध (डाइजेपाम) | सागर गुरूङ वि. नेपाल सरकार, नेपाल सरकार वि. महेन्द्र मगरसमेत | १२ |
| १७. | लिलाम बदर | भिवोर विकास बैंक लि, त्रिपुरेश्वर, काठमाडौको तर्फबाट बैंक वि. जमान सिं डिम्डुङ्गसमेत | १३ |
| १८. | अंश नामसारी | शिवदयाल कहारसमेत वि. महेश कहारसमेत | १४ |
| १९. | हक कायम नामसारी दर्तासमेत | कृष्णप्रसाद घिमिरे वि. सूर्यमान शाक्यसमेत | १५ |
| **इजलास नं. ३** | | | **१६ – २०** |
| २०. | बन्दी प्रत्यक्षीकरण | सन्तोष नराल वि. उच्च अदालत पाटनसमेत, विनिता श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत | १६ |
| २१. | यातना क्षतिपूर्ति | मारिया भिक्टोरिया सुविराना रोद्रिगेज नामकी विक्की शेर्पा वि. बीरबहादुर बुढामगरसमेत | १७ |
| २२. | अंश दर्ता | अन्सारूल मियासमेत वि. मुर्तुजा मियाँसमेत | १७ |
| २३. | निषेधाज्ञा | ताराकाजी भन्ने अमृत रत्न ताम्राकार वि. का.म.न.पा. बागदरबार, काठमाडौंसमेत | १८ |
| २४. | बन्दी प्रत्यक्षीकरण | अकरम खाँ वि. कारागार कार्यालय, तौलिहवा कपिलवस्तुसमेत | १८ |

| | | | |
|---|---|---|---|
| २५. | जबरजस्ती करणी | काजी भन्ने कर्णबहादुर किसान वि. नेपाल सरकार | १९ |
| **इजलास नं.४** | | | **२० – २९** |
| २६. | अपहरण शरीर बन्धक र कर्तव्य ज्यान | रवि भन्ने इन्द्रबहादुर खड्का वि. नेपाल सरकार | २० |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अरबिन्द्र पौडेल | २० |
| २८. | ठगी | नेपाल सरकार वि. दीपकबहादुर जि.सि. समेत | २१ |
| २९. | करारबमोजिम दायित्व पूरा गरिपाऊँ | दुर्गाप्रसाद अधिकारी वि. धनराज खत्री | २२ |
| ३०. | बैंकिङ कसुर | तेजबहादुर थापा भन्ने केदार गौतम वि. नेपाल सरकार, सम्झना पोखरेल गौतम वि. नेपाल सरकार, भरतबहादुर बानियाँ वि. नेपाल सरकार, नेपाल सरकार वि. सागर थापा, नेपाल सरकार वि. भरतबहादुर बानियाँसमेत, संदिप गुप्ता वि. नेपाल सरकार, सागर थापा वि. नेपाल सरकार | २२ |
| ३१. | कर्तव्य ज्यान | सविता पुन वि. नेपाल सरकार | २५ |
| ३२. | उत्प्रेषण | नारायण चौलागाईसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | २६ |

| | | | |
|---|---|---|---|
| ३३. | लिखत दर्ता बदर | आरती शर्मा वि. कुन्दनकुमार पन्तसमेत | २७ |
| ३४. | लिखत दर्ता बदर | सुदर्शन पन्त वि. भवानी पन्तसमेत | २८ |
| **इजलास नं.५** | | | **२९ – ३२** |
| ३५. | बाली बिगो | टन्टु तेली वि. रामचन्द्र कलवारसमेत | २९ |
| ३६. | फिल्डबुक बदर, नापी निर्णय बदरसमेत | सुभान मियाँ अन्सारी वि. सलामुन खातुन | ३० |
| ३७. | उत्प्रेषण / परमादेशसमेत | मणिराम उपाध्यायसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | ३१ |
| ३८. | उत्प्रेषण / परमादेश | हरिशंकर ज्ञवाली वि. न्याय सेवा आयोग, सिंहदरबार, काठमाडौंसमेत | ३१ |
| **इजलास नं.७** | | | **३२ – ३३** |
| ३९. | डाँका | नेपाल सरकार वि. लक्ष्मण लामासमेत | ३२ |
| **इजलास नं.८** | | | **३३ – ३४** |
| ४०. | सङ्गठित अपराधअन्तर्गतको अपहरण, तथा शरीर बन्धक र ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. चंचल पाण्डेसमेत | ३३ |
| **इजलास नं.९** | | | **३४ – ४१** |
| ४१. | बन्दी प्रत्यक्षीकरण | काजी गुरूङ वि. उच्च अदालत पाटनसमेत | ३४ |
| ४२. | निर्णय बदर दर्ता कायम | नाति ताम्राकारसमेत वि. आशाकाजी ताम्राकार | ३५ |
| ४३. | लिखत दर्ता बदर दर्ता | नेसारूलहक अन्सारीसमेत वि. फातमा खातुनसमेत | ३६ |
| ४४. | मानव बेचबिखन तथा ओसारपसार | दयाराज कँडेल वि. नेपाल सरकार, राजु गुरूङ वि. नेपाल सरकार, नेपाल सरकार वि. सञ्जय तामाङसमेत | ३६ |
| ४५. | मोही नामसारी | अलाउदिन मियाँ वि. अहमद मियाँ | ३८ |
| ४६. | मोही नामसारी | लिलाकुमारी यादव वि. तारादेवी यादव | ३९ |
| ४७. | मोही नामसारी | सत्यराज महर्जन वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | ४० |
| **इजलास नं.१०** | | | **३४ – ४४** |
| ४८. | जबरजस्ती करणी | निर्मल थापा वि. नेपाल सरकार, सुशिल अर्याल वि. नेपाल सरकार, प्रवेश थापा वि. नेपाल सरकार | ४१ |
| ४९. | बैंकिङ कसुर | टेकबहादुर डिम्डुङ वि. नेपाल सरकार | ४२ |
| ५०. | उत्प्रेषणयुक्त परमादेशसमेत | मखमली के.सी. थापा वि. पुनरावेदन अदालत पाटनसमेत | ४२ |
| ५१. | कुटपिट अङ्गभङ्ग | नेपाल सरकार वि. दिनेश रजकसमेत | ४३ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१३** | | | **४४ – ५०** |
| **५२.** | बन्दी प्रत्यक्षीकरण | रिदमा विष्ट वि. जिल्ला सरकारी वकिल कार्यालय, दोलखासमेत | **४४** |
| **५३.** | अंश चलन | सिद्धिमान सिंह शाक्य वि. लिलादेवी कुँवरसमेत | **४५** |
| **५४.** | बैंकिङ कसुर | नेपाल सरकार वि. राजुकुमार पटेल | **४६** |
| **५५.** | वैदेशिक रोजगार कसुर | हस्तबहादुर तामाङ वि. नेपाल सरकार | **४७** |
| **५६.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. महफुज मियाँसमेत | **४७** |
| **५७.** | मोही प्रमाणपत्र | नन्दीलाल यादव वि. बडेलाल यादव | **४९** |
| **५८.** | मोही नामसारी | हेमबहादुर अधिकारी वि. नवराज अधिकारीसमेत | **४९** |
| **इजलास नं.१५** | | | **५० – ५२** |
| **५९.** | बन्दी प्रत्यक्षीकरण | सुवास तुम्सिङ मगर भन्ने सुवास थापा मगर वि. धादिङ जिल्ला अदालत, धादिङसमेत | **५०** |
| **६०.** | बन्दी प्रत्यक्षीकरण | हेमबहादुर खड्का वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत | **५१** |

**संयुक्त इजलास**

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-१२२४, अंश, पुष्पमणि भण्डारी वि. लोकमणि भण्डारीसमेत*

मिति २०४०।०९।१३ मा भएको अंश भरपाईको लिखतबाट पुनरावेदक / वादी पुष्पमणि भण्डारीले आफ्नो हजुरआमा द्रूपताबाट हालैको बकसपत्रको लिखतबाट प्राप्त गरेका जग्गाहरूमध्येका केही जग्गाहरू निजैको मन्जुरीमा दाजु नगेन्द्रमणि भण्डारीलाई अंशबापत दिएको देखिन्छ । यसरी साधिकार निकाय मालपोत कार्यालयबाट नै आफू अरू अंशियारसँग छुट्टी भिन्न भएको र आफ्नो नामको जग्गाहरू दाजुलाई अंशबापत दिई बाँकी रहेको जग्गा आफ्नो एकलौटी हुने र पिताको अरू सम्पत्तिमा दाबी नगर्ने गरी लिखत पारित गरिसकेपछि निज आफूले अंश पाइसकेको छैन भन्नेलाई विबन्धित रहेको मान्नुपर्ने ।

पुनरावेदक/वादीले आफू पनि बाबु लिलामणिको एकासगोलमा रहेको र निजबाट कुनै अंश नपाएको भन्ने दाबी गरे तापनि मिति २०४०।०९।१३ को लिखतबाट वादी पुष्पमणि भण्डारीको नाउँमा रहेको जग्गाहरूमध्ये केही दाजु नरेन्द्रमणिलाई हक हस्तान्तरण गर्ने र सोबाहेकका बाँकी जग्गाहरूमा अन्य अंशियारहरूले दाबी गर्न नपाउने गरी निजको एकलौटी अधिकार रहने, बाबु लिलामणि र हजुरआमा अनुरूपाको नाउँमा रहेका सम्पत्तिमा दाजु नगेन्द्रमणि र वादी पुष्पमणिले हक छाडी सो सम्पत्तिबाट बाँकी ६ अंशियाहरूले अंश पाउने गरी अंश लिनुदिनु भई यी वादीसमेत बाबु लिलामणिबाट छुट्टी भिन्न भएको देखिन्छ । वादी स्वयंले लिखतलाई स्वीकारी कानूनबमोजिमको निकायबाट पारित गरी गराई लिखतबमोजिम आआफ्नो नाउँमा दर्ता स्रेस्ता कायम गरिसकेको र सोपश्चात् पुन: बिक्री वितरणसमेत गरिसकेको अवस्थामा प्रमाण ऐन,२०३१ को दफा ३४ ले व्यवस्था गरेको विबन्धनको सिद्धान्तबमोजिम वादीले बाबु लिलामणिबाट अंश बुझी छुट्टी भिन्न भएको छैन भन्ने वादीको कथनलाई मान्न नमिल्ने ।

पुनरावेदक / वादीले पुनरावेदनमा मिति २०४०।०९।१३ को अंश भरपाईको लिखत बाबु लिलामणिले दाजु नगेन्द्रमणिलाई अंश दिँदाका समयमा भएको, आफूले कुनै सम्पत्ति प्राप्त नगरेको कुरा बाबु लिलामणिले मिति २०४०।०९।१३ मा गरिदिएको सर्तनामाबाट पनि स्पष्ट हुने जिकिर लिएको देखिन्छ । उक्त सर्तनामाको लिखत यी पुनरावेदक/वादीले सुरू फिराद गर्दा उल्लेख नगरी पुनरावेदन अदालतमा पुनरावेदन गर्दा मात्र उल्लेख गरी फोटोकपिसम्म पेस गरेको देखिन्छ । सोको सक्कल निजले पेस गर्न सकेको अवस्था छैन भने अर्कोतर्फ उक्त मिति २०४०।०९।१२ मा भएको भनिएको लिखत घरसारको भएबाट त्यसको कानूनी अस्तित्व न्यून हुनुका साथै त्यसको भोलिपल्ट नै निज वादी आफूसमेत सम्मिलित भई अंश भरपाई पारित गरिसकेको अवस्थामा उक्त घरसारको लिखतको मान्यता शून्यको स्थितिमा रहेकोसमेत देखियो । यी पुनरावेदक वादीको परिवारमा पुनरावेदक/वादीका पिता लिलामणि भण्डारीको मिति २०६८।११।२५ मा मृत्यु भएपश्चात् पनि मिति २०७१।०४।०७ मा पुनरावेदक/वादीका आमा रूकमणि भण्डारीले लोकमणि भण्डारीलाई अंश दिई अंश भरपाईको लिखत भएको देखिन्छ । पुनरावेदक/वादीले बाबु लिलामणि भण्डारीबाट कुनै अंश नपाएको र मिति २०४०।०९।१३ मा भएको लिखतमा कुनै असन्तुष्टि रहेको भए निजका बाबु लिलामणि भण्डारी जीवितै रहेको अवस्थामा दाबी गरी अदालतमा प्रवेश गर्नुपर्ने हो । तर बाबुको मृत्यु भएको करिब चार वर्षपछि २०४०।०९।१३ अर्थात् करिब ३१ वर्षअघि भएको लिखतबाट अंश नबुझेको र हालसम्म एकासगोलमा नै रहेको हुँदा अंश दिलाइपाउँ भनी गरेको फिराद दाबीसमेत विबन्धनको सिद्धान्तविपरीत हुने देखिँदा कास्की जिल्ला अदालतबाट वादी दाबी नपुग्ने ठहऱ्याएको फैसला सदर गरेको उच्च अदालत पोखराको फैसला मनासिबै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिँने ।

पुनरावेदक / वादीले मिति २०४०।०९।१३ मा

नै बाबु लिलामणिबाट अंश बुझी छुट्टी भिन्न भएको भन्ने मिसिल संलग्न अंश भरपाईको लिखतबाट देखिएको, निज वादीले २०७१।०३।०३ मा भएको अंश भरपाईको लिखतलाई निष्क्रय गरी अंश दिलाइपाउँ भनी फिराद गरे तापनि सोभन्दा पहिले भएका लिखतहरूउपर कुनै दाबी नगरेको तथा २०४० सालमा भएको अंश भरपाईको लिखतबमोजिम अंश नपाएको भनी बाबु लिलामणि जिवित हुँदा केही दाबी विरोध नगरी बाबुको मृत्युपछि लिखत भएको करिब ३१ वर्षपछि अंशबन्डा नभएको भनी गरेको दाबी विबन्धनको सिद्धान्तविपरीत हुँदा वादी दाबी नपुग्ने गरी कास्की जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत पोखराको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

मिति २०४०।०९।१३ को पारित लिखतबमोजिम वादी बेगल भइसकेको देखिइरहेको अवस्थामा एकासगोलमै रहेको भन्ने वादीको भनाइ उक्त २०४०।०९।१३ कै लिखतबाट खण्डित हुने भएकाले वादीले अंश नपाउने ठहर गरेको सुरू कास्की जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: कृष्णशोभा सुवाल

इति संवत् २०७९ असोज २८ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CR-१८१०, जालसाजी, पुष्पमणि भण्डारी वि. लोकमणि भण्डारी
- ०७४-CR-१८०९, जालसाजी, पुष्पमणि भण्डारी वि. रूकमणि भण्डारीसमेत
- ०७४-CI-१२२६, हदसम्मको लिखत बेहोरा निष्क्रिय बदर गरिपाऊँ, पुष्पमणि भण्डारी वि. सूर्यमणि भण्डारी
- ०७४-CI-१२२५, अंश भरपाई लिखत बदर, पुष्पमणि भण्डारी वि. रूकमणि भण्डारीसमेत

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CI-०६३०, अंश चलन, अक्तर अलि हलवाईसमेत वि. मोहम्मद अजुब हलवाई*

विवादको कि.नं. ९३४ को जग्गा निजी आर्जनको रहेको भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, कि.नं.९३४ को जग्गा प्रतिवादीमध्येका केशरजहाँ हलवाई वादीका समान पुस्ताका एकासगोलका अंशियार रहेकोमा केशरजहाँ हलवाईले आफ्नै भतिजा नाताका प्रतिवादी अक्तर अलि हलवाईलाई मिति २०६४।०६।२१ मा र.नं.१३२१(ग) को राजीनामाबाट दिएको मिसिल संलग्न राजीनामा लिखतको प्रतिलिपिबाट देखिन्छ । प्रतिवादीहरू जैबुल हलवाईसमेतले प्रतिउत्तरपत्रमा घरपरिवारबाट छुट्टी भिन्न भइसकेको भनी जिकिर लिए तापनि निज वादी प्रतिवादीहरूका बिचमा मानो छुट्टिएको वा अंशबन्डा भइसकेको भन्ने प्रमाणको अभाव रहेकोले उनीहरूबिच अंशबन्डा भइसकेको भनी भन्न सकेको देखिँदैन । साथै प्रतिवादीहरूमध्येका ननमुन हलवाई, हनिफ हलवाई, मोहम्मद अजुब हलवाई र राजु हलवाई एकै पिताका सन्तान भएबाट निजहरू एकासगोलका अंशियार रहेको पुष्टि भएको देखिने।

प्रतिवादीमध्येका केशरजहाँ हलवाई वादीका समान पुस्ताका एकासगोलमा अंशियार राजु हलवाईको पत्नी रही निज एकासगोलभित्रकै अंशियार रहेको देखिन्छ। निजले आफ्नो नाममा प्राप्त भएको सम्पत्ति निजी तवरको भई आफूखुस गर्न पाउने सम्पत्ति हो भनी प्रमाणित गर्नुपर्ने हुन्छ । सोको अभावमा उक्त सम्पत्ति सगोलको नै मान्नुपर्ने हुन्छ। सगोलको सम्पत्ति राजीनामा गरिदिँदा लेनदेन व्यवहारको महलको १० नं. ले अन्य अंशियारहरूको मन्जुरी लिनुपर्ने व्यवस्था रहेको छ। यी प्रतिवादी अलि अक्तरले आफूले बाबुबाट रू.१,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) पाई विदेश गएर वैदेशिक रोजगारीबाट कमाएको सम्पत्तिबाट खरिद गरेको भनी उल्लेख गरे तापनि सोको पुष्टि हुने प्रमाणहरू पेस गर्न सकेको अवस्था छैन। अक्तर अलिका बाबु हनिफका आफ्नो समान अंशियारबिच अंशबन्डा नभएको अवस्थामा अंशियारहरूको समेत अंश हक लाग्ने सम्पत्ति अंशबापत आफ्नो छोरालाई दिएको कारणबाट अन्य अंशियारहरूको हकमा प्रतिकूल असर पर्नसक्ने

अवस्था रहँदैन । अक्तर अलिलाई अंशबापत निजका बाबु हनिफ हलवाइले दिएको रू.१,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) निजी ज्ञान, सीप र प्रयासबाट आर्जन गरेको भनी प्रमाणद्वारा पुष्टि हुन सकेको मिसिल संलग्न कागजबाट स्थापित हुन सकेको छैन । सगोलमा रहेका सबै अंशियारहरूको ज्ञान, सीप र प्रयासबाट आर्जित रकम अंशबापत कुनै अंशियारले दोस्रो पुस्ताको अंशियारलाई दिँदैमा अन्य अंशियारहरू आफ्नो अंश हकबाट बञ्चित हुन्छन् भन्नु न्याय र कानूनको दृष्टिबाट उपयुक्त नहुने ।

मानो नछुट्टिई सँग साथ रहेका अंशियारहरू जसको नाममा सम्पत्ति रहे पनि सबै अंशियारहरूमा बन्डा लाग्ने देखिन्छ । यस सन्दर्भमा यस अदालतको बृहत् पूर्ण इजलासबाट "उक्त सम्पत्तिहरू प्रतिवादी अंशियारबाहेकका गैरव्यक्तिहरूलाई बिक्री बकसपत्र गरिदिएको नभई अंशियारहरूकै छोरा तथा स्वास्नीलाई दिएको देखिन्छ । मानो छुटिएको मितिभन्दा अघिको सगोलको पैतृक सम्पत्ति बन्डा नहुने भन्न मिलेन" भनी ने.का.प.२०४१, अङ्क २, नि.नं.१८९३ (देवकुमारी पाण्डे वि. काशिराम पाण्डेसमेत, मुद्दा: अंश) मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ । साथै, यसै अदालतको संयुक्त इजलासबाट "एकासगोलमा रहेबसेको अवस्थामा कुनै अंशियारले अर्को अंशियारलाई सगोलको पैतृक सम्पत्तिको हक हस्तान्तरण गर्दैमा त्यस्तो सम्पत्तिमा अन्य अंशियारहरूको हक अधिकार समाप्त हुन्छ भन्न नमिल्ने" (ने.का.प.२०६९, अङ्क ३, नि.नं.८७८८, सानुमाया महर्जनसमेत वि. बुद्धिलाल महर्जन, मुद्दा: अंश चलन) भनी सिद्धान्त प्रतिपादन भएको छ । यसबाट एकासगोलका अंशियारमा भएको हक हस्तान्तरणलाई मान्यता दिँदै जाने हो भने सगोलमा रहेका अंशियारले आफ्नो नाम दर्ता रहेका सम्पत्ति आफ्ना सन्तानलाई दिई अन्य अंशियारहरूलाई निरअंशी बनाई अंश हकजस्तो नैसर्गिक अधिकारबाट बञ्चित गराउने स्थिति रहन्छ । यसर्थ, प्रमाण ऐन,२०३१ को दफा ६(क) तथा साबिक मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. बमोजिमको अवस्था विद्यमान रहँदा उक्त सिद्धान्तहरूबाट समेत वादी प्रतिवादीहरूबिच मानो छुट्टिएको वा अंश बन्डा भई नसकेको अवस्थामा सगोलमा रहेका दाबीका जग्गाहरू अंशियारभित्रका व्यक्तिहरूलाई बकसपत्र र राजीनामाद्वारा हस्तान्तरण भएको तथा यी पुनरावेदक प्रतिवादीहरूले दाबीका कि.नं. १६५३ र ९३४ का जग्गाहरू निजी आर्जनको हो भनी प्रमाणित गर्न नसकेको अवस्थामा उक्त जग्गाहरू सगोलको बन्डा लाग्ने सम्पत्ति मान्नुपर्ने देखिन्छ । तसर्थ, उक्त कि.नं.९३४ र १६५३ को जग्गा सगोलको ठहर्‍याई बन्डा गरिदिने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला मनासिब देखिने ।

अत: तायदातीमा उल्लेख भएका वादी प्रतिवादीका नाउँमा रहेका सम्पूर्ण जग्गाहरू बन्डा लाग्ने ठहर्‍याई बाँके जिल्ला अदालतबाट मिति २०७५।०१।१९ मा भएको फैसला केही उल्टी गरी कि.नं.१४८९ लाई निजी ठहर्‍याई सोबाहेकका तायदातीमा उल्लिखित जग्गाहरू वादी प्रतिवादीहरूबिचमा बन्डा लाग्ने ठहर गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७६।०६।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । कि.नं. १६५३ र ९३४ बन्डा नलाग्ने आफ्नो निजी आर्जनको जग्गा रहेको भन्ने पुनरावेदक/प्रतिवादीहरूको पुनरावेदन जिकिर नपुग्ने ।

इजलास अधिकृत: कृष्णशोभा सुवाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ असोज २६ गते रोज ४ शुभम् ।

**३**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७६-WO-०३७०, उत्प्रेषणसमेत, सगुन सुन्दर लावती वि. सुनसरी जिल्ला अदालतसमेत*

निवेदककी आमा सुलोचना लावतीले विपक्षी आमोदकुमार राईलाई जिल्ला सुनसरी, धरान न.पा. वडा नं. ९ कि.नं. ५६० को ०-१-१६१/२ र ऐ.ऐ. कि.नं. ५५७ को ०-०-१३/४ जग्गामा शेषपछिको बकसपत्रको लिखत गरी रजिस्ट्रेसन पारित दिएको भन्नेमा विवाद छैन । उक्त शेषपछिको बकसपत्र गरिदिएका सम्पत्ति निज बकसपत्र दाता वा निजको हकदार वा बकसपत्र पाउनेको

सहमतिबेगर विपक्षीहरू आमोदकुमार राई र तोयानाथ न्यौपानेबिच सुनसरी जिल्ला अदालतमा चलेको लेनदेन मुद्दामा भएको फैसलाबमोजिम निज विपक्षी आमोदकुमार राईले वादीलाई तिर्नु बुझाउनुपर्ने बिगोबमोजिमको रकम असुल गर्न कि.नं.५६० लाई कित्ताकाट गरी कायम कायम भएको कि.नं.१०९८ को जग्गा लिलाम गरी मालपोत कार्यालयबाट दाखिल खारेज गरी तह तहमा बिक्री गरेको देखिने।

यसै लगाउको यी निवेदक वादी र आमोदकुमार राई प्रतिवादी भएको ०६९-CI-१०४५ को हक कायम मुद्दा र यी निवेदक प्रतिवादी र आमोदकुमार राई वादी भएको ०६९-CI-१०४४ को नामसारी दर्ता हक कायम मुद्दामा रिट निवेदक सगुनसुन्दर लावतीकी आमा सुलोचना लावतीले जिल्ला सुनसरी, धरान न.पा. वडा नं. ९ कि.नं. ५६० र ऐ.ऐ. कि.नं. ५५७ का क्रमशः ०-१-१६१/२ र ०-०-१३/४ कित्ता जग्गा आमोदकुमार राईलाई शेषपछिको बकस पत्र गरिदिएको कारणबाट रिट निवेदकको हक नलाग्ने भनी आजै यसै इजलासबाट फैसला भएको छ । उक्त बकसपत्रउपर यिनै निवेदकले काठमाडौं जिल्ला अदालतसमक्ष दायर गरेको जालसाज र लिखत बदर मुद्दामा पनि जालसाज नठहरेको र लिखत बदर पनि नहुने गरी फैसला भई मुद्दा अन्तिम भएको आधारसमेतबाट सो बकसपत्र कायमै रहेको देखिन आउँछ । यसरी उपर्युक्त मुद्दाहरूको फैसलासमेतबाट निवेदकले दाबी लिएको साबिक कि.नं. ५५७ र कि.नं. ५६० का जग्गामा विपक्षी आमोदकुमार राईको हक कायम भई निजको नाममा नामसारी हुनेभएको सम्पत्ति देखिन आउँछ। सोही सम्पत्ति साबिक कि.नं. ५६० मध्ये बाट कित्ताकाट भई कायम भएको कि.नं. १०९८ लिलाम भएको जग्गामा यी निवेदकको हक नै स्थापित हुन सकेको देखिँदैन । यसरी निवेदकको हक नै स्थापित हुन नसकेको साबिक कि.नं.५६० बाट कित्ताकाट भई कायमी जग्गामा रिट निवेदकको कानूनी हक (Legal Right) केहि रहेभएको नदेखिने।

उक्त जग्गा तोयानाथ न्यौपाने विरूद्ध आमोदकुमार राई भएको लेनदेन मुद्दामा बिगो भरिपाउन मिति २०७०।०४।०९ मा सुनसरी जिल्ला अदालतमा निवेदन परी लिलाम प्रक्रिया गरी मिति २०७२।०२।०३ मा तहसिलदारबाट तामेली आदेश भई जग्गा दाखिल खारेज दर्ताका लागि मिति २०७२।०२।२१ मा मालपोत कार्यालय सुनसरीलाई पत्राचारसमेत भई तदनुरूप दाखिल खारेज दर्ता भई तह तहमा खरिद बिक्रीसमेत भइसकेको देखिने।

अत: यसै लगाउको ०६९-CI-१०४४, ०६९-CI-१०४५, ०७५-WO-०७२३ समेतका मुद्दामा विवेचित आधार र कारणहरूबाट जिल्ला सुनसरी, धरान न.पा. वडा नं. ९ कि.नं. ५६० लाई कित्ताकाट गरी कि.नं. १०९८ को ०-०-९३/४ जग्गाको विपक्षी काशीराज सापकोटाले मिति २०७२।१।२२ मा गरेको डाँक लिलाम सकार, मिति २०७२।२।२१ मा सुनसरी जिल्ला अदालतबाट काशीराज सापकोटाको नाउँमा मिति २०७२|१|२२ को डाँक लिलामबमोजिम जग्गा दाखिल खारेज गरिदिन मालपोत कार्यालय सुनसरीलाई गरेको पत्राचार, मिति २०७२।३।२ मा नापी कार्यालय धरान सुनसरीको मिति २०७२।३।२ को कित्ताकाट ट्रेस, मिति २०७२।३।२ को मालपोत कार्यालय, धरानको कि.नं. ५६० लाई कित्ताकाट गरी कि.नं.१०९८ को क्षे.फ. ०-०-९३/४ विपक्षी काशीराज सापकोटाको नाउँमा दाखिल खारेज गर्ने निर्णय, विपक्षी काशीराज सापकोटाले रिता बज्राचार्य गुभाजुलाई बिक्री गरी तह तहमा भएको बिक्री कार्यसमेत कानूनसम्मत रूपमा भए गरेको देखिँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ चैत्र २८ गते रोज ३ शुभम्।

**४**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०१३४, अंश चलन, भरत काजी श्रेष्ठ वि. विनोद काजी श्रेष्ठसमेत*

वादी र प्रतिवादी सगोलका अंशियार भएको

तथ्यमा विवाद नरहेको, अंश लाग्नु नपर्ने भनी प्रतिवादीले जिकिर लिएका सम्पत्तिहरू निज वादी र प्रतिवादीहरू सगोलमा रहँदाकै बखत प्रतिवादीको नाममा प्राप्त भएको देखिएको, सम्पत्तिहरू आफ्नो निजी आर्जनको हो भनी पुष्टि हुने प्रमाण प्रतिवादीबाट पेस हुन आएको नदेखिएको अवस्था हुँदा कि नं ३३८ र ५३६ का घरजग्गासमेत अंशियारहरूबिच वादी दाबीबमोजिम बन्डा लाग्ने गरी ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३।१०।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः श्रेया पौडेल

इति संवत् २०७९ साल कार्तिक १४ गते रोज २ शुभम्।

## इजलास नं. १

### ५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७४-WO-०००३, उत्प्रेषण, सुलभ खरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

विपक्षी निर्वाचन आयोगले पेस गरेको लिखित जवाफमा मतदाताहरूको अत्यधिक चाप तथा स्थानीय तहसम्म कार्यक्रम सञ्चालन गर्न माग भएको हुँदा निकट भविष्यमा हुने प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनलाई दृष्टिगत गरी निर्वाचनको मिति घोषणा नभएसम्म क्षेत्रीय/जि.नि.का.हरूमा दर्ता कार्यक्रम सञ्चालन यथावत् राख्ने। साथै बाह्य जिल्ला दर्ता (ODR) सबै जिल्ला निर्वाचन कार्यालयहरूमा मात्र गर्ने भन्नेसमेत उल्लेख भएको र प्रेस विज्ञप्ति जारी गरेपश्चात् पनि आवश्यकताका आधारमा थप निर्णय गरी बाह्रय जिल्ला दर्ता (ODR) सबै जि.नि.का.मा गर्ने भनी मतदाता नामावली सङ्कलन कार्यक्रम सञ्चालन गरेको भन्ने देखिँदा संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम निर्वाचन आयोगले मतदाता हुन सक्ने नागरिकको मतदाता नामावलीमा नाम समावेश गराउन अधिकतम पहल एवं प्रयास गरेको अवस्थामा निवेदकको कथन अनुसार मतदाता नामावलीमा नाम समावेश गर्न नदिएको भन्न मिल्ने नदेखिने।

प्रदेशसभा र प्रतिनिधि सभाको निर्वाचनको मिति घोषणा हुँदासम्म पायक पर्ने स्थानबाट पूर्वाभ्यासअनुरूप नै मतदाता नामावलीमा नाम दर्ता गर्नु गराउनु भनी निवेदन माग भएकोमा उक्त निर्वाचनहरू सम्पन्न भइसकेको हुँदा रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिन आउने।

अतः उपर्युक्त रिट निवेदन, लिखित जवाफसहित मिसिल संलग्न कागजातसमेतको विवेचनाबाट निर्वाचन आयोगले मतदाता हुन सक्ने नागरिकहरूको मतदाता नामावलीमा नाम समावेश गराउन अधिकतम पहल एवं प्रयास गरेको र निवेदन मागबमोजिम प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचन सम्पन्न भई ततत् सभाहरू गठनसमेत भइसकेको वर्तमान परिप्रेक्ष्यमा रिट निवेदनको प्रयोजन समाप्त भइसकेकोले रिट जारी गरिरहन परेन। रिट खारेज हुने।

इजलास अधिकृत: विकास बस्नेत

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ असोज १ गते रोज ४ शुभम्।

### ६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-CR-०३६१, जबरजस्ती करणी, जनक राई वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा जाहेरवाला त१ सँग कुनै रिसइबी नै नभएको भनी बयान गरेकोमा जग्गासम्बन्धी विवाद रहेको कारण सोही रिसइबीले पीडितलाई सिकाइ जाहेरी दिएको भनी अदालमा बयान गरेको पाइन्छ। निजका साक्षी खड्गबहादुर राईले वारदात मिति र समयमा प्रतिवादी मेरो घरमा आएका थिए। जाहेरवालाले पीडित बुहारीलाई कुटपिट गर्ने गरेकोमा निजलाई त्यसो नगर्न भनी यी प्रतिवादीले सम्झाउने गरेकोमा सोही कुराको रिसइबी लिई यी प्रतिवादीलाई जाहेरी दिएको हो भनी बकपत्र गरिदिएको देखिन्छ भने यसरी प्रतिवादीको मौकाको बयानमा र अदालतसमक्षको बयानमा एकरूपता नदेखिएको अवस्थामा निजका

साक्षीले प्रतिवादीले नै भन्न नसकेको बेहोरा लेखाइदिएको देखिँदा निजको भनाइ विश्वासलायक देखिएन । त्यस्तो विवादास्पद बयान तथा बकपत्र प्रतिवादीको सफाइको आधार बन्न सक्ने देखिएन । प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा सुरू अदालतसमक्षको इन्कारी बयानलाई आधार बनाएर निर्दोष मान्न मिल्दैन । जबरजस्ती करणी जस्तो फौजदारी अपराधमा पीडित व्यक्तिले व्यक्त गरेको कुरा महत्त्वपूर्ण प्रमाण हो । पीडित स्वयम् घटनाको वा वारदातको चस्मदिद गवाह पनि हो । एकातिर यी पीडित एक विवाहिता महिलाले पारिवारिक एवं दाम्पत्य जीवनमा नै गम्भीर असर पर्न सक्ने जबरजस्ती करणी जस्तो जघन्य अपराधमा आफूलाई पीडित देखाइ पीडितले कागज गर्नुपर्ने र आफ्नो सामाजिक मर्यादामा असर पर्ने गरी यी प्रतिवादीउपर पीडितका ससुराले किटानी जाहेरी दिनुपर्ने र सोही जाहेरीको बेहोरालाई समर्थन गर्ने गरी अदालतमा उपस्थित भई बकपत्र गरिदिनुपर्ने अरू कुनै कारण पनि विद्यमान देखिँदैन । यस्तो अवस्थामा प्रतिवादी जनक राईले पीडित परिवर्तित नाम पीडित त मायालाई जबरजस्ती करणीको कसुर गरेको प्रमाणित हुने ।

तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणबाट सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०७५।०७।१८ मा निज प्रतिवादीलाई जबरजस्ती करणीको ३ को देहाय ५ नं. बमोजिम ५।०।० (पाँच वर्ष) कैद हुने, पीडित मानसिकरूपमा अस्वस्थ रहेको र गर्भवतीसमेत रहेको देखिँदा ऐ. को ३क. नं. बमोजिम थप ५।०।० (पाँच वर्ष) कैद हुने र ऐ. को १० नं. बमोजिम रू.५०,०००।- (पचास हजार रूपियाँ) प्रतिवादीबाट पीडित पक्षलाई क्षतिपूर्तिबापत भराउने गरी भएको फैसला सदर हुने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७६।१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ आश्विन १० गते रोज १ शुभम् ।

## ७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-०१८६, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. संजीव घले*

मिति २०७२।२।९ गतेका दिन बिहान साथीसँग बाख्रा चराउन भनी गएको अवस्थामा प्रतिवादी संजीव घलेले मलाई एक्कासि समाइ भुइँमा लडाइ जबरजस्ती करणी गर्न खोजेको भनी लेखाएकि छन् भने अदालतमा बकपत्र गर्दा बाख्रा चराउन जाँदा प्रतिवादीले नुन आँप खान दिएका थिए, म बाख्रा भएको ठाउँमा जाँदा प्रतिवादी अर्कै बाटो भई मभन्दा अगाडि गई मलाई माथि तानेर अँगालो हाली भुइँमा लडाइ छातीमा समातेकोले म कराएपछि माथिबाट मानिसहरू आएको देखेपछि भाग्न सफल भएँ भनी उल्लेख भएको देखिन्छ । यसरी मौकाको कागज र अदालतको बकपत्र गर्दा परस्पर बाझिएको भनाइलाई विश्वासयोग्य मान्न सकिने अवस्था नरहने ।

मेरो शरीरमा चोट नलागे पनि हात दुखेको र कुर्था च्यातिएको छ भनी बकपत्र गरेकी छन् । यसरी निजको मौकाको कागज र अदालतको बकपत्र हेर्दा परस्पर बाझिएको अवस्था छ भने पीडितलाई उल्लेख भएबमोजिम भुइँमा जबरजस्ती लडाइ करणीको प्रयास गरेको हो भन्ने पीडितको शरीरमा घा चोट देखिनु स्वाभाविक हुन जान्छ । निजको स्वास्थ्य परीक्षण हेर्दा "There is no injury mark suggestive of restrain From the history and physical examination, there are no evidence of recent or remote, forceful or non-forceful sexual intercourse" भन्ने उलेख भएको देखिन्छ । प्रतिवादीले पीडितलाई भुइँमा लडाइ उठ्न नसक्ने गरी थिचेको र बोल्न, रून कराउन नसक्ने गरी घाँटी दाबेको वा थिचेको भए निश्चितरूपले कुनै न कुनै प्रकारको चोटपटक वा चिह्न देखिनुपर्ने थियो । सो कुनै पनि चोटपटक वा चिह्न शारीरिक परीक्षणमा नदेखिएबाट पीडितको भनाइलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न नसक्ने ।

प्रतिवादीले आरोपित कसुर गरेको वस्तुनिष्ठ

प्रमाणबाट प्रमाणित हुनसकेको नदेखिई निजउपर झुठो आरोप लगाएको देखिएकोले निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिई आसय करणीमा परिणत गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।२५ मा भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिँदा प्रतिवादीलाई आरोपित कसुरमा अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी संजीव घलेलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(४) नं. ले करणी गरेकोमा कैद वर्ष ५ हुनेमा ऐ. ५ नं. को कसुरमा सोही नं. बमोजिम सोको आधाले कैद वर्ष २ र महिना ६ (छ) हुने ठहर्छ भनी सुरू धादिङ्ग जिल्ला अदालतको मिति २०७२।९।३० को फैसला उल्टाई प्रतिवादी संजीव घलेलाई आरोपित कसुरबाट सफाइ दिई आसय करणीमा परिणत गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ मङ्सिर २४ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-११४८, उत्प्रेषण / परमादेशसमेत, अभिमन्यु पौडेलसमेत वि. सशस्त्र प्रहरी सेवा आयोग, हलचोक, काठमाडौंसमेत*

मिति २०७८।५।१ को सशस्त्र प्रहरी सेवा आयोगको निर्णयबमोजिम लोकसेवा आयोगको सहमति लिई सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, मानवस्रोत विभाग, मानवस्रोत निर्देशनालय, भर्ना छनौट शाखा, हलचोकबाट मिति २०७८।०५।११ मा प्रकाशित सूचना प्रकाशन गर्नेलगायतका कार्य कानूनसम्मत देखिएको, गुणमापक परीक्षामा सहभागी हुने विज्ञहरूको योग्यता सम्बन्धमा कानूनले कुनै योग्यता तोकेको नदेखिएको अवस्थामा सशस्त्र प्रहरी सेवा आयोगको निर्णयबमोजिम सोही सेवा समूहमा अनुभव हासिल गरेका विज्ञहरूको चयन गरी विज्ञहरूबाट गरिएको परीक्षणलाई अन्यथा भन्न मिल्ने नदेखिँदा, सोअनुरूप मिति २०७८।१२।२४ को आयोगको निर्णयानुसार अन्तिम नतिजा प्रकाशन भएको देखिएको र सोमा कुनै त्रुटि भएको पनि नदेखिएको स्थितिमा नियुक्ति पाएका व्यक्तिहरूलाई विपक्षी बनाएको नपाइएको हुँदा निजहरूलाई सुनुवाइको मौका नदिई नियुक्ति बदर गर्न मिल्ने नदेखिएको र कानूनबमोजिम अधिकारप्राप्त निकायले गरेका भर्नासम्बन्धी उक्त कार्यबाट निवेदकहरूको कुनै संवैधानिक र कानूनी हकमा आघात पुगेको पनि निवेदकबाट स-प्रमाण पुष्टि गर्नसमेत नसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ २४ गते रोज ३ शुभम्।

## इजलास नं. २

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-१४७०, ०७६-CR-१५०९, ०७६-CR-१६१९, लागु औषध (अफिम), शक्तिराम वली वि. नेपाल सरकार, नेपाल सरकार वि. एलन कुमार रोका मगर, देबबहादुर वली वि. नेपाल सरकार*

प्रतिवादी शक्तिराम वलीले अफिम जस्तो प्रतिबन्धित लागु औषध साथमा बोकी ल्याएको र निजलाई देवबहादुर वलीले सो वस्तु ल्याउन लगाएको देखिँदा त्यस्तो अवैध वस्तु साथमा लिई हिँड्नु स्वयंमा नै आपराधिक कार्य मानिने हुँदा सोको निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा नै रहने विधिशास्त्रीय मान्यता रहेकोमा प्रतिवादीले सोअनुरूप निर्दोषिता प्रमाणित गर्न सकेको पाइँदैन। प्रतिवादीहरू शक्तिराम वली र देबबहादुर वलीले योजनाबद्ध ढङ्गबाट ५ किलो २०० ग्राम अर्थात् ठुलो मात्रा (परिमाण) को लागु औषध (अफिम) ओसार पसार गरेको बरामदी मुचुल्कालगायतबाट देखिन आएको

अवस्थामा सो परिमाणसमेतलाई मध्यनजर गरी हेर्दा निजहरूको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ अनुसार ओसार पसार एवं सञ्चयअन्तर्गतको कसुर भएको पुष्टि हुन आएको र यी दुबै प्रतिवादीको मत सल्लाह र योजनाबमोजिम नै उक्त प्रतिबन्धित लागु औषध (अफिम) को ओसार पसारसमेतको कार्य भए गरेको देखिँदा निज दुवै प्रतिवादीहरूको सो वारदातमा समान संलग्नता र सहभागिता रहेको भन्नेसमेत देखिने।

अतः प्रतिवादीहरू देवबहादुर वली र शक्तिराम वलीलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसुर अपराधमा सोही ऐनको दफा १४(छ)(३) बमोजिम जनही १५ वर्ष कैद र ५ लाख जरिवाना हुने र अर्का प्रतिवादी एलन कुमार रोका मगरले अभियोग दाबीबाट सफाइ पाउने ठहरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला र सो फैसला सदर गरेको उच्च अदालत, तुलसीपुरको मिति २०७६।०७।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-WO-१३३९, उत्प्रेषणसमेत, अच्युतराज देवकोटा वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौंसमेत*

सार्वजनिक सडक ऐन, २०३१ अन्तर्गत सडक सीमा तोकिएको जग्गा यी रिट निवेदकको हकमा सडकको केन्द्रबाट २५।२५ गजभन्दा बाहिरको घर जग्गा प्राप्त गर्नुपर्ने भएमा प्रचलित कानून अर्थात् जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गतको प्रक्रिया पूरा गरी क्षतिपूर्ति प्रदान गरेर मात्र प्राप्त गर्नुपर्ने देखिँदा, यी रिट निवेदकको दाबीको घर जग्गाको हकमा पनि उक्त घर जग्गा सडकको केन्द्र रेखाको दायाँबायाँ २५।२५ गज बाहिर पर्ने हो वा होइन भन्ने विषयमा स्पष्ट रूपमा जाँचबुझ गरी सडकको केन्द्र रेखादेखि दायाँबायाँ २५।२५ गजभन्दा बाहिरको फासलामा पर्ने भएमा सो घर जग्गाको हकमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी उचित क्षतिपूर्ति निर्धारण गरी रिट निवेदकलाई क्षतिपूर्ति प्रदान गरेर मात्र निज निवेदकको घर जग्गा प्राप्त गर्ने कार्य गर्नु भनी परमादेशको आदेशसम्म जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएको।

अतः रिट निवेदकको दाबीको घर जग्गा त्रिभुवन राजपथको केन्द्रबिन्दुबाट २५।२५ गजभित्र परेको हदसम्ममा निजको कुनै हक कायम रहेको नदेखिँदा, सडक सीमाको अतिक्रमण हटाउन भनी प्रकाशित गरिएको मिति २०७६।०३।०७ को उल्लिखित सूचनासमेत सो हदसम्म कानूनसम्मत देखिँदा केही गरिरहन परेन। अब, त्रिभुवन राजपथको केन्द्र रेखाबाट २५।२५ गजभन्दा बाहिरको फैसलामा पर्ने निवेदकको घर जग्गासमेत प्राप्त गर्नुपर्ने भएमा सो घर जग्गाको हकमा सम्म कानूनबमोजिमको प्रक्रिया पूरा गरी निवेदकलाई उचित क्षतिपूर्ति प्रदान गरेर मात्र घर जग्गा खाली गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल पौष १९ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WO-१४२६, उत्प्रेषण / परमादेश, प्रज्ञा लामा वि. नेपाल बैंक लि. केन्द्रीय कार्यालय धर्मपथ, काठमाडौं महानगरपालिका वडा नं.२२ न्यूरोडसमेत*

निवेदक अभिजित इन्टरनेसनल प्रा.लि. को प्रबन्ध पत्रमा प्रा.लि.को मुख्य उद्देश्य स्वदेशी तथा विदेशी पेय पदार्थ, वाइन, ब्रान्डी, ह्विस्की, वियर, रम, जिन स्वदेश तथा विदेशमा बिक्री वितरण गर्ने भन्ने रहेको देखिन्छ। निवेदक व्यापारिक फर्म रहेको देखिन्छ। निवेदकले नेपाल बैंक लिमिटेडबाट मिति २०७६।०३।०१ मा ऋण लिएको भन्ने कुरा निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेको पाइन्छ। ऋणी र ऋण लगानी गर्ने संस्था नेपाल बैंक लिमिटेडबिच ऋणको

सम्झौता भई तोकिएको ऋण र ब्याजको रकमसमेत तिर्नुपर्ने सम्झौता भएको कुरामा विवाद देखिँदैन । निवेदकले COVID-१९ लगायतका कारण समयमा नै ऋण चुक्ता गर्न नसकिएको भनी दाबी लिएको अवस्थामा निवेदकको व्यवसाय मदिराजन्य व्यवसाय रहेको देखिएको, निजको सो व्यवसाय नेपाल राष्ट्र बैंकबाट "क", "ख" "ग" वर्गका इजाजतप्राप्त संस्थाहरूलाई जारी भएको एकीकृत निर्देशिका, २०७८ बमोजिम न्यून प्रभावित क्षेत्रमा पर्ने व्यवसाय भनी सो निर्देशन नं.२ को ४७ (इ)(१०) मा उल्लेख गरेको देखिएको भनी नेपाल बैंक लिमिटेडसमेतको लिखित जवाफमा उल्लेख भएको अवस्था एकातिर रहेको पाइन्छ भने अर्कोतिर निवेदकले ऋणदाता नेपाल बैंक लिमिटेडबाट मिति २०७६।१०।१२ समेतबाट साँवा ब्याज भुक्तानी गर्न आउनु भनी जारी भएको सूचनालाई बेवास्ता गरेको पाइने।

निवेदकलाई विभिन्न मिति २०७६।१०।१२, २०७७।०८।१४ र २०७८।०७।०१ मा सूचना जारी भएपश्चात् पनि निज ऋणी निवेदकले ऋणदातासँग समन्वय गरेको अवस्था मिसिल संलग्न कागजबाट देखिन आउँदैन । ऋणदाता विपक्षी नेपाल बैंक लिमिटेडले निकै समयपश्चात् मिति २०७९।०१।०८ गते धितोमा रहेको घर जग्गा लिलाम गर्ने सूचना प्रकाशित भएपश्चात् निज निवेदक यस अदालतमा निवेदन लिई दर्ता गर्न आएको अवस्था देखिने।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निवेदकलाई बैंकले पटकपटक पत्राचारमार्फत ऋण चुक्ता गर्नेतर्फ अग्रसरता नदेखाएकोले बैंकले ऋण असुलीको प्रक्रिया प्रारम्भ गरेको पाइने।

अतः निवेदकले आफूले बैंकसँग लिएको ऋण रकम चुक्ता गर्नेतर्फ अग्रसरता नदेखाएको, कर्जा रकम बुझाएको पनि नदेखिएको अवस्थामा बैंकले आफ्नो ऋण लगानी गर्ने अवस्थामा निवेदकले जेथा जमानीबापत दिएको घर जग्गा लिलाम गरी ऋण असुली प्रक्रियाको लागि मिति २०७९/०१।०८ मा ३५ दिने सूचना प्रकाशित भएको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी लिलामी प्रक्रिया रोक्नुपर्नेसम्मको अवस्था विद्यमानता नदेखिँदा निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्द्रबहादुर कठायत, भेषराज भट्टराई
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७९ साल भदौ १२ गते रोज १ शुभम्।

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WO-१४४६, उत्प्रेषण / परमादेशसमेत, जिवचन्द्र उप्रेती वि. ललितपुर जिल्ला, लगनखेल साझा भवनमा कार्यालय रहेको गतिशील बचत तथा ऋण सहकारी संस्था लि.समेत*

निवेदकले ललितपुर जिल्ला अदालतमा हरहिसाब मुद्दा दायर गरी कारबाहीयुक्त अवस्थामा रहेको देखिएको र सो मुद्दाबाट दुवै पक्षहरूले आ-आफ्नो सबुद प्रमाण पेस गरी मूल्याङ्कन हुने र आ-आफ्नो कुराहरू अभिव्यक्त गर्ने अवस्था रहेकै देखिन्छ। विपक्षी सहकारी संस्था लिमिटेडले पनि निवेदकले तर्नुपर्ने ऋण रकम तिर्छु भनी प्रतिवद्धता गरेमा पनि लिलाम भई सहकारीको नाउँमा रहेको धितो निजैलाई फिर्ता दिने कुनै अपचलन नगर्ने भन्ने आशयको लिखित जवाफ पेस गरेको अवस्था देखिन्छ। सहकारी ऐनबमोजिम सहकारीले जेथा आफ्नो नाममा नामसारी गरी राखेको भए पनि अरू कुनै बेहोराले सो धितो रहेको सम्पत्ति निवेदकको अहितमा प्रयोग नगर्ने भनी लिखित जवाफमा उल्लेख गरेको।

तसर्थ, निवेदकले यसै कर्जा ऋणको हिसाब किताबको विषयसँग सम्बन्धित कर्जा ऋणको हरहिसाब गराइपाउँ भनी सुरु ललितपुर जिल्ला अदालतमा मुद्दा दायर गरी हाल विचाराधीन रहेको सोही मुद्दाबाट आवश्यक कानूनी कारबाही हुने अवस्था रहेको र मातहत अदालतमा विचाराधिन रहेको विषयवस्तुमा असर पर्ने गरी रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्नु मनासिब हुँदैन । साथै प्रत्यर्थी सहकारीको लिखित जवाफमा उल्लिखित उक्त बेहोराको परिप्रेक्ष्यमा निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गरिरहनुपर्ने अवस्थाको

विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।
इजलास अधिकृतः- भेषराज भट्टराई
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७९ साल भदौ १२ गते रोज १ शुभम्।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-WO-०६९४, परमादेश, रामभक्त थापा वि. गृह मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदकउपर जुन अभियोग लगाई ठगी मुद्दा दायर भएको थियो सो आरोपमा पुनरावेदन अदालत पाटनबाट सफाइ पाइसकेको र यस अदालतबाट पनि मिलापत्र भई सो मुद्दाको जरिया नै समाप्त भई निवेदकले सफाइ पाइसकेको देखिन आयो । विपक्षी प्रहरी कार्यालयहरूबाट प्राप्त लिखित जवाफमा निवेदकको निलम्बन फुकुवा गर्न मिल्दैन भन्ने कुनै कानूनी आधार उल्लेख गरेको छैन । निवेदकले आफूउपरको मुद्दामा जिल्ला अदालतबाट ठहर भएको कैद र जरिवाना पुनरावेदन अदालतबाट उल्टी भई सफाइ पाएकोले निलम्बन फुकुवा गर्न दिएको निवेदनमा आवश्यक कार्यार्थ सम्बन्धित कार्यालयमा लेखी पठाइएको र पुनरावेदन अदालतबाट भएको फैसलाको पूर्णपाठ उपलब्ध गराउन पत्राचार गरेकोमा हालसम्म प्राप्त नभएको भन्ने बेहोरा प्रहरी प्रधान कार्यालयको लिखित जवाफमा उल्लेख भएको पाइन्छ। यसरी निवेदकले अदालतबाट कसुरमा सफाइ पाएपछि निलम्बन फुकुवा गरी हाजिर गराइपाउँ भनी प्रहरी प्रधान कार्यालयमा निवेदन दिएको र सो निवेदन कार्यार्थ सम्बन्धित कार्यालयमा लेखी पठाएको भन्ने पनि लिखित जवाफबाट देखिन आएको छ। निवेदकले निलम्बन फुकुवा गरिपाउँ भनी निवेदन दिए पनि प्रत्यर्थीहरूले अदालतको फैसला हेरी, बुझी कानून अनुसार निलम्बन फुकुवा गर्नेतर्फ कुनै कारबाही गरेको नपाइने।

फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको अवधिभर स्वतः निलम्बन हुने कानूनी व्यवस्था रहेको छ। के-कस्तो अवस्थामा प्रहरी कर्मचारी निलम्बन हुने सन्दर्भमा प्रहरी नियमावली, २०७१ को नियम ११५ मा २ वटा अवस्था उल्लेख छ। पदीय अनुशासन उल्लङ्घन गरेबापत हुने निलम्बन र पदीय सिलसिलामा नभई अन्य बाहिरी व्यावहारिक सिलसिलामा कुनै फौजदारी अभियोगमा गिरफ्तार भएमा हुने निलम्बन । निलम्बित प्रहरी कर्मचारीउपर फौजदारी अभियोग प्रमाणित नभई सफाइ पाएमा पूरै तलब भत्ता पाउने र कसुर ठहर भएमा निलम्बन भएको मितिदेखि बाँकी तलब नपाउने कानूनी व्यवस्था रहेको छ । प्रहरी नियमावलीले स्पष्ट रूपमा प्रहरी कर्मचारी निलम्बन रहेकोमा अदालतबाट सो कसुर प्रमाणित नभई सफाइ पाएको अवस्थामा पूरै तलब भत्ता दिनुपर्ने हुन्छ । तलब भत्ता प्राप्त गर्ने हुँदा त्यस्तो प्रहरी कर्मचारीको सेवा निरन्तर रहेको मान्नुपर्ने हुन्छ । तर अभियोग लागी गिरफ्तार वा थुनामा रहे पनि सो अवधिभर निलम्बन रहनेसम्म देखियो । सफाइ पाएपछि त्यस्तो निलम्बनले निरन्तरता पाउन सक्दैन। सफाइ पाएमा पूरा तलब र तलब वृद्धि भएको भए सोसमेत ऐनबमोजिम प्रहरी कर्मचारीले पाउने हुन्छ । प्रहरी कर्मचारीलाई फौजदारी अभियोग दायर भए पनि वा थुनामा रहेकै भए पनि कसुर ठहर नहुने गरी अदालतबाट फैसला भएकोमा सोही अनुसार निलम्बन फुकुवा गरी तलब भत्ता (वृद्धि तलब) समेत दिनुपर्ने कानूनी कर्तव्य प्रत्यर्थीहरूको हुने।

प्रस्तुत विवादमा निवेदक प्रहरी कर्मचारी निलम्बन भएको अवस्था मात्र विद्यमान हुँदा विभागीय कारबाही भएसरह व्यवहार गरिनु न्यायसङगत देखिन आउँदैन। निजलाई जुन आरोपका आधारमा निलम्बन गरिएको हो सो मुद्दाबाट सफाइ पाउनुका साथै मुद्दा दायर गर्ने निकाय महान्यायाधिवक्ताको कार्यालयको सहमतिबाट जाहेरवालासँग मिलापत्र भई विवादको अन्त्य भएको देखिन आएको छ। निवेदकलाई जुन आधार र कारणबाट निलम्बन राख्ने गरी मिति २०६८।०२।२७ मा महानगरीय प्रहरी परिसर काठमाडौंबाट पत्राचार गरिएको थियो, सो विषयमा हाल निजले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भइसकेको हुँदा प्रहरी नियमावलीको मनसाय र भावनाअनुसार निवेदकको निलम्बन स्वतः फुकुवा हुने देखिने।

तसर्थ, निवेदकलाई निलम्बन गरेको सम्मको अवस्था हुँदा उल्लिखित प्रहरी नियमावली, २०७१ को नियम ११५ (८)(क) बमोजिम निवेदक रामभक्त थापाको निलम्बन फुकुवा गरी हाजिर गराई, कानूनबमोजिम कर्तव्य पूरा गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः- शिवहरि पौड्याल

कम्प्युटरः- राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ १९ गते रोज १ शुभम्।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-RB-०१५८, ०७३-RB-०१४३, आयकर, सुयोग श्रेष्ठ वि. ठुला करदाता कार्यालय, ललितपुर, ठुला करदाता कार्यालय, ललितपुर वि. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणचौरस्थित एस डेभलपमेन्ट बैंक लि.*

आन्तरिक राजस्व विभागबाट मिति २०६४।११।३ मा जारी भएको परिपत्र अनुसार ATM Machine / Generator लाई समूह घ, मा राखी १५ प्रतिशतले हुने रकम ह्रास खर्च दाबी गर्नुपर्नेमा समूह ख मा राखी २५ प्रतिशतले हुने ह्रास खर्च दाबी गरेकाले बढी दाबी गरेको उक्त ह्रास खर्च रकम आयकर ऐन, २०५८ को दफा १९(१) बमोजिम खर्च दाबी गर्न नमिल्ने भनी सुरू ठुला करदाता कार्यालयबाट निर्णय भएको पाइन्छ। आयकर ऐन, २०५८ को अनुसूची-२ को दफा १ मा ह्रास योग्य सम्पत्तिको वर्गीकरण र समूहीकरण शीर्षक भएको मा सो सम्पत्तिको विवरणमा "ख" वर्गमा "कम्प्युटर, तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरू" भनी र वर्ग "घ" मा "निर्माण तथा उत्खननसम्बन्धी उपकरणहरू र दफा १७ को उपदफा (३) दफा १८ को उपदफा (३) र यस अनुसूचीको उपदफा (३) समेत अन्य कुनै समावेश नभएका ह्रासयोग्य सम्पत्तिहरू" भन्ने उल्लेख भएको पाइन्छ। अब करदाता एस डेभलपमेन्ट बैंकले दाबी गरेको ATM लगायतका उपकरणहरूको ह्रास खर्च उल्लिखित "ख" वर्गमा पर्ने वा "घ" वर्गमा पर्ने के हो भन्ने सम्बन्धमा हेर्दा करदाता एस डेभलपमेन्ट बैंकले प्रतिष्पर्धात्मक तरिकाबाट आफ्ना सेवाग्राहीलाई लाभ दिन सक्नुपर्ने वर्तमान समयमा सेवाग्राहीलाई सुविधा दिने ATM Machine समेतबाट बैंकको व्यावसायिक कारोबारमासमेत वृद्धि हुने स्थिति रहेको पाइने।

करदाता बैंकले दाबी गरेको ATM Machine र Generator आदि सामानहरू उक्त ह्रास सम्पत्तिको समूह ख को कार्यालय उपकरण भएको कुरामा विवाद देखिँदैन । कार्यालयको काम सँग प्रत्यक्ष सम्बन्धित वस्तुहरू कार्यालय उपकरणको वर्ग ख मा नपरी समूह घ अन्तर्गतको निर्माण तथा उत्खननसँग सम्बन्धित हो भनी व्याख्या र परिभाषा गरिनु विवेकसम्मत र तर्कपूर्ण देखिन आउँदैन। यस्तो अवस्था ATM मेसिन र Generator लगायतका सामानहरू आयकर ऐन, २०५८ को दफा १९ बमोजिम सोही ऐनको अनुसूची-२ को दफा १ को सम्पत्तिको वर्गीकरणको वर्ग ख मा रहेको देखिँदा करदाताले सो सम्पत्तिको ह्रास कट्टीबापतको रकमलाई खुद आयबाट मिन्हा दिने गरी भएको राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सदर हुने।

राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७०।६।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७९ भदौ १३ गते रोज २ शुभम्।

- यसै लगाउका ०७५-RB-०१५९, आयकर, सुयोग श्रेष्ठ वि. ठुला करदाता कार्यालय, ललितपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**१५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-WO-११०४, उत्प्रेषणसमेत, दिपक विक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

प्रस्तुत निवेदन मिति २०७६।०१।२० मा दर्ता भएको देखिन्छ । निःशुल्क शिक्षा प्रदानसम्बन्धी

व्यवस्था शिक्षा ऐन, २०२८ को दफा १६(घ) मा मिति २०७३।०३।१५ मा आठौँ संशोधनबाट थप गरिएको पाइन्छ । साथै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ मिति २०७५।०६।०२ मा प्रारम्भ भएको पाइन्छ । निःशुल्क शिक्षासम्बन्धी संवैधानिक हकको कार्यान्वयनको लागि नेपाल सरकारबाट ऐन निर्माण गरी कार्यान्वयनतर्फ लगिएको पाइयो । निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने विद्यालयले शुल्क उठाउन, लिन पूर्णरूपमा बन्देज लगाइसकेको स्थितिमा सोको बर्खिलाप कुनै विद्यालयले शुल्क लिएमा सोतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गर्न निवेदकले चासो र सरोकार राख्न सक्ने नै हुन्छ । नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचीमा राखेको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले गाउँपालिका तथा नगरपालिकालाई निःशुल्क शिक्षाको व्यवस्थापन गर्ने सम्बन्धमा अधिकार र जिम्मेवारी पनि प्रदान गरेको पाइन्छ । यस प्रकार निःशुल्क शिक्षासम्बन्धी संवैधानिक हकलाई संविधानसम्मत कार्यान्वयन गर्ने कार्य नेपाल सरकारबाट भइरहेको भन्ने उक्त कानूनी आधारहरूबाट छर्लङ्ग हुने ।

रिट निवेदकले शिक्षासम्बन्धी संविधान प्रदत्त हकको कार्यान्वयनको माग गरेकोमा नेपालको संविधानको धारा ४७ ले मौलिक हक कार्यान्वयनको लागि आवश्यकता अनुसार राज्यले कानून बनाउनुपर्ने व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्था अनुसार धारा ३१ द्वारा प्रदत्त शिक्षासम्बन्धी हक प्रदान गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भइसकेको पाइयो । उक्त ऐन तथा शिक्षा ऐन, २०२८ को दफा १६(घ) मा समेत राज्यले आधारभूत शिक्षा निःशुल्क दिनेसम्बन्धी स्पष्ट व्यवस्था गरेको पाइयो । राज्यले अनुदान र बजेट छुट्याई शिक्षण संस्थाहरू स्थापित गर्ने र सो शैक्षिक संस्थामा संविधानबमोजिम राज्यले अनिवार्य र निःशुल्क शिक्षा प्रदान सम्बन्धमा कानूनी व्यवस्था गरेको पाइयो । साथै उक्त ऐनहरूमा यदि राज्यद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले कुनै बहानामा अतिरिक्त शुल्क लिएमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ३२ ले त्यस्ता विद्यालयलाई दण्डित गर्ने कानूनी व्यवस्थासमेत गरेको देखिन्छ । निःशुल्क शिक्षासम्बन्धी अधिकारमा अवरोध गर्ने शैक्षिक संस्थालाई कारबाही र सजाय हुने व्यवस्था विद्यमान रहेको र उक्त ऐन अनुसार विद्यालयले अतिरिक्त शुल्क लिएको वस्तुगत प्रमाण र विद्यालयको नामसम्म पनि निवेदकले उल्लेख गर्न सकेको देखिँदैन । निवेदकले यो यो सामुदायिक विद्यालयले शुल्क लिएको भनी कुनै सबुद प्रमाण पेस गरेको छैन । प्रस्तुत रिट मिति २०७६।०१।२० मा दर्ता भएको र निवेदकले निवेदनमा दाबी लिएको संविधान कार्यान्वयनको विषयलाई अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मिति २०७५।०६।०२ मा जारी भई सम्बोधन गरिसकेको हुँदा निवेदन दाबी अनुसारको कार्य सरकारका तर्फबाट क्रमिक रूपमा भइरहेको देखिने ।

नागरिकको शिक्षा प्राप्त गर्ने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु भइसकेको, शिक्षा ऐन, २०२८ संविधानबमोजिम संशोधनको प्रक्रियामा रहेको र ऐनबमोजिम नियमावली तर्जुमाको क्रममा रहेको देखिएको तथा संवैधानिक व्यवस्था कार्यान्वयनतर्फ पन्ध्रौं पञ्चवर्षीय योजनाले कार्यनीति तयार गरी संवेदनशील भई अग्रसरता लिइरहेको परिप्रेक्ष्यमा निवेदन मागबमोजिम उत्प्रेषण, परमादेशसमेतका आदेश जारी गरिरहनुपर्ने अवस्थाको अपरिहार्यता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल चैत्र ६ गते रोज १ शुभम् ।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CR-०५४५, ०७३-CR-०६८३, लागु औषध (डाइजेपाम), सागर गुरूङ वि. नेपाल सरकार, नेपाल सरकार वि. महेन्द्र मगरसमेत*

प्रतिवादीहरूको साथबाट बरामद लागु औषधको परिमाण अत्यन्त न्यून देखिएको, निजहरूको घरकोठाबाट लागु औषधसँग बिक्रीवितरण कारोबारसँग सम्बन्धित अन्य कुनै चिजवस्तु बरामद हुन नसकेको, बरामद लागु औषध निजहरूले कोही कसैलाई बिक्रीवितरण गर्न भनी लैजाँदै गर्दाको अवस्थामा बरामद भएको नदेखिएको, प्रतिवेदकले समेत बरामद लागु औषध बिक्रीबितरणका लागि लैजाँदै गर्दा पक्राउ परेको भनी भन्न नसकेको, निजहरू लागु औषधका दुर्व्यसनी हुन् भन्ने तथ्य निजहरूकै साक्षीको बकपत्रद्वारा पुष्टि भएको अवस्थासमेतबाट निजहरूलाई लागु औषध सेवनतर्फ कसुर ठहर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।५।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी सागर गुरूङले चलाएको ग १० प ४८१३ नं. को मोटरसाइकलको पछाडि बसेका प्रतिवादी महेन्द्र थापा मगरले बोकेको झोलाबाट लागु औषध बरामद भएको भन्ने तथ्यमा विवाद रहेको देखिँदैन । उक्त मोटरसाइकल प्रतिवादी सागर गुरूङको रहेको भन्ने तथ्यमा पनि विवाद रहेको देखिँदैन । निज प्रतिवादीले उक्त मोटरसाइकल आफैँले चलाई लागु औषध खरिद गर्न लगेको र सोही मोटरसाइकलमा बसेर आउँदै गर्दा लागु औषधसहित पक्राउ परेको देखिन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ले "यस ऐनअन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागु औषध तथा त्यस्तो लागु औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरू जफत हुने छन् र त्यस्तो लागु औषध राखी ओसार पसार गर्न प्रयोग गरिएका रेल तथा हवाइजहाजबाहेक जुनसुकै सवारीसमेत जफत हुने छ" भनी उल्लेख गरेको पाइन्छ। यो कानूनी व्यवस्थाको रोहमा विचार गर्दा निज प्रतिवादी नामको मोटरसाइकल जफत हुने ठहराएको फैसलालाई पनि नमिलेको मान्न नमिल्ने।

प्रतिवादी सागर गुरूङको मोटरसाइकल जफत हुने ठहराएको सुरू चितवन जिल्ला अदालतको फैसलालाई सदर हुने ठहराएको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला पनि नमिलेको देखिन आएन । तत्कालीन पुनरावेदन अदालतको मिति २०७३।५।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- श्यामहरि अधिकारी

इति संवत् २०७९ साल आषाढ २८ गते रोज ३ शुभम्।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७०-CI-०३६८, लिलाम बदर, भिवोर विकास बैंक लि, त्रिपुरेश्वर, काठमाडौंको तर्फबाट बैंक वि. जमान सिं डिम्डुङ्गसमेत*

संलग्न मिसिल हेर्दा ऋणीलाई साझा कुरियरमार्फत पठाएको पत्रको खामबन्दीमा खोजविन गर्दा पत्ता नलागेको भन्ने उल्लेख भएको देखिएको छ । यस्तै मिति २०५७।८।२९ मा कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित लिलामसम्बन्धी सूचनामा कमान सिं डिम्डुङ्गले राखेको धितो कि.नं. ३९०० को जग्गा र सो जग्गामा रहेको घरसमेत लिलाम हुने मिति २०५७।९।१७ र लिलाम हुने स्थान भाजुरत्न इन्जिनियरिङ एण्ड सेल्स प्रा.लि. शाखा कार्यालय, हेटौंडामा हुने भनी उल्लेख भएको पत्रिकाप्रति संलग्न गरी भाजुरत्न फाइनान्सको तर्फबाट ऋणी कमान सिं डिम्डुङ्गलाई पठाएको भन्ने देखिए तापनि निजले बुझे वा नबुझेको भन्ने खुल्न आउँदैन । यसै अवस्थामा मिति २०५७।९।१७ मा पुनरावेदक कम्पनीले धितोमा राखेको ऋणीको नाममा रहेको कि.नं. ३९०० को घरजग्गा लिलाम बढाबढमा कसैले पनि भाग नलिएको भन्ने निर्णय गरेको देखिन्छ । यसै क्रममा मिति २०५७।९।२५ र मिति २०५७।१०।२७ मा ऋणीले समयसमयमा ब्याज तिरेको तर व्यक्तिगत समस्याको कारण समयमा तिर्न नसकेको तथा त्यसको लागि समय पाउन एवम् निजको नाममा त्यही मात्र सम्पत्ति भएकाले कम्पनीको नाममा स्वामित्व गएको अवस्थामा पनि सो सकार्न तयार रहेको भन्नेसमेत बेहोराको पत्र यी ऋणी कमान सिंले कम्पनीलाई पठाएको देखिएको छ । ऋणीले कम्पनीलाई पठाएको यी पत्रहरूका सम्बन्धमा कुनै कारबाही गरेको वा सोको जवाफ पठाएको खुल्न आएको देखिँदैन । पुनरावेदक

भाजुरत्न फाइनान्स कम्पनीले साबिक वित्त कम्पनी ऐन, २०४२ को दफा ४८ बमोजिम लिलाम सकार गरेको भनी जिकिर लिएको देखखिने। यो व्यवस्थालाई हेर्दा ऋणीले कर्जा लिएको रकम दुरूपयोग गरेमा वा लिखतको भाखाभित्र कम्पनीको कर्जा चुक्ता नगरेमा लिलाम प्रक्रियामा समेत जान सकिने र आफ्नो साँवा ब्याज असुल गर्न सकिने भन्ने कुरामा विवाद रहेको देखिँदैन । तर सोही व्यवस्थामा लिलाम गर्न सकिने एउटा पूर्वसर्तको रूपमा लिखतको भाखाभित्र कर्जा चुक्ता नगरेको हुनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा ऋणीले कर्जा लिएको रकमको दुरूपयोग गरेको भन्ने आधारमा लिलाम भएको स्थिति देखिँदैन। कर्जा चुक्ता गर्ने भाखा मिति २०५८।१।९ सम्म रहेकोमा सो भाखा मितिभन्दा अगावै लिलाम प्रक्रियामा गएको देखिन्छ। सो भाखाभित्र कुनै रकम नै नबुझाएको स्थिति पनि नदेखिने।

अतः वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको मकवानपुर जिल्ला अदालतको मिति २०६७।१२।२२ को फैसलालाई उल्टी गरी भाजुरत्न फाइनान्स कम्पनीले लिलाम भएको सम्पत्तिको मूल्याङ्कनभन्दा ज्यादै न्यून लेना रकममा लिलाम भएको देखिई लिलाम प्रक्रिया रीतपूर्वक भएको अवस्थासमेत देखिन नआएको भन्नेसमेतको आधारमा मिति २०५७।९।१७ मा भएको धितो लिलाम मुचुल्का बदर हुने ठहराई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवबहादुर थापा

इति संवत् २०७९ साल असार १४ गते रोज ३ शुभम्।

## १८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०२४९, अंश नामसारी, शिवदयाल कहारसमेत वि. महेश कहारसमेत*

पुनरावेदकहरूले आफ्नो पुनरावेदनमा वादी महेश कहारको DNA परीक्षण नगरीकन फैसला गरिएको भन्ने विषयलाई पनि प्राथमिकताका साथ उठाएको पाइन्छ । वर्तमान विश्वमा DNA परीक्षण आनुवंशिक परीक्षण (Genetics Testing) को सबैभन्दा वैज्ञानिक परीक्षण भएको तथ्यमा दुईमत छैन। तथापि कुनै पक्षले DNA को माग गर्नेबित्तिकै DNA परीक्षण गर्नैपर्ने भन्ने हुँदैन। यसका केही सीमितताहरू हुन्छन् । यो नितान्त वैयक्तिक परीक्षणजस्तो देखिए तापनि यो विषयसँग विभिन्न सामाजिक पक्षहरू जोडिएका हुन्छन्। यसले समाजमा पार्न सक्ने असरलाई विश्लेषण नगरीकन माग गर्नेबित्तिकै DNA परीक्षण गर्दै जाने हो भने यसमा व्यक्तिको सामाजिक एवं पारिवारिक जीवनमा गम्भीर असर गर्न सक्ने तथ्यलाई नजरअन्दाज गर्न सकिँदैन। मिसिल संलग्न प्रमाण कागजातहरूबाटै विवादित विषयको निरूपण हुने देखिएमा वा वादी प्रतिवादीबिच नाता पुष्टि हुने खालका प्रमाण पेस भई सो प्रमाण अन्यथा प्रमाणित नभएको स्थितिमा पनि DNA परीक्षण गर्नैपर्ने बाध्यता नरहने।

पुनरावेदकहरूले DNA परीक्षण नगरी गरिएको फैसलालाई ने.का.प. २०६६, अङ्क ११, नि.नं.८२७२ मा प्रतिपादित सिद्धान्तविपरीत भनी पुनरावेदन जिकिर लिएको सन्दर्भमा हेर्दा सो नजिर सिद्धान्तमा नाता कायम सम्बन्धमा मिसिल संलग्न कागज प्रमाणहरूबाट निष्कर्षमा पुग्न नसकिने स्थिति भएमा DNA परीक्षण गर्नुपर्ने भन्ने उल्लेख भएको देखिन्छ। निश्चय पनि कुनै पनि मुद्दामा नातामा विवाद उठ्यो र मिसिल संलग्न कागजबाट त्यो विवादको निराकरण हुन सक्ने स्थिति देखिएन भने आनुवंशिक गुण पत्ता लगाउने विधिमा हालसम्म विश्वसनीय मानिएको DNA परीक्षणलाई अपनाउनुपर्ने बाध्यता रहन सक्छ । तर उक्त नि.नं. ८२७२ को सिद्धान्त प्रतिपादन भइसकेपछि यसै अदालतबाट माथि उल्लिखित नि.नं.९७२४ को नजिर सिद्धान्त प्रतिपादित भइसकेको र पुनरावेदकहरूले उठाएको विषय सोही नजिर सिद्धान्तबाटै सम्बोधन भइसकेको देखिँदा सो सिद्धान्तबाट थप विवेचना गर्नुपर्ने देखिँदैन। सो नजिरको अभिप्राय DNA परीक्षणको माग उठ्ने बित्तिकै DNA परीक्षणको लागि आदेश गर्नुपर्ने भन्ने

देखिँदैन । अतः प्रस्तुत मुद्दामा उक्त नजिर सान्दर्भिक नहुने।

अंशियार नाताभित्रको नरहेको भन्ने आधारमा वादीहरूलाई प्रतिवादीहरूले अंश दिनु नपर्ने भनी जिकिर लिएकोमा अंशियार नातालाई इन्कार गरेदेखि बाहेक वादीहरूले प्रतिवादीहरूबाट अंश पाइसकेको भन्ने भनाइ प्रतिवादीहरूको रहेको पाइँदैन । अंश नदिनु पर्ने अन्य कुनै कारण पनि प्रतिवादीहरूले उल्लेख गर्न सकेको देखिँदैन । यो स्थितिमा वादीहरूले आफ्नो पति पिताको भागको अंश पाउनुपर्ने नै देखिँदा वादी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित कूल सम्पत्तिलाई मूल अंशियारहरू २ जनाका बिचमा २ भाग लगाई शिवदयाल कहारको भागमा पर्न आउने १ भागलाई पुनः ४ भाग लगाई सोबाट स्व. त्रिलोकी कहारको हुने १ भाग अंशहकको सम्पत्ति यी वादीहरूले अंशबापत प्रतिवादीहरूबाट छुट्याइलिन पाउने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७२/०१/२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- वसन्त प्रसाद मैनाली/ईश्वरी प्रसाद सुवेदी

इति संवत् २०७९ साल असोज २ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- *०७४-CI-०२४८, अंश भरपाई लिखत बदर, शिवदयाल कहारसमेत वि. महेश कहारसमेत*
- ०७४-CI-०२५०, *लिखत दर्ता बदर नामसारी, चन्द्रिका अहिरसमेत वि. महेश कहारसमेत*

**१९**

**मा.न्या.श्री बिश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०६३३, हक कायम नामसारी दर्तासमेत, कृष्णप्रसाद घिमिरे वि. सूर्यमान शाक्यसमेत*

विवादित जग्गाका सम्बन्धमा पुनरावेदक प्रतिवादी कृष्णप्रसाद घिमिरे र प्रत्यर्थी वादी सुर्यमाया शाक्यका बिच आ-आफ्नो नाममा हक कायम गरी जग्गाधनी पुर्जा पाउँ भन्ने दाबी रहेको सन्दर्भमा तेरो मेरो विवाद परेको देखिएको र सो सम्बन्धमा नापी कार्यालय काठमाडौंले पक्षहरूलाई ३५ दिनभित्र काठमाडौं जिल्ला अदालतमा उजुरी गर्न जानु भनी निर्णय गरी सोको जानकारी पक्षहरूलाई मिति २०७१/०५/०३ मा च.नं. ३६ को पत्रमार्फत दिएकोमा यी पुनरावेदक प्रतिवादी फिराद लिई गएको अवस्थासमेत देखिँदैन । त्यस्तै मालपोत कार्यालय काठमाडौंको मिति २०६७/१२/१ को च.नं. २४८ को पत्रमा तेजमुनी शाक्यको वारिस उद्दब कार्कीले काठमाडौं जिल्ला गोलढुङ्गा गा.वि.स वडा नं. ७(ख) कि नं. १२६ को जग्गा क्षेत्रफल १-१-०-० जग्गा मौजा बालाजु हा.नं. ६८ को मुडिषु खला रोपनी २ मध्येबाट भिडाई दर्ता हुने भनी माग गरेको र उक्त लगतबाट उल्लिखित जग्गा भिडी दर्ता हुने भन्ने उल्लेख भएको छ । यो स्थितिमा मैले कमाइआएको काठमाडौं जिल्ला गोलढुङ्गा गाविस वडा नं. ७(ख) कि नं. १२६ को जग्गा क्षे. १-१-०-० वादीहरूले देखाएको मौजा बालाजु हा.नं. ६८ को मुडिषु २S बाट भिडी दर्ता हुने रैकर परिणत भएको जग्गा होइन भनी लिएको जिकिर पनि खण्डित हुन आएको देखिने।

यसप्रकार विवादित जग्गाको क्षेत्रीय दर्ता किताब (फिल्डबुक) मा पुनरावेदकको नाम मोहीको रूपमा जनिएको देखिएको, फिल्डबुकको सो बेहोरा निज कृष्णप्रसाद स्वयमले लेखाएको देखिएको, सो तथ्यलाई पुनरावेदक प्रतिवादीले अन्यथा भनी प्रमाणित गर्न सकेको नदेखिएको, बिर्ता जग्गा भनी लिएको जिकिर पनि पुनरावेदकले प्रमाणित गर्न सकेको नदेखिएको, निज प्रतिवादी स्वयम्ले फिल्डबुकमा लेखाएको बेहोराबाट तेजमुनी शाक्य निज प्रतिवादीबाट कुत बुझी पाउने जग्गावाला देखिएको तथा यी वादीहरू निज तेजमुनी शाक्यकै पत्नी तथा छोरा छोरीहरू रहेको देखिएकोसमेतका प्रमाणहरूको रोहमा विचार गर्दा मोही हक यथावत् कायम रहने गरी विवादित जग्गामा

वादीहरूको हक कायम भई निजहरूका नाममा नामसारी दर्तासमेत हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०७२।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- श्यामहरि अधिकारी

इति संवत् २०७९ साल आषाढ १४ गते रोज ३ शुभम्।

## इजलास नं. ३

### २०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७८-WH-०२२६, ०७८-WH-०२३२,* बन्दीप्रत्यक्षीकरण, *सन्तोष नराल वि. उच्च अदालत पाटनसमेत, विनिता श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

तत्काल प्राप्त प्रमाणहरूबाट आफू निर्दोष रहेको, बढी गडाउ प्रमाण भएका अन्य प्रतिवादीहरूको हकमा धरौट माग्ने आदेश भएको, निवेदकहरूउपर असमान व्यवहार भएको भन्नेसमेत निवेदकहरूको जिकिर रहेको देखिन्छ। निवेदकहरूउपर दायर भएको उक्त ठगी मुद्दामा वादी पक्षले लिएको अभियोग दाबीबमोजिमको कसुर ठहर भएमा निवेदकहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम "सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना" सजाय हुन सक्ने देखिन्छ। थुनछेक आदेश गर्दा काठमाडौं जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) र ऐ. को उपदफा (२) को खण्ड (क) बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने भन्ने आदेश भएको रहेछ। मुद्दामा एक तह पुनरावेदन सुन्ने अदालतमा निवेदन दिएको र उच्च अदालतबाट सुरू आदेश सदर भएकोसमेत पाइयो। यसरी हेर्दा साधिकार अदालतको आदेशले मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको देखिँदा यसलाई गैरकानूनी थुना भनी मान्न र निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

रिट निवेदकहरूले समानस्तरका प्रतिवादीहरूबिच असमान व्यवहार भएको र प्रमाणको उचित मूल्याङ्कन नगरिएको भन्ने केही महत्त्वपूर्ण प्रश्नहरू उठाएको देखिन्छ। इजलाससमक्ष पेस हुन आएको सुरू सक्कल मिसिल अवलोकन गरी हेर्दा समान अवस्थाका वा मुद्दामा पेस भएको प्रमाणको दृष्टिले तुलनात्मकरूपमा संलग्नताको अवस्था बढी देखिएको अवस्थाका अभियुक्तहरूबाट धरौट, जमानत लिने गरी आदेश भएको देखियो। सुरू जिल्ला अदालतबाट फरक-फरक मितिमा फरक-फरक प्रतिवादीका सम्बन्धमा भएका आदेशहरूको बेहोराबाट फरक प्रकारको मापदण्ड अपनाइएको प्रतीत हुन्छ। प्रतिवादीहरूउपर न्यायिक व्यवहारमासमानताकोव्यवहारसुनिश्चितगरिनुआवश्यक हुन्छ। वैयक्तिक स्वतन्त्रतासँग सम्बन्धित विषय भएकाले यस प्रकारको प्रश्नहरूको युक्तियुक्त र तार्किक रूपमा निरूपण गरिनु पनि वाञ्छनीय हुन्छ। तसर्थ, सम्भावित गम्भीर अन्याय हुन जाने कुरालाई दृष्टिगत गरी निवेदकहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने सम्बन्धमा भएको आदेशउपर पुनर्विचार गर्नु न्यायका लागि आवश्यक देखियो। अतः रिट निवेदकहरू सन्तोष नरालका सम्बन्धमा भएको मिति २०७८/१२/१ को सुरू थुनछेक आदेश र चन्द्रभक्त श्रेष्ठका सम्बन्धमा मिति २०७८/११/१२ मा भएको सुरू थुनछेक आदेश तथा उच्च अदालत पाटनबाट मिति २०७९/१/२२ मा भएको आदेशसमेत उल्लिखित दुईजनाको हकमासम्म उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब उल्लिखित रिट निवेदकहरू दुईजनाको हकमा ७ (सात) दिनभित्र कानूनको आवश्यक प्रक्रिया पूरा गरी, प्रमाणको उचित मूल्याङ्कन गरी, अन्य प्रतिवादीहरूका सम्बन्धमा अपनाइएको दृष्टिकोणतर्फसमेत विचार गरी पुनः कानूनबमोजिम थुनछेकको आदेश गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः प्रदीपकुमार उपाध्याय

कम्प्युटर: विजय खड्का

इति संवत् २०७९ साल असार ७ गते रोज ३ शुभम्।

**२१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७१-CR-०६११, यातना क्षतिपूर्ति, मारिया भिक्टोरिया सुविराना रोद्रिगेज नामकी विक्की शेर्पा वि. बीरबहादुर बुढामगरसमेत*

यातना दिइएको कार्य स्थापित हुन कुनै व्यक्तिलाई अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा थुनामा राखिएको अवस्थामा शारीरिक वा मानसिक यातना दिएको वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिएको देखिनुपर्ने प्रस्तुत मुद्दामा वादीले त्यस प्रकारको अवस्था पुष्टि हुने विश्वसनीय प्रमाण गुजार्न सकेको देखिँदैन। भिड नियन्त्रणका क्रममा प्रहरीसँग भएको सामान्य झडप र त्यस क्रममा भएको सामान्य घा खतलाई यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को प्रयोजनका लागि यातनाको परिभाषाभित्र समेटिएको सम्झन मिल्ने नदेखिने । वादीलाई थुनामा राखेको अवस्था नभएकोले प्रहरीले स्वास्थ्य जाँचको प्रक्रिया पूरा नगरेको कुरा पनि स्वाभाविक देखिन्छ। वादी बिक्की शेर्पाले कुटपिटको कारणबाट घा-खत परेको भनी जिकिर लिएको भए पनि कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजको स्वास्थ्य परीक्षण गरिएकोसमेत नपाइने।

अतः वादीलाई रू.५०,०००।- क्षतिपूर्ति भराइदिने र प्रतिवादीहरूलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७/६/१९ मा भएको फैसला उल्टी गरी प्रतिवादीहरूले फिराद दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/०१/२५ को फैसला मनासिब देखिँदा सदर हुने। वादी बिक्की शेर्पाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: माधव प्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल मङ्सिर २६ गते रोज ६ शुभम्।

**२२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CI-०३२२, अंश दर्ता, अन्सारूल मियासमेत वि. मुर्तुजा मियाँसमेत*

वादी प्रतिवादी अलग अलग घर बसोबास गरी आ-आफ्नो घर व्यवहार गरिआएको देखिन्छ । पिता पुर्खाको यो यति सम्पत्ति रहेको र सो सम्पत्तिबाट यो यति सम्पत्ति आएको भन्ने देखाउन सकेको देखिँदैन । यसरी पैतृक सम्पत्ति के कति थियो वा आएको भन्ने नदेखिएको र पैतृक सम्पत्ति नै नभएको अवस्थामा बन्डा गर्ने सम्पत्तिको अभावमा बन्डापत्र खडा गर्नुपर्ने अवस्थाको विद्यमान रहेकोसमेत देखिन आएन । प्रतिवादीहरूको तर्फबाट भएका जग्गा खरिद बिक्री सर्वे नापीमा भएको जग्गाको स्थितिसमेतबाट वादीले दाबी लिएबमोजिम उल्लिखित जग्गाहरू सगोलको आर्जन र पैत्रिक सम्पत्ति रहेको भन्ने नदेखिएको हुँदा उक्त स्वआर्जनबाट बढेबढाएको देखियो । बन्डा गर्नुपर्ने सम्पत्ति यो यति कारणले सगोलको अर्थात् पैत्रिक हो भनी वादीले विश्वासयोग्य प्रमाण तथा कागजात पेस गरी पुष्टि गर्न सकेको पनि देखिएन । यसरी वादी दाबी पुष्टि हुन नसकेको अवस्थामा अंशबन्डाको लिखत अनिवार्य हुनुपर्ने बाध्यता रहेको भनी भन्न पनि नमिल्ने।

प्रस्तुत मुद्दामा वादीले आफ्नो दाबी पुष्टि गर्न नसकी रहेको अवस्थामा समेत सुरू अदालतले प्रतिवादीले तायदातीमा देखाएको जग्गा र वादीले निवेदन जाहेर गरी देखाएको आधारमा मात्र अंश पाउने ठहर गरेको फैसला कानून र न्यायको दृष्टिबाट मिलेको नदेखिएको कारण सो उल्टी गर्ने गरी पुनरावेदन तहबाट भएको फैसला मनासिब रहेको देखिने।

अतः बन्डा गर्नुपर्ने पैतृक सम्पत्ति भएको पुष्टि वादीले गर्न नसकेको अवस्थामा अंशबन्डाको लिखत हुनुपर्ने बाध्यता नरहेको र प्रतिवादीको पिता जाली मोहमदले स्वआर्जनबाट प्राप्त गरेको जग्गा र दरूदन खातुनले बकसपत्रबाट प्राप्त गरेको जग्गासमेत बन्डा लाग्ने गरी भएको सुरू सिराहा जिल्ला अदालतको मिति २०६८।०१।२१ को फैसला उल्टी हुने गरी मिति २०७१।०१।२९ मा पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिँदा सदर

हुने।

इजलास अधिकृत: शारदा फुयाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर २७ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-०३२४, लिखत दर्ता बदर दर्ता, अन्सारूल मियासमेत वि. कुदुस मियाँसमेत
- ०७१-CI-०३२३, लिखत दर्ता बदर दर्ता, अन्सारूल मियासमेत वि. कुदुस मियाँसमेत

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CI-०४४५, निषेधाज्ञा, ताराकाजी भन्ने अमृत रत्न ताम्राकार वि. का.म.न.पा. बागदरबार, काठमाडौंसमेत*

काठमाडौं महानगरपालिका वडा नं. २० मा रहेको कि.नं. ५७० को जग्गा परापूर्वदेखि साझा चोक रहेको कुरामा विवाद देखिँदैन । सोही स्थानमा रहेको कि.नं. ५६९ मा अवस्थित घर टहराले ५७० को जग्गा अतिक्रमण गरेको भनी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(२) अनुसार काठमाडौं महानगरपालिकाले मिति २०६८/९/४ मा भत्काउने गरी निर्णय गरेकोसमेत देखियो । उक्त निर्णयउपर निवेदकले पुनरावेदन गरेको देखिएन। कारबाही प्रक्रियाका सन्दर्भमा काठमाडौं महानगरपालिकाबाट घर भत्काउन भनी खटी गएको डोरसमक्ष १ महिनाभित्र भत्काउने कुरा निवेदकले स्वीकार गरी कागज गरेकोसमेत देखिन्छ। यसै विषयमा निवेदकले दर्ता गरेको निषेधाज्ञाको निवेदन (संवत् २०६९ सालको रिट नं. ००९७) मिति २०५९/०७/२ मा र संवत् २०७० सालको (WO-११४७ को) निवेदन मिति २०७१।०७।१९ मा पुनरावेदन अदालतबाट खारेज भएको देखियो। यसरी साझा चोक मिचिएको ठहर भएको विषयमा निवेदक सहमत भई संरचना भत्काउने कुरामा सहीछापसमेत गरेको अवस्था देखिँदा सोही विषयमा अहिले निषेधाज्ञाको आदेश जारी हुने अवस्था नदेखिने।

लगभग दश वर्षअगाडि भएको काम कारबाहीको विषयमा अहिले निषेधाज्ञाको आदेश जारी गर्नुको सान्दर्भिकता पनि देखिँदैन । निर्माण भएका संरचना भत्काउनै परेको अवस्थामा पनि निवेदकको जग्गा र सार्वजनिक भनिएको जग्गाको चार किल्ला, साँध सिमाना यकिन गरेर तथा निर्धारित कानूनी प्रक्रिया पूरा गरेर भत्काउने कुरा स्वाभाविक प्रक्रिया बन्दछ। समग्रमा हेर्दा पुनरावेदन अदालतको फैसलामा अन्यथा त्रुटिपूर्ण देखिन आएन । तसर्थ, पुनरावेदन अदालत पाटनको मिति २०७१/७/१९ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदा फुयाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २९ गते रोज ४ शुभम्।

**२४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WH-०२२८, बन्दीप्रत्यक्षीकरण, अकरम खाँ वि. कारागार कार्यालय, तौलिहवा कपिलवस्तुसमेत*

यस अदालतमा नै मुद्दा विचाराधीन रहिरहेको अवस्थामा सो मुद्दाको सन्दर्भलाई लिएर यदि कुनै काम कारबाही बेरित तवरबाट भएको छ वा मुद्दाका सम्बन्धित पक्षलाई कुनै अन्तरकालीन न्यायिक उपचारको आवश्यकता रहेको छ भने पनि सोही विचाराधीन मुद्दाको सन्दर्भमा आवश्यक कानूनी उपचार प्राप्त गर्न सक्ने नै देखिन्छ । यस अवस्थामा अन्यथा पर्याप्त र मनासिब कारण नखुलाई अनावश्यक रूपमा रिट क्षेत्राधिकारबाट हेरिनु उचित पनि नहुने।

रिट निवेदकलाई तह-तह अदालतबाट भएको फैसला अनुसार ठेकिएको कैद भुक्तान गर्न कारागारमा थुनामा राखिएको देखिन्छ। निवेदकलाई हुने ठहर भएको जन्मकैद सजायमध्ये हालसम्म करिब एक चौथाइ (५ वर्षभन्दा एक डेढ महिना बढी) अवधि मात्र थुनामा रहेको देखिन्छ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम ७५ वर्ष नाघेका कसुरदारलाई दिइने भनिएको अधिकतम सुविधा "पचहत्तर प्रतिशतसम्म" हो। अधिकतम् सुविधा नै निवेदकले पाउने हो भनी मुद्दा

फैसला नहुँदै अहिले नै अनुमान गरेर उक्त सुविधा प्रदान हुने ठहर गर्नु पनि मनासिब नदेखिने।

अतः तह-तह अदालतबाट भएको कर्तव्य ज्यान मुद्दामा भएको फैसला अनुसार निवेदक थुनामा रहेको देखिएको, सो मुद्दा हाल यस अदालतमा विचाराधीन अवस्थामा रहेको, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्नेसम्मको कुनै पर्याप्त र मनासिब कारण खुल्न आएको नदेखिएको, निवेदकले सजायमा कुनै प्रकारको छुट वा सुविधा पाउने अवस्था भए सोही विचाराधीन कर्तव्य ज्यान मुद्दाको रोहमा उचित कानूनी उपचार प्राप्त गर्न सक्ने नै अवस्था रहेको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शारदा फुयाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २९ गते रोज ४ शुभम्।

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-०६५३, जबरजस्ती करणी, काजी भन्ने कर्णबहादुर किसान वि. नेपाल सरकार*

पीडित परिवर्तित नाम, थर म्याग्दी २० को शारीरिक परीक्षण प्रतिवेदन हेर्दा, “As per patient the accused put egg on her genitals insert knife and fingers too and have sex with her” भन्ने देखिएकोमा निजको स्वास्थ्य परीक्षण गर्ने विराट शर्माले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रस्तुत मुद्दामा पीडित उमेर पुगेकी विवाहिता महिला भएकोले आफ्नो श्रीमान्सँग सम्पर्क भएका कारण जबरजस्ती करणीका लक्षणहरू नदेखिन पनि सक्छन् भनी बकपत्र गरेको देखिन्छ । प्रस्तुत मुद्दामा पीडितको उमेर ३८ वर्ष देखिएको र निजले अदालतमा समेत प्रतिवादीले झारफुक गर्ने बहानामा जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको देखिन्छ । कसुर नगरेको अवस्थामा पीडिताले प्रतिवादीलाई जबरजस्ती करणीजस्तो गम्भीर अपराधमा आरोप लगाउनुपर्ने कुनै अवस्था र कारण मिसिल प्रमाणबाट नदेखिने।

जबरजस्ती करणीसम्बन्धी महलको १ नं. “कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ।” “स्पष्टीकरण (क) डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन।” भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा पीडिता उमेर पुगेकी भए तापनि निजलाई झारफुक गरी बिरामी निको पार्ने बहानामा कसैलाई नभन्नु नत्र रोग निको हुँदैन भनी कसम खान लगाइ पीडित महिलालाई गरेको करणी तथा अभद्र, अश्लिल व्यवहार तथा क्रियाकलाप उल्लिखित जबरजस्ती करणीको परिभाषाभित्र नै पर्ने देखिने।

पीडिता परिवर्तित नाम म्याग्दी २० को प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त र स्वयम् सुरू अदालतमा उपस्थित भई किटानी रूपमा आरोप लगाइ गरेको बकपत्र, प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा सुरू अदालतमा गरेको बयान बेहोरा, घटना विवरण तथा मौकामा कागज गर्ने कल्पना क्षेत्री, रूकुमकुमारी घर्ती, रत्नकली घर्तीसमेतका साक्षीहरूले सुरू अदालतमा समेत आई गरिदिएको बकपत्र, पीडिताको स्वास्थ्य परीक्षण गर्ने डाक्टर विराट शर्माले अदालतमा गरेको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणसमेतका आधारमा प्रतिवादी काजी भन्ने कर्णबहादुर किसान दोषी रहेको नै पाइयो। पुनरावेदक/प्रतिवादी निर्दोष रहेकोले सुरू तथा उच्च अदालतको फैसला त्रटिपूर्ण हुँदा बदर गरी झुठ्ठा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी काजी भन्ने कर्णबहादुर किसानलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसारको कसुरमा सोही महलको ३(५) नं. बमोजिम ७(सात) वर्ष कैद र सोही महलको १० नं. र १०ग नं. बमोजिम पीडिता परिवर्तित नाम म्याग्दी २० ले प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति

भरिपाउने ठहर गरी सुरू म्याग्दी जिल्ला अदालतबाट भएको फैसला सदर गरी सजायको हकमा प्रतिवादीलाई न्यूनतम सजाय गर्दा पनि ऐनको मकसद पुग्ने नै देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ (पाच) वर्ष कैद सजाय र प्रतिवादीबाट पीडितालाई रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइदिने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको मिति २०७५/११/०५ को फैसला मिलेकै देखिँदा सदर हुने। प्रतिवादी काजी भन्ने कर्णबहादुर किसानको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल मङ्सिर २८ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७६-CR-०६५४, जबरजस्ती करणी, काजी भन्ने कर्णबहादुर किसान वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ४

### २६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७६-CR-०५१५, अपहरण शरीर बन्धक र कर्तव्य ज्यान, रवि भन्ने इन्द्रबहादुर खड्का वि. नेपाल सरकार*

मृतक सबिता नेपालीको गर्भमा प्रतिवादी इन्द्रबहादुर खड्काको बच्चा रहेको भन्ने विषयमा धुपिसान आमा समूहले यी प्रतिवादी सँग छलफल गर्न खोज्दा सबिताको गर्भमा भएको बच्चा मेरो हो के कस्तो कागज गर्नुपर्‍यो ? कागजले पाल्ने होइन मैले पाल्ने हो भन्दै कसैलाई पनि गाडीभित्र पस्नसम्म नदिई गाडी लगेको भन्ने तथ्य मृतककी आमा राधिका नेपाली र दिपा फगामीले बकपत्रमा उल्लेख गरेको देखिन्छ। यसरी मिसिल संलग्न किटानी जाहेरी, प्रतिवादीले मृतकको गर्भमा आफ्नो बच्चा रहेको र आफू पहिले नै विवाहित भएको कारणले तनावमा रहेको भन्ने बयान, वारदातपश्चात् यी प्रतिवादी फरार रही तत्काल प्रहरीको सम्पर्कमा नरहेको अवस्था, बुझिएका मानिस यामबहादुर रोका र यी प्रतिवादीबिच फोनमा भएको संवाद, जाहेरवाला एवम् घटना विवरण कागज गर्ने मानिसहरूले अदालतसमक्ष गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरू हेर्दा यी प्रतिवादी रवि भन्ने इन्द्रबहादुर खड्काले नै मृतक सबिता नेपालीलाई कर्तव्य गरी मारेका हुन् भन्ने प्रमाणित भएको देखिँदा यी प्रतिवादीउपर ज्यान मार्ने कसुरको हकमा निजलाई जन्म कैद सजाय हुने गरी उच्च अदालतबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादी रवि भन्ने इन्द्रबहादुर खड्काले मृतक सबिता नेपालीलाई कर्तव्य गरी मारेको हकमा पुष्टि भएको तर निज प्रतिवादीले मृतकलाई अपहरण तथा शरीर बन्धक राखी लगेको भन्ने तथ्य प्रमाणित हुन नसकेको हुँदा निजलाई अपहरण तथा शरीर बन्धकतर्फको कसुरमा सफाइ हुने र कर्तव्य ज्यानतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.र १३(३) नं. को कसुरमा जन्म कैद हुने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७६।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल चैत्र १३ रोज १ शुभम्।

### २७

मा.**न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७६-CR-१०१२, कर्तव्य ज्यान, नेपाल सरकार वि. अरबिन्द्र पौडेल*

प्रतिवादीले आगोको अगुल्टाले टाउकोमा प्रहार गरी बेहोस भएकी मेरी भाउजूको शरीरको कपडासमेत जली गम्भीर घाइते भएकोमा लुम्बिनी अञ्चल अस्पतालमा उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेको हुँदा निज प्रतिवादीलाई कारबाही र सजाय गरिपाउँ भन्ने जाहेरी, अनुहारमा रगतजस्तो रातो पदार्थ लागेको, नाकबाट तरल पदार्थ निस्केको, मुख खुल्ला, जिब्रो देखिएको, घाँटी जलेको जस्तो रातो कालो, आँखा बन्द रहेको, मलद्वार रातो कालो, योनिमा ब्यान्डेज

लगाएको, टाउकोको दायाँतर्फ १ इन्च लामो काटिएको जस्तो घाउ, शरीरको पछाडिको भाग र चिउँडो जलेको अवस्थामा मृततक कमला कोइरालाको शव रहेको भन्ने लास जाँच प्रकृति मुचुल्का, Burn Injury (70%-80%) of body surface area भन्नेसमेत शव परीक्षण प्रतिवेदन (Autopsy Report) मा उल्लेख भएबाट मृतक कमला कोइरालाको मृत्यु कर्तव्यबाट भएकोमा विवाद नदेखिने।

प्रतिवादीले हानेको चोटबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि नै रहेको अवस्था भए तापनि कुनै इवि राखेर ज्यान मार्ने मनसायले योजना बनाई नमरून्जेलसम्म पटकपटक प्रहार गरेको भन्ने सम्बन्धमा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको पाइन्न । पूर्वयोजना मनसाय रिसइबीसमेत रहे भएको भन्नेसमेत मिसिलबाट देखिँदैन। प्रतिवादीको उमेर १९ वर्षको भई मृतक हजुरआमाकै संरक्षणमा रहेको, लुकी चोरीकन प्रहार गरेको नदेखिएको, ज्यान लिनुपर्नेसम्मको इबी रहेको भन्ने कुरा पनि स्थापित हुन नसकेको चियाको विवादमा उसैबखत तत्काल उठेको रिसको आवेगमा चोट प्रहार गरी सोही कारणबाट मृतकको मृत्यु भएको देखिन्छ । यस स्थितिमा प्रतिवादीका कार्यलाई ज्यानसम्बन्धीको १४ नं. को कसुर कायम गरेको फैसलालाई अन्यथा भन्नुपर्ने नदेखिने।

अतः प्रतिवादी अरबिन्द्र पौडेललाई ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर कायम गरी सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७३।१२।०२ को फैसला उल्टी गरी प्रतिवादी अरबिन्द्र पौडेललाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।०२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल चैत १३ गते रोज १ शुभम्।

**२८**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७२-CR-१४५६, ठगी, नेपाल सरकार वि. दीपकबहादुर जि.सि. समेत*

जाहेरवालाको जाहेरी बेहोरा, अदालतसमक्ष भएको बकपत्र, प्रतिवादी दीपकबहादुर जि.सी. को बयान एवम् दीप ट्रेडर्सका अर्का लगानीकर्ता ऋषिबहादुर भण्डारीको बयानसमेतका आधारमा हेर्दा प्रतिवादी दीपकबहादुर जि.सी., ऋषिबहादुर भण्डारी र जाहेरवाला मेखबहादुर सापकोटा मिलेर दीपकबहादुर जि.सी. को नाउँमा दीप ट्रेडर्स नामको व्यापारिक फर्म खोलेर सञ्चालन गर्ने क्रममा कारोबारको हिसाबकिताबमा खटपट भएपछि उत्पादित सामान बिक्री वितरणको जिम्मेवारीमा रहेको प्रतिवादी दीपकबहादुर जि.सी.उपर ठगीको जाहेरी परेको देखियो। निजहरूबिच भएको उक्त कारोबारको प्रकृतिबाट यो विवाद देवानी दायित्व समावेश भएको हरहिसाब वा रकम हिनामिनासम्बन्धी देखिएकोले फौजदारी कसुर वा ठगीको १ नं. को परिभाषाअन्तर्गत पर्ने नदेखिने।

ठगी गरेको दाबी गर्ने पक्षले के कति रकम के कसरी हिनामिना गरे वा के कहाँ खर्च गरे भन्ने कुरालाई पुष्टि हुने कुनै ठोस प्रमाण पेस गर्न नसकेको स्थितिमा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिएको मनासिब नै देखिने । अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

तसर्थ, काठमाडौं जिल्ला अदालतले प्रतिवादी दीपकबहादुर जि.सी. लाई १ वर्ष कैद र रू. ५,०००।- जरिवाना गरेको फैसलालाई केही उल्टी गरी सफाइ दिएको र अन्य प्रतिवादी केशव आचार्य र दुर्गा आचार्यलाई आरोपित कसुरबाट सफाइ दिएको हकमा सदर हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।११।१० को फैसला मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल माघ ५ गते रोज २ शुभम्।

### २९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०६५-CI-०४८८, करारबमोजिम दायित्व पूरा गरिपाऊँ, दुर्गाप्रसाद अधिकारी वि. धनराज खत्री*

अचल सम्पत्ति रजिस्ट्रेसन पारित गरी करारको दायित्व पूरा गराइपाउँ भन्ने मुद्दामा रजिस्ट्रेसन पारित नगरेको कारणबाट तत्कालीन करार ऐन, २०५६ को दफा ८८ बमोजिम अचल सम्पत्तिबाट दायित्व पूरा नगराए पनि सावाँ ब्याज भराई फैसला भएउपर प्रतिवादीको पुनरावेदन परेको अवस्था छैन । अब जहाँसम्म आफूले करारको दायित्व पूरा गराइपाउँ भनी फिराद गरेको, सावाँ ब्याज भराइपाउँ भनी फिराद नगरेको भनी वादीले पुनरावेदनमा लिएको जिकिरको प्रश्न छ, करारका पक्षहरूले करारबमोजिमको दायित्व पूरा गर्नुपर्छ भन्ने करारको सामान्य नियम हो । जसलाई करार ऐन, २०५६ को दफा ७४ मा "करार गर्ने प्रत्येक पक्षले करारबमोजिमको दायित्व पूरा गर्नु पर्ने छ" भन्ने र हाल मुलुकी देवानी संहिता, २०७४ को दफा ५२१ मा समेत "करार गर्ने प्रत्येक पक्षले करारबमोजिमको आ-आफ्नो दायित्व पूरा गर्नुपर्ने छ" भन्ने उल्लेख गरी स्वीकार गरेको देखिन्छ । यो दायित्व पूरा नहुँदा करार भङ्ग हुन पुग्छ र करार भङ्ग हुँदा प्राप्त हुने उपचार क्षतिपूर्तिसमेतको उपचार हो । यहाँ वादीले जग्गा नै रजिस्ट्रेसन पारित गरिपाउँ भनी गरेको दाबी वृहत् पूर्ण इजलासको फैसलासमेतबाट नपुग्ने भएको अवस्थामा कुनै पनि प्रकारको क्षतिपूर्ति पाउँदैन भन्नु न्यायको रोहमा मिल्ने नदेखिने । तसर्थ वादीलाई क्षतिपूर्तिस्वरूप सावाँ र ब्याज भराउने गरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः वादी प्रतिवादीबिच प्रतिवादीको नाममा नापनक्सा भई दर्ता बाँकी रहेको कि.नं ८७२ को क्षेत्रफल २-७-३१/४ जग्गा प्रतिवादीको नाममा दर्ता भएपछि वादीलाई रजिस्ट्रेसन पारित गरिदिने र करारको उल्लङ्घन भएमा उल्लङ्घन गर्ने पक्षबाट अर्को पक्षले क्षतिपूर्ति भराइलिन पाउने सर्त राखी वादीबाट प्रतिवादीले रू. २,००,०००।- बुझिलिई मिति २०५११११८ मा करारनामाको कागज भएकोमा प्रतिवादीबाट करार उल्लङ्घन भएको देखिएको हुँदा करारमा उल्लेख भएबमोजिम वादीले प्रतिवादीबाट क्षतिपूर्तिसमेत भरी लिनपाउनुपर्ने नै हुँदा यस दृष्टिबाट भएको सुरू कास्की जिल्ला अदालतको फैसला केही उल्टी भई वादीले रू. २,००,०००।– (दुई लाख रूपैंया) प्रतिवादीलाई दिई वादी प्रतिवादीबिच करार भएको अवधि १० वर्षभन्दा बढी भुक्तान भइसकेको हुँदा सोही रकम बराबरको रू.२,००,०००।– (दुई लाख रूपैयाँ) क्षतिपूर्ति स्वरूपसमेत गरी जम्मा रू.४,००,०००।– (चार लाख रूपैयाँ) प्रतिवादीबाट वादीले भराइलिन पाउने गरी भएको पुनरावेदन अदालत पोखराको मिति २०६५।८।९ को फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : फणेश्वरी घिमिरे

कम्प्युटर अपरेटर : रेखा भट्टराई

इति संवत् २०७७ साल फागुन ३ गते रोज २ शुभम् ।

### ३०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-RB-०५४४, ०७५-RB-०००१, ०७५-RB-००९६, ०७५-RB-०११८, ०७५-RB-०११९, ०७५-RB-०५२६, ०७५-R B-०११६, बैंकिङ कसुर, तेजबहादुर थापा भन्ने केदार गौतम वि. नेपाल सरकार, सम्झना पोखरेल गौतम वि. नेपाल सरकार, भरतबहादुर बानियाँ वि. नेपाल सरकार, नेपाल सरकार वि. सागर थापा, नेपाल सरकार वि. भरतबहादुर बानियाँसमेत, संदिप गुप्ता वि. नेपाल सरकार, सागर थापा वि. नेपाल सरकार*

सेन्चुरी बैंक लिमिटेडका कागजातहरू र प्रतिवादी केदारप्रसाद गौतमको बयानसमेतबाट निज प्रतिवादी केदारप्रसाद गौतमले कृषि विकास बैंक लिमिटेडबाट अनियमित तरिकाले निकालेको रकम लुकाउनको लागि तथा कसुर अपराधबाट बच्नको लागि आफ्नो पहिचानसमेत लुकाउने उद्देश्यले किर्ते तथा झुट्टा विवरण भरी भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका वडा नं.६ को बासिन्दा भनी तेजबहादुर

थापाको नामबाट नागरिकता तथा राहदानी निकालेको र सोही तेजबहादुर थापाको नागरिकताका आधारमा सेन्चुरी कमर्सियल बैंक लिमिटेडको शाखा कार्यालय सूर्यविनायकमा खाता नं.०३१०००१११८SR मा खाता खोली रू.३५,०३,७३५।१३ पैसा जम्मा गरेको र सोही नामबाट निज नेपाल छाडी भागी विदेश फरार हुने योजना बनाई सोहीबमोजिम भारत गएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । करिब ९ महिनाको अवधिमा निजले ५५ वटा कारोबार गरी रकम ट्रान्सफर गरेकोसमेत देखिन्छ । यसरी प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीले मौकामा तथा अदालतमासमेत गरेको साबिती बयान, अभियोग पत्रसाथ पेस भएको सि. सि. टि. भी. फुटेजमा देखिएको भिडियो चित्र, सो चित्र मेरै हो भनी प्रतिवादीले गरिदिएको सनाखत कागज, जाहेरवालाको बकपत्र, मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको बकपत्र, कृषि विकास बैंक लिमिटेडको छानबिन प्रतिवेदनसमेतका मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी केदारप्रसाद गौतमले योजनाबद्ध ढङ्गबाट प्रतिवादी गीता पन्तको पासवर्ड चोरी कार्यालय सकिने बेला र कार्यालय समयभन्दा पछिको समयमा पनि कार्यालयमा बसी CORE BANKING SYSTEM को दुरूपयोग गरी आफूहरूलाई गैरकानूनी लाभ पुर्‍याउने र बैंकलाई हानि नोक्सानी पुर्‍याउने कार्य गरेको देखिँदा सो कार्यमा प्रतिवादी केदारप्रसाद गौतमको मुख्य संलग्नता रहेको भन्ने देखिने ।

प्रतिवादी तेजबहादुर थापा भन्ने केदारप्रसाद गौतमले कृषि विकास बैंक लिमिटेडबाट दाबीबमोजिमको रू.३३,९३,३९,८७२।७१ (तेत्तिस करोड त्रियानब्बे लाख उनन्चालिस हजार आठ सय बहत्तर रूपियाँ एकहत्तर पैसा) अनियमित गरी निकाली बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ बमोजिमको कसुर गरेको भन्ने मिसिल कागजातहरूबाट प्रमाणित भएबाट निजलाई सोही ऐनको दफा १५(२) बमोजिम ५ (पाँच) वर्ष कैद सजाय र बिगोबमोजिम रू. रू.३३,९३,३९,८७२।७१ जरिवाना भई सोही ऐनको दफा १५(२) बमोजिम हानि नोक्सानी भएको बिगोमध्ये दाखिल हुन आएको बिगो कटाई नपुग बिगो रू.३२,९४,८०,७०४।८७ (बत्तिस करोड चौरानब्बे लाख, असी हजार सात सय चार रूपियाँ सतासी पैसा) उल्लिखित ऐनको दफा १५(२) बमोजिम कृषि विकास बैंकलाई दिलाइ भराइदिने ठहर भएको उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुले प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादी केदारप्रसाद गौतमलाई सहयोग गरेबापत रकम रू.३०,००,०००।- (तिस लाख रूपियाँ) प्राप्त गरेको भन्ने देखिँदा अभियोग दाबीमा उल्लिखित निजले लिए खाएको रकम रू.३०,००,०००।- (तिस लाख रूपियाँ) सम्म भराउनु न्यायोचित हुँदा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ (ख) बमोजिम २ (दुई) वर्ष कैद र बिगो रू.३०,००,०००।- (तिस लाख रूपियाँ) जरिवाना भई बिगो बराबरको रकम कृषि विकास बैंकलाई भराइदिने ठहर भएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने ।

प्रतिवादी केदारप्रसाद गौतमको बयानमा निजले गरेको आपराधिक कार्यमा यी भरतबहादुर बानियाँ संलग्न नरहेको भनी उल्लेख गरेको देखिन्छ । जाहेरवालाको बकपत्र एवम् मिसिल संलग्न कागजातहरूबाट निज प्रतिवादीले रकम लिन खानमा निजको संलग्नता देखिँदैन । तथापि शाखा प्रमुखको हैसियतले आफू कार्यरत बैंकको रेमिटसमेतको आर्थिक कारोबार, कर्मचारीहरूको रेखदेख र नियन्त्रण, व्यवस्थापन, अभिलेख जाँच र व्यवस्थापनसमेतको सम्पूर्ण जिम्मेवारी र दायित्व यी प्रतिवादी भरतबहादुरमा निहित रहेको अवस्थामा निजले उक्त दायित्व एवम् पदीय जिम्मेवारी गम्भीरतापूर्वक एवम् निष्ठापूर्वक बहन नगरेको कारणले गर्दा नै प्रतिवादी केदारप्रसाद गौतमले अनधिकृत तवरले पटकपटक गरी ५५ पटक रकम झिक्न तथा अन्य खाताहरूमा ट्रान्सफर गर्न सफल भई बैंकलाई ठुलो हानि नोक्सानी हुन गएको भन्ने तथ्य पुष्टि हुने ।

संदिप गुप्ता र रामकुमार कुम्हारलाई अभियोग

दाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(६) बमोजिम सजाय गर्नुपर्नेमा दफा १५(४) बमोजिम सजाय गरेको फैसला त्रुटिपूर्ण छ भनी यस अदालतमा पुनरावेदन गरेको सन्दर्भमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(४) को व्यवस्था हेर्दा यस दफाबमोजिम बिगो जफत गरी बिगो कायम गर्न नसकिने अवस्था भएकोमा कसुरको मात्रा अनुसार दश लाख रूपियाँसम्म जरिवाना र दुई वर्षसम्म कैद हुने छ भन्ने उल्लेख भएको देखिन्छ। सोही ऐनको दफा १५(६) मा बैंकिङ कसुर गर्न उद्योग गर्ने व्यक्ति वा संस्था वा त्यस्तो कसुर गर्न अप्रत्यक्षरूपमा संलग्न वा मद्दत पुऱ्याउने व्यक्ति वा संस्थालाई कसुरदारलाई हुने सजायको आधा सजाय हुने छ भन्ने उल्लेख भएको देखिन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू संदिप गुप्ता र रामकुमार कुम्हारले वारदातमा के कति रकम कुन कारोबारमार्फत खातामा जम्मा गराएको भन्ने यकिन नभएको, व्यक्तिगतरूपमा के कति रकम हिनामिना गरी बैंकलाई नोक्सान भएको भन्नेसमेत खुल्न नआएको र वादी नेपाल सरकारले वस्तुनिष्ठ आधारबाट निजहरूले यति रकम खाएको र नोक्सान गरेको भन्ने प्रमाणित गर्न नसकेको देखिन्छ । निज प्रतिवादीहरूको हकमा बिगो नै कायम गर्न नसकेको अवस्था हुँदा निज प्रतिवादीहरूलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(४) लगाई सजाय ठहर गरेको उच्च अदालत पाटनको फैसलामा कानूनी त्रुटि नदेखिँदा नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने भई कसुरको मात्रा अनुसार उल्लिखित ऐनको दफा १५(४) बमोजिम १५ दिन कैद सजाय र रू.२५,०००।- (पच्चिस हजार रूपियाँ) जरिवाना हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने।

प्रतिवादी सागर थापाको मोबाइल नम्बर ९८५१००६७८१ र प्रतिवादी केदारप्रसाद गौतमको मोबाइल नम्बर ९८१४९२१५३१ बिच सन् २०१५ अप्रिल २७ देखि सन् २०१५ जुन २५ सम्म २ महिनामा ७० भन्दा बढी पटक कुराकानी भएको भन्ने मिसिल संलग्न रहेको कल डिटेलको कागजातबाट देखिन्छ । सो तथ्यलाईसमेत यी प्रतिवादीले अन्यथा भन्नसकेको नदेखिँदा यी प्रतिवादी सागर थापाले प्रतिवादी केदारप्रसाद गौतम र अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी कृषि विकास बैंकको अभियोग दाबीमा उल्लिखित रकम हानि नोक्सानी पुऱ्याउने कार्यमा संलग्नता रहेको भन्ने देखिने।

प्रतिवादीहरू जेनी श्रेष्ठ, गीता पन्त र सुमन भुजेलको हकमा उच्च अदालत पाटनबाट फैसला हुँदा सफाइ पाउने ठहर भएको र सो फैसलामा नेपाल सरकारले चित्त नबुझाई यस अदालतसमक्ष पुनरावेदन गर्दा प्रतिवादी जेनी श्रेष्ठ र प्रतिवादी गीता पन्तलाई बैंकिङ कुसर तथा सजाय ऐन, २०६४ को दफा १५(६) बमोजिम सजाय हुनुपर्ने र सुमन भुजेललाई सोही ऐनको दफा १५(२)(ख) बमोजिम सजाय गरी दफा १५(२) बमोजिम हानि नोक्सानी भएको रकम दिलाइ भराइ जरिवानासमेत गरिपाउँ भन्ने जिकिर लिएको देखिन्छ। सो सन्दर्भमा जेनी श्रेष्ठको अनुसन्धान अधिकृत तथा अदालतसमक्ष गरेको बयान हेर्दा, केदारप्रसाद गौतमसँग मेरो विवाह भएपछि निजले मेरा लागि किनेको सुन प्रहरीबाट बरामद भएको हो । बैंक अफ इन्डियाको चेक बुक केदारप्रसाद गौतमले किन बनाए मलाई थाहा भएन । पोर्चुगलमा गएर Driving License बनाउनको लागि इन्डियन Driving License भएमा सजिलो हुन्छ भनी बनाउन लगाएको हो । मेरा श्रीमान् केदारप्रसाद गौतमले के कसरी कृषि विकास बैंक लिमिटेड बैंकिङ कार्यालय स्वयम्भूबाट रकम निकाले मलाई थाहा भएन। हामी दुईजना एक हप्ताको लागि भारततर्फ घुम्न गएको अवस्थामा हामीलाई प्रहरीले सिलिगुडीबाट पक्राउ गरी ल्याएको हो। भारत जानुअगाडि मलाई यस्तो घटना घटाएको थाहा थिएन । मैले बैंकबाट हिनामिना गरेको रकम लिएको छैन र उक्त कार्यमा म संलग्न पनि छैन भनी इन्कारी बयान गरेको पाइयो। प्रतिवादी केदारप्रसाद गौतमले अदालतसमक्ष गरेको बयानको सवाल जवाफ नं. ९ लाई हेर्दा निज जेनी श्रेष्ठको प्रस्तुत मुद्दाको वारदातमा संलग्नता छैन भनी उल्लेख भएको देखिन्छ । यस्तै निज प्रतिवादीको साक्षी पशुपति पोखरेलले जेनी श्रेष्ठको

प्रस्तुत मुद्दामा कुनै संलग्नता नरहेकोले सजाय पाउनुपर्ने होइन भनी अदालतसमक्ष बकपत्र गरेको देखिन्छ । निज प्रतिवादी केदारप्रसाद गौतमकी कान्छी श्रीमती भए तापनि निज प्रतिवादी जेनी श्रेष्ठले केदारप्रसाद गौतमसँग मिली बैंकबाट अनियमित तवरले निकालेको रकम खाए मासेको, कसुरमा सहयोग गरेको भन्ने मिसिल कागजातबाट प्रमाणित हुन नसकेको ।

प्रतिवादीहरू जेनी श्रेष्ठ, गीता पन्त र सुमन भुजेलको प्रस्तुत मुद्दाको वारदातमा संलग्नता छ भन्ने सन्दर्भमा वादी नेपाल सरकारले वस्तुनिष्ठ प्रमाण अदालतसमक्ष पेस गर्न नसकेको र मिसिल संलग्न कागजात एवम् परिस्थितिजन्य प्रमाणहरूबाट समेत निज प्रतिवादीहरूको वारदातमा कहीँकतै संलग्नता नदेखिएको हुँदा निजहरूलाई आरोपित कसुरबाट सफाइ हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने । नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

प्रतिवादीहरूमध्ये तेजबहादुर थापा भन्ने केदारप्रसाद गौतमलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२) बमोजिम ५(पाँच) वर्ष कैद र बिगोबमोजिम रू.३३,९३,३९,८२७।७१ जरिवाना भई बिगोमध्ये दाखिल हुन आएको बिगो कटाई नपुग बिगो रू.३२,९४,८०,७०४।८७ (बत्तिस करोड चौरानब्बे लाख, असी हजार सात सय चार रुपियाँ सतासी पैसा) सोही ऐनको दफा १५(२) बमोजिम कृषि विकास बैंकलाई दिलाइ भराइदिने, प्रतिवादी सम्झना पोखरेललाई उल्लिखित ऐनको दफा १५(२)(ख) बमोजिम १(एक) वर्ष कैद तथा सोही ऐनको दफा १५(२) बमोजिम निजबाट हानि नोक्सानी भएको बिगो रू.५०,००,०००।– (पचास लाख रुपियाँ) सम्बन्धित बैंकलाई भराइ बिगोबमोजिम जरिवाना हुने, प्रतिवादी वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुलाई उल्लिखित ऐनको दफा १५(२)(ख) बमोजिम २(दुई) वर्ष कैद र बिगो रू.३०,००,०००।– (तिस लाख रुपियाँ) जरिवाना भई बिगो बराबरको रकम कृषि विकास बैंकलाई भराइदिने, प्रतिवादी भरतबहादुर बानियाँलाई उल्लिखित ऐनको दफा १५(४) बमोजिम रू.१,००,०००।– (एक लाख रूपियाँ) जरिवाना र १(एक) महिना कैद सजाय हुने, प्रतिवादीहरू रामकुमार कुम्हार र संदिप गुप्तालाई उल्लिखित ऐनको दफा १५(४) बमोजिम १५ दिन कैद सजाय र रू.२५,०००।– (पच्चिस हजार रुपियाँ) जरिवाना हुने, प्रतिवादी सागर थापालाई उल्लिखित ऐनको दफा १५(४) बमोजिम रू.१,००,०००।– (एक लाख रूपियाँ) जरिवाना र १ (एक) महिना कैद सजाय हुने, प्रतिवादीहरू जेनी श्रेष्ठ, गीता पन्त र सुमन भुजेललाई आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४।०७।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल कार्तिक २२ रोज ३ शुभम् ।

**३१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७७-CR-०७५२, कर्तव्य ज्यान, सविता पुन वि. नेपाल सरकार*

प्रतिवादी कसुर गर्दाको अवस्थामा १९ वर्षको युवा रहेको भन्ने देखिन्छ । बलबहादुर डाँगीसँग सहमतिमा भएको करणीबाट निज प्रतिवादी गर्भवती भएपश्चात् बलबहादुर डाँगी सम्पर्कविहीन भई बसेको अवस्था छ । गर्भमा रहेको बच्चाको बाबु सम्पर्कविहीन भई बसेको कारण आफू गर्भवती भएको कुरा निजले आफन्त तथा गाउँघरमा बताउन सकेको देखिँदैन । आफ्नो पेटमा रहेको गर्भ लुकाइ छिपाइ सामाजिक लोकलाजबाट बची आएको अवस्थामा मिति २०७५।०१।२६ गतेका दिन आफ्नै डेरा कोठामा छोरा जातक बच्चा जन्मिएको र जन्मनासाथ निजले कपडाले घाँटी कसी मारेको र भोलिपल्ट भेरी नदी किनारमा फालेको भनी कसुर स्वीकार गरी प्रतिवादीले बयान गरेको देखिन्छ । अपरिपक्व उमेर र कुमारी अवस्थामा गर्भवती हुनु, त्यसमा पनि पेटमा हुर्कँदै गरेको बच्चाको बाबु सम्पर्कविहीन हुनु, प्रजनन स्वास्थ्यसम्बन्धी ज्ञानको अभाव हुनुजस्ता कारणबाट प्रतिवादीले सामाजिक लोकलाजबाट बच्न वारदात घटाउन बाध्य हुनुपरेको भन्ने सहजै अनुमान

गर्न सकिन्छ । यस्तो अवस्थामा असुरक्षित यौन सम्पर्कबाट सिर्जित यौनजन्य कसुरमा बालबालिका वा किशोर किशोरीहरूलाई चर्को सजाय गरी कैदमा राख्दा पछि त्यस्ता व्यक्तिहरूलाई समाजमा पुनर्स्थापना गर्न कठिनाई हुन जाने कुरालाई पनि नजरअन्दाज गर्न सकिँदैन । यसै प्रकृतिको होमनाथ अधिकारीको जाहेरीले नेपाल सरकार प्रतिवादी परिवर्तित नाम ४४ कुस्मा (९) भएको कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०७८ अङ्क ४ नि.नं १०६६५) मा "असुरक्षित यौन सम्बन्धका कारण जुनसुकै उमेर समूहका महिलाबाट जन्मिने नाबालकलाई वा कानूनले निर्धारण गरेको बालबालिकाको उमेर समूह वा बिस वर्षभन्दा कम उमेर समूहका महिलाबाट त्यस्तो असुरक्षित यौन सम्बन्धका कारण जन्मने नाबालकको तत्काल गरिने जातक हत्या (Infanticide) का सम्बन्धमा महिलालाई हेर्ने परिवर्तित संवैधानिक, कानूनी तथा सामाजिक दृष्टिकोणमा आएको परिवर्तन, उनीहरू रहेको सामाजिक परिस्थिति तथा त्यस्तो कार्यमा संलग्न महिलाहरू क्रूर तथा अपराधी नभई सम्बन्धित पुरूष गैरजिम्मेवार भएको र लोकलज्जाका कारण त्यस्तो कार्य गर्न बाध्यात्मक अवस्था सिर्जना भई अविवाहित वा विवाहित अवस्थामा पनि बच्चा जन्मनासाथ लुकाउने, छोड्ने वा मारिदिनुपर्ने अवस्था सिर्जना भएको हुनसक्छ । यस्तो परिस्थितिमा परेका महिलाहरूले गरेको ज्यानसम्बन्धी कार्य कसुरको रूपमा मानिने भए तापनि यथासम्भव मानवीय दृष्टिकोणबाट हेरिनुपर्ने र कम उमेर समूहका महिला भए उनीहरूको विकासशील अवस्थालाई मध्यनजर गरिनुपर्ने हुन्छ । एउटा परिस्थितिमा गरिएको कसुरजन्य कार्यका कारण लामो समयसम्म कारागारमा राख्दा खतरनाक कसुरदारसँग सङ्गत भई सामाजिक पुनर्स्थापनामा समस्या देखिन सक्ने" भनी यस अदालतबाट व्याख्या भएको पाइने ।

प्रतिवादी सविता पुनको अपरिपक्व मानसिक अवस्था र पर्याप्त यौन शिक्षाको अभावका कारण सामाजिक तिरस्कार तथा लोकलज्जाबाट बच्न आफूले गरेको कार्यबाट सिर्जना हुनसक्ने परिणामका सम्बन्धमा कुनै सोच विचारै नगरी आफूले जन्माएको बच्चालाई मारेको देखिएको छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ क (१) मा "प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबित साँचो देखिएमा निजलाई जन्मकैदको सजाय दिँदा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले घटी सजाय गर्न उपयुक्त देखेमा सोको कारण खुलाई रायसहितको फैसला गर्न सक्ने छ" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । प्रतिवादी आपराधिक पृष्ठभूमिका हुन् भन्ने देखिँदैन । निजले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी र अदालतमा समेत कसुरमा साबित भई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको देखिन्छ । प्रतिवादीको उमेर, निजको पारिवारिक पृष्ठभूमि, वारदात हुँदाको समग्र अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई जन्म कैदको सजाय ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने राय व्यक्त गरेको उच्च अदालत सुर्खेतको फैसला माथि विवेचित आधार र कारणबाट न्यायको रोहमा चर्को पर्न जाने र निजलाई ५ वर्ष कैदको सजाय गर्दासमेत न्यायको उद्देश्य पूरा हुने देखिँदा निज प्रतिवादी सविता पुनलाई ५ वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृत: लालबहादुर कार्की/दिप्ती पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल पौष २४ गते रोज १ शुभम् ।

## ३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-WO-१२०२, उत्प्रेषण, नारायण चौलागाईसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, काठमाडौंसमेत*

नेपाल विद्युत् प्राधिकरण र इनर्जी इफिसियन्सी सर्भिसेजबिच मिति २०७३।१२।११ मा दुई करोड थान लिड बल्ब खरिद गर्ने सम्झौता भएको देखिन्छ । साथै, मिति उर्जा मन्त्रालयको प्रस्तावमा मिति २०७४।०४।२१ को नेपाल सरकार, मन्त्रिपरिषद्‌को

निर्णयबाट नेपाल विद्युत् प्राधिकरणलाई नियमानुसार सरकारले सरकारसँग (G to G) प्रक्रिया अवलम्बन गरी LED बल्ब खरिद गर्न सैद्धान्तिक सहमतिसमेत प्रदान गरेको देखिन्छ । यस विषयमा सार्वजनिक खरिद ऐन २०६३ को प्रक्रिया पुग्यो वा पुगेन भन्ने आदि प्रश्नहरू उब्जेका छन् । तथापि, मिसल संलग्न नेपाल विद्युत् प्राधिकरणले यस अदालतलाई सम्बोधन गरी प्रेषित गरेको च.नं.१३३, मिति २०७७।०८।२९ को पत्रबाट उक्त प्राधिकरण र इनर्जी इफिसियन्सी सर्भिसेजबिच मिति २०७३।१२।११ मा भएको लिड बल्ब खरिद सम्झौता हालसम्म कार्यान्वयन नभएको भनी उल्लेख भएको अवस्था छ । विपक्षी प्राधिकरणको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताले पनि उक्त सम्झौता कार्यान्वयनमा नै नआएको र हाल नेपालमा पर्याप्त विद्युत् उत्पादन भई निर्यात गर्न सक्ने अवस्था रहेको र भविष्यमा समेत ठुला ठुला आयोजनाहरू सञ्चालनमा आउने अवस्था हुँदा त्यस्तो सम्झौता कार्यान्वयन गर्न जरूरी नै नरहेको भनी बहसमा उल्लेख गर्नुभयो । जब सम्झौता कार्यान्वयन नै भएको छैन भने त्यसको कानूनसम्मतको विषयमा प्रवेश गरिरहनु आवश्यक नहुने ।

अतः निवेदकले कार्यान्वयन नगर्न नगराउन भनी माग गरेको विषय कार्यान्वयन नभएका भनी प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणले यस अदालतलाई पत्राचारसमेत गरिसकेको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: पुष्कलराज प्रसाई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल माघ ६ रोज ६ शुभम् ।

**३३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०९६३, लिखत दर्ता बदर, आरती शर्मा वि. कुन्दनकुमार पन्तसमेत*

पुनरावेदक प्रतिवादीले भवानी पन्तबाट मिति २०६९।०३।२८ मा गराइ लिएको राजीनामा लिखत प्रत्यर्थी वादीहरूको हकमा बदर हुने हो होइन भन्ने सम्बन्धमा हेर्दा विवादित राजीनामा लिखत हुँदाको अवस्थामा वादीहरू र प्रतिवादी भवानी पन्त एकासगोलमा रहेको भन्ने देखिन्छ । एकासगोलमा रहेको अवस्थामा कुनै अंशियारको नाममा रहेको सम्पत्ति बिक्री गर्दा अन्य अंशियारको स्वीकृति मन्जुरी लिएर लिखत गरेको भए मात्र त्यस्तो लिखतले कानूनी मान्यता पाउनसक्ने हुन्छ । साबिक मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं बमोजिमको कानूनी व्यवस्था हेर्दा "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडिदिँदा ऐनले आफूखुस गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ । साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले १ वर्षसम्ममा थाहा पाएको ३५ दिनभित्र उजुर गऱ्यो र निजको मन्जुरी ठहरिएन भने निजको हकजति सो सम्पत्ति फिर्ता गराइदिनुपर्छ" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा विवादित जग्गाको लिखत गर्दा यी वादीहरू साक्षी बसेको वा घर जग्गा बिक्री गर्नको लागि छुट्टै मन्जुरनामाको कागज गरिदिएको भन्ने पनि देखिँदैन । यस अवस्थामा दाबीको विवादित राजीनामा लिखत गर्दा यी वादीहरूको समेत मालपोत कार्यालयमा भौतिक उपस्थिति थियो भन्ने पुनरावेदक प्रतिवादीको जिकिरको आधारमा मात्र यी वादीहरूको स्वीकृति मन्जुरी रहेको भन्न मिल्ने नदेखिने ।

यसर्थ वादीहरूको आमा भवानी पन्तले दाइजोस्वरूप बकसमा पाएको कि.नं ५६३ को जग्गा यी वादीहरूको हकमा पैत्रिकसरह हुने भई त्यसबाट निजहरूले अंश पाउने नै देखिएको र सो घरजग्गा बिक्री गर्दा वादीहरूको स्वीकृति मन्जुरी लिएको नदेखिएको अवस्थामा जग्गामा दाबी नपुग्ने र घरतर्फ ४ भागको २ भाग लिखत बदर गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी दाबीबमोजिम सम्पूर्ण लिखतको ४ भागको २ भाग बदर हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।०१।१२ को फैसला मिलेकै देखिँदा सदर

हुने।

इजलास अधिकृत: लालबहादुर कार्की / विनिता भारती

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

**३४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-०७५९, लिखत दर्ता बदर, सुदर्शन पन्त वि. भवानी पन्तसमेत*

वादी सुदर्शन पन्त र भवानी पन्त आपसमा पति पत्नी भएको भन्ने कुरामा विवाद छैन । भवानी पन्तले आफ्नो नाम दर्ताको काठमाडौं महानगरपालिका वडा नं. २९ कि.नं. ५६३ क्षेत्रफल ०-६-२-३ जग्गा आरती शर्मालाई मिति २०६९।०३।२८ मा राजीनामा गरेकोले आफ्नो हकजती ४ खण्डको १ खण्ड लिखत बदर गराउन वादीले दाबी लिएको अवस्था छ । भवानी पन्तले बिक्री गरेको जग्गा निजले बकसमा पाएको जग्गा भन्ने कुरा वादी स्वयम्ले स्वीकार गरेको अवस्था छ । साबिक मुलुकी ऐन अंशबन्डाको १८ नं. को कानूनी व्यवस्था हेर्दा"कुनै अंशियारले आफ्नो ज्ञान सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति स्वआर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफू खुस गर्न पाउँछ" भन्ने उल्लेख भएको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्थाबमोजिम व्यक्तिगत ज्ञान, सिप र प्रयासबाट आर्जन गरेको र कसैबाट दान बकस पाएको सम्पत्ति त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिले आफूखुस गर्न पाउने भन्ने देखिन्छ । प्रस्तुत मुद्दामा वादीले दाबी लिएको जग्गा प्रत्यर्थी भवानी पन्तले माइतीको आमाबाट बकसमा पाएको आफूखुस गर्न पाउने प्रकृतिको सम्पत्ति रहेको देखिँदा त्यस्तो आफूखुस गर्न पाउने घर जग्गाको ४ खण्डको १ खण्ड लिखत बदर हुनुपर्ने भन्ने वादीको पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने ।

पुनरावेदक वादीले दाबीको जग्गामा आफूले सञ्चयकोषको रकम खर्च गरेर घर निर्माण गरेको हुँदा उक्त घरको लिखत बदर हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ । दाबीको घर जग्गा आरती शर्मालाई लिखत गर्दाको अवस्थामा यी पुनरावेदक वादी प्रतिवादीहरू एकासगोलमा रहेको भन्ने तथ्यमा विवाद छैन । वादीले दाबी लिएको घर जग्गा धितोमा राखी प्रत्यर्थी भवानी पन्तले विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिएको भन्ने कुरा मिसिलसाथ पेस हुन आएका कर्जा लिखतहरूको प्रतिलिपिबाट देखिएको छ । सोही कर्जा चुक्ता गर्ने प्रयोजनको लागि प्रत्यर्थी आरती शर्मालाई घर जग्गा बिक्री गर्नुपरेको भन्ने देखिन्छ । आफूसमेत सगोलमा रहेभएको अवस्थामा खाएको ऋण चुक्ता गर्नको लागि घर जग्गा बिक्री भएको अवस्थामा घर चाहिँ आफ्नो निजी आर्जनको भनी जिकिर लिनु सान्दर्भिक देखिँदैन । आफू दुग्ध विकास संस्थानको कर्मचारी भएको नाताले कर्मचारी सञ्चयकोषमा जम्मा भएको रकम र अवकास हुँदा प्राप्त सुविधाबापतको रकमबाट घर निर्माण भएको भन्नु मात्र पर्याप्त हुँदैन । त्यसको तथ्ययुक्त र वस्तुनिष्ट आधार प्रमाण पनि देखिन उत्तिकै आवश्यक हुन्छ । निजी तवरबाट वादीले घर निर्माण गरेको देखिने कुनै प्रमाण पेस गर्न सकेको अवस्था नहुँदा उक्त कि.नं. ५६३ को जग्गामा बनेको घर पुनरावेदक वादीको निजी आर्जनको घर रहेछ भनी मान्न मिल्ने नदेखिने ।

तसर्थ, घरतर्फ दाबीबमोजिम ४ भागको १ भाग लिखत बदर गरेको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी कि.नं. ५६३ को जग्गा र सो जग्गामा बनेको घरतर्फसमेत वादीको दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालबहादुर कार्की / विनिता भारती

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-CR-०६४८, जालसाजी, सुदर्शन पन्त वि. भवानी पन्त

- ०७६-CR-०६४९, ०७६-CR-०६५०, जालसाजी, जीवनकुमार पन्त वि. भवानी पन्तसमेत, कुन्दनकुमार पन्त वि. भवानी पन्तसमेत

## इजलास नं. ५

### ३६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-CI- १०७८, बाली बिगो, टन्टु तेली वि. रामचन्द्र कलवारसमेत*

प्रतिवादीमध्येका रामचन्द्र कलवारले यिनै वादीउपरमा दिएको दे.नं. १२१५ को जग्गा खिचोला मुद्दामा कि.नं. १३२ को जग्गामध्येबाटै यी वादीले ज.बि. ०-२-२ जग्गा खिचोला गरेको ठहरी चलनसमेत पाई तामेली आदेश भएको भन्ने जिकिरका सम्बन्धमा हेर्दा उल्लिखित प्रतिवादी रामचन्द्र कलवारसँगको जग्गा खिचोला मुद्दा पुनरावेदक वादीले कि.नं. ३३८ को जग्गा खिचोला मुद्दा दिई पुनरावेदन तहबाट अन्तिम फैसला भइसकेर सो मुद्दा कार्यान्वयनको चरणमा रहेको अवस्थामा मात्र परेको देखिएबाट वादीसँगको मुद्दाको फैसला कार्यान्वयनलाई प्रभावित पार्ने मनसायबाट मात्र पछिल्लो खिचोला मुद्दा दायर गरिएको हो कि भनी आशंका गर्नु अन्यथा नहोला । यदि, त्यसो नहुँदो हो त पुनरावेदक वादीले यी ५(पाँच) जना प्रतिवादीमध्येका १ (एक) जना रामवृक्ष कलवारसँग खिचोला गरेको ठहर भएको ज.बि. ०-२-२ जग्गा, वादीको ठहर भई निजले चलन चलाइपाउने ज.बि. ०-९-१९१/२ जग्गामा कटाइ एकआपसमा समझदारी कायम गरी जग्गा भोगचलन गर्न प्रतिवादीहरूलाई कानूनतः र व्यवहारतः पनि कुनै बाधा व्यवधान हुने देखिँदैन । जबकि, पछिल्लो फैसलाले खिचोला ठहरेको ज.बि. ०-२-२ जग्गाको सम्बन्ध देखाइ पुनरावेदक वादीले २ वर्षअघिकै फैसलाबाट चलन पुर्जी पाइसकेको ज.बि. ०-९-१९१/२ जग्गामा हालसम्म चलन गर्न बखेडा सिर्जना गर्नुको पछाडि यी प्रतिवादीहरूको नियत सफा रहेको देखिएन । अर्कोतर्फ, प्रतिवादी रामचन्द्र कलवारले वादीबाट जितीपाएको ज.बि. ०-२-२ जग्गा वादीले चलन गर्न नदिएको जिकिर लिए तापनि सो सम्बन्धमा ऐन, मौकामा बाली बिगो भराइपाउन भनी मुद्दा दायर गरेको पनि नदेखिने ।

तसर्थ, पुनरावेदक वादीले यिनै विपक्षीहरूका उपर दायर गरेको २०५४ सालको दे.नं. ७४०/१९१ को जग्गा खिचोला मुद्दामा विवादित कि.नं. ३३८ को ज.बि. ०-१५-० जग्गामध्ये ज.बि. ०-९-१९१/२ जग्गासम्म प्रतिवादीहरूले खिचोला गरेको ठहरी तह तह हुँदै अन्तिम किनारा भएको उक्त फैसलालाई यी प्रतिवादीहरूले अन्यथा भन्न नसकेको, साधिकार निकायबाट भएको फैसलालाई बेवास्ता गरी यी प्रतिवादीहरूले अनवरत खिचोला नछाडी चलन पुर्जी पाएपछि पनि अनधिकृत रुपमा बाली लगाइदिनुपर्ने बालीसमेत नदिएको, दोस्रो पटकको चलन पुर्जीबमोजिम पनि यी प्रत्यर्थी प्रतिवादीहरूले पुनरावेदक वादीलाई फैसलाले जिती पाएको जग्गालाई भोगचलन गर्न नदिई यी वादीले तेस्रो पटक चलन पुर्जीका लागि दरखास्त दिई उक्त दरखास्तउपर कारबाही हुँदा सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६४।४।१० गतेको डोर मुचुल्काबमोजिम मिति २०६४।५।१७ गते अन्तिमपटक निज वादीलाई च.नं. ६११७, बिगो नं. २४८/२३ को पत्रबाट चलन पुर्जी दिएको देखिएको र सो मिति अधिदेखि विवादित साबिक नवलपरासी जिल्ला, बैदौली गाउँ विकास समिति.वडा नं.१ को कि.नं.३३८ को ज.बि. ०-१५-० मध्ये ज.बि. ०-९-१९१/२ जग्गा फिराद दायर हुँदाका मितिसम्म यी प्रत्यर्थी प्रतिवादीहरूकै अनधिकृत कब्जामा रहेको मिसिल संलग्न प्रमाणहरूबाट देखिएको, प्रत्यर्थी प्रतिवादीहरूले पुनरावेदक वादीलाई तह-तह हुँदै साधिकार निकायबाट भएको फैसला कार्यान्वयन गर्न फैसला भएका मितिदेखि नै बाधा व्यवधान गरी पटकपटक अवरोध सिर्जना गरेको देखिई, अनवरत जग्गा खिचोला कायमै राखेका कारण ऐनका हदम्यादभित्रै प्रस्तुत मुद्दा दायर भएको देखिएकोसमेतबाट यी वादी दाबीको कि.नं. ३३८ को ज.बि. ०-१५-० मध्ये ज.बि. ०-९-१९१/२ जग्गाको २०५७ सालदेखि २०६३

सालसम्मको ७(सात) वर्षको अवधिको आधा बाली भराउनुपर्नेमा सो भराउनु नपर्ने गरी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६५।५।९ मा भएको फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।६।२१ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक वादीले ७ (सात) वर्षको कानूनबमोजिमको आधा बाली भराइपाउने ठहर्छ । वादीको दाबीबमोजिम उखु बालीको प्रस्तुत फिराद दायर गर्दा कायम रहेको बजार मूल्य प्रतिक्विन्टल मूल्य रू.२००।- का दरले हुन आउने रकम भराइपाउँ भन्ने दाबी सो हदसम्म पुग्न सक्दैन। यिनै वादी प्रतिवादी भई चलेको संवत् २०५७ सालको दे. नं. ११०२/१२८ को बाली बिगो मुद्दामा उखु बालीको बिगो भरिभराउ हुँदा कायम रहेको प्रतिक्विन्टल रू.११९।- का दरले हुने बिगोसम्म वादीले प्रतिवादीहरूबाट भरिपाउने।

इजलास अधिकृत: भूमिप्रसाद शर्मा

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल वैशाख १० गते रोज ६ शुभम्।

## ३६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-CI-१४१७, फिल्डबुक बदर, नापी निर्णय बदरसमेत, सुभान मियाँ अन्सारी वि. सलामुन खातुन*

पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा पुनरावेदक प्रतिवादी २०३६ सालदेखि कि.नं.५६ को ८४.५६ (०-०-५) जग्गामा पक्की घर बनाई बसोबास गरेकोमा मिति २०५५।९।२३ मा सर्भे नापी हुँदा उक्त कि.नं.को घरजग्गा पुनरावेदकको नाममा नापी भएको देखिन्छ । प्रत्यर्थी वादीले अदालतमा फिराद दायर गर्नुअघि मिति २०६१।०३।०१ मा नक्सा सिट नं. ०३११-२५ कित्ता नं. ५६ को जग्गाधनी प्रमाण पुर्जा पाउँ भनी द.नं. १९०२ को निवेदन १ नं. नापी गोश्वारा कार्यालय वीरगन्जमा दर्ता गराएकोमा उक्त निवेदनको कैफियत खन्डमा उल्लिखित व्यक्तिलाई म्याद काट्ने भन्ने मिति २०६१।३।२० मा आदेश भई पुनरावेदक प्रतिवादीको प्रतिवाद परेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले मिति २०६२।२।१२ मा १ नं. नापी गोश्वारामा उल्लिखित कि.नं. ५६ को जग्गा आफूले हकभोग गरेकोले स्ववासी दर्ता गराइपाउँ भनी निवेदन दिएकोमा दुवै पक्षको निवेदनको सम्बन्धमा १ नं. नापी गोश्वाराले कारबाही गरी स्थलगत सर्जमिन मुचुल्का तयार गरी मुचुल्का पेस गर्ने भन्ने आदेश भएकोमा मिति २०६५।०२।०५ मा १ नं. नापी गोश्वाराका अमिन धर्मेन्द्र झा र नायब सुब्बा मनोजकुमार खरेलले वडा नं. १६ को वडा सचिव र सधियारहरूसमेतको रोहबरमा गरिएको स्थलगत सर्जमिन मुचुल्कामा कि.नं. ५६ को जग्गामा पुनरावेदकको घरबास रही स्थायी रूपमा बसोबास गरेको भनी सर्जमिन मुचुल्का गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । पुनरावेदकको स्थायी बसोबास रहेको र जग्गाको हकभोगसमेत पुनरावेदकको नै रहेको भन्ने आधारमा १ नं. नापी गोश्वाराले मिति २०६५।०५।१३ मा कि.नं. ५६ को घरजग्गा जग्गा नाप जाँच ऐन, २०१९ दफा ५ र ६ अनुसार पुनरावेदक सुभान मियाँ अन्सारीको नाममा स्ववासी दर्ता गर्ने निर्णय भई मालपोत कार्यालय पर्साबाट मिति २०६६।७।११ मा स्रेस्ता अद्यावधिक गराएको देखिन्छ । यसरी प्रत्यर्थी वादीले उक्त मिति २०६५।०५।१३ को जग्गा दर्ता गर्ने १ नं. नापी गोश्वारा कार्यालयको निर्णय बदर गराउनेतर्फ साधिकार निकायमा नालेस उजुरी गरेको देखिँदैन । यी वादीले मालपोत कार्यालय वीरगन्ज पर्सामा कि.नं. ५६ को जग्गा स्ववासी दर्ता गर्ने निर्णय बदर गरी आफ्नो नाममा जग्गा दर्ता गरिपाउँ भनी निवेदन दिएकोमा मालपोत कार्यालय वीरगन्ज पर्साको मिति २०६९।७।१९ को आदेशले १ नं. नापी गोश्वाराको दर्ता बदर गर्ने अधिकार आफूमा नरहेकोले सम्बन्धित अदालतबाट निर्णय गराई ल्याएमा दर्ता गर्ने भन्ने निर्णय भएकोमा सो निर्णयलाई मिति २०६९।८।१७ मा सारेको हदम्याद कायम गरी सुरू पर्सा जिल्ला अदालतमा फिराद दायर गरेको देखिने।

तसर्थ: पुनरावेदन अदालत हेटौंडाबाट

पुनरावेदक प्रतिवादीको नामको कि.नं. ५६ को फिल्डबुक बदर, नापी निर्णय बदर स्रेस्ता अद्यावधिक बदर, हा.सा. बदर, दर्ता बदर गरी वादीको नाममा दर्ता कायम गर्ने गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई फिराद दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर हुने ।

इजलास अधिकृत: बासुदेव पाण्डे

कम्प्युटर: सुजन नेपाल

इति संवत् २०७९ साल श्रावण २९ गते रोज १ शुभम् ।

**३७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-WO- ०९४५, उत्प्रेषण / परमादेशसमेत, मणिराम उपाध्यायसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

कोरोना भाइरसबाट पूरै विश्व आक्रान्त भएपछि वैज्ञानिकहरूले यसबाट बच्न र यसको प्रकृतिबारे थाहा पाउन नयाँ नयाँ खोज, अनुसन्धानहरू सुरू गरिसकेको देखिन्छ । यसै सिलसिलामा यो भाइरस कुन ठाउँमा कति समय बाँच्न र कति समय मानिसहरूलाई प्रभावित गर्न सक्छ, कुन कुन माध्यमबाट कसरी सर्छ भन्नेबारेमा खोज, अनुसन्धानहरू भई नयाँ नयाँ तथ्यहरू पनि सार्वजनिक हुँदै आइरहेको देखिन्छन् । चिनियाँ समाचार पत्र ग्लोबल टाइम्सका अनुसार, स्वास्थ्य विज्ञानसँग सम्बन्धित संस्था "मिडरसिभ" ले अध्ययनका आधारमा ११ मार्चमा प्रकाशित एउटा प्रतिवेदनमा खुला सतहमा वा तामाको सतहमा वा प्लाष्टिक वा स्टेनलेस स्टिलको सतहमा के कति समय जीवित रहन सक्छ भन्नेसमेतको अध्ययन भएको देखिन्छ । यो भाइरस विभिन्न माध्यमहरू जस्तै तरल वस्तु, वायुमण्डल वा अन्य विविध माध्यमबाट फैलने वा अनुकूल स्थिति रह्यो भने कैयौँ दिनसम्म पनि जीवित रहने वा सङ्क्रमित व्यक्तिसँग प्रत्यक्ष सम्पर्कबाट वा श्वासप्रश्वास वा सङ्क्रमित सतह वा वस्तुहरूबाट सर्ने, फैलने जस्ता सङ्क्रमण हुन सक्ने भनी अध्ययन भएको पनि पाइने ।

उपर्युक्तबमोजिम नेपाल सरकारको तर्फबाट कोभिड रोकथाम र नियन्त्रणका सम्बन्धमा यस अदालतबाट विभिन्न निवेदनहरूमा पटक पटक आदेश जारी भएको र आयातित तरकारी तथा फलफूलहरूको विषादी परीक्षणका सन्दर्भमा पनि नेपाल सरकारबाट सम्बन्धित मन्त्रालयहरू मार्फत आवश्यक कार्यहरू भएको भन्नेसमेत देखिएको स्थितिमा रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने । अत: प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भूमिप्रसाद शर्मा

इति संवत् २०७८ साल चैत्र २१ गते रोज २ शुभम् ।

**३८**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-WO-०५९१, उत्प्रेषण / परमादेश, हरिशंकर ज्ञवाली वि. न्याय सेवा आयोग, सिंहदरबार, काठमाडौंसमेत*

नायब महान्यायाधिवक्ताको विशिष्ट श्रेणीको पद रिक्त भएपछि नेपाल न्याय सेवामा रहेका तीन समूह न्याय, कानून र सरकारी वकिल समूहमध्ये राजपत्राङ्कित प्रथम श्रेणीका बढुवा हुन योग्यता पुगेका अधिकृतहरूमध्येबाट जुनसुकै समूहको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत उक्त विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता पदमा बढुवा हुन सक्ने भन्ने कानूनी व्यवस्था भएकोले सरकारी वकिल समूहका सहन्यायाधिवक्ता नै उक्त विशिष्ट श्रेणीको पदमा बढुवा हुन्छन् भनी निष्कर्ष निकाल्न सकिने अवस्था देखिँदैन । उल्लिखित कानूनी व्यवस्थाबाट निवेदकले माग गरेअनुसार नेपाल न्याय सेवा विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता पद रिक्त हुने अवस्थामा नेपाल न्याय सेवा, सरकारी वकिल समूहका सहन्यायाधिवक्ताबाटै रिक्त पदमा बढुवा भई उक्त पदलाई रिक्त मानी बढुवाको लागि प्रतिशत निर्धारण गर्न कानूनतः मिल्ने भन्ने देखिएन । तसर्थ महान्यायाधिवक्ताको कार्यालयको मिति २०७९।६।७, च.नं. ५४० पत्रबाट प्रतिशत निर्धारणका लागि आएको उक्त नेपाल न्याय सेवा, विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता पद रिक्त हुँदा नेपाल न्याय सेवा, सरकारी वकिल समूहको सहन्यायाधिवक्ता पद रिक्त

नहुने मानी बढुवाको लागि प्रतिशत निर्धारणमा समावेश नगरेको न्याय सेवा आयोगको निर्णयलाई अन्यथा भन्न सक्ने नदेखिने।

तसर्थ नेपाल न्याय सेवा, सरकारी वकिल समूहको राजपत्राङ्कित प्रथम श्रेणीको रिक्त पदपूर्तिका लागि न्याय सेवा आयोगबाट मिति २०७९।६।९ मा भएको प्रतिशत निर्धारण गर्ने निर्णयमा सूत्रबमोजिम क्र.सं. १७ औँ पदको प्रतिशत कार्यक्षमताको मूल्याङ्कनद्वारा र क्र.सं. १८ औँ पदको प्रतिशत आन्तरिक प्रतियोगिताद्वारा हुनुपर्नेमा सोबमोजिम नभई क्र.सं. १७ औँ पदलाई खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने गरी न्याय सेवा आयोगले प्रतिशत निर्धारण गरी लोक सेवा आयोगलाई पठाएको च.नं. ०७, मिति २०७९।६।९ को पत्र र पत्रानुसार लोक सेवा आयोगबाट पदपूर्तिका लागि मिति २०७९।६।२६ गते गोरखापत्र प्रकाशित विज्ञापन, विज्ञापन नम्बर १६६५५/०७९/८० मध्येको १ पदको विज्ञापन सो हदसम्म कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

न्याय सेवा आयोगबाट मिति २०७९।६।९ मा गरेको प्रतिशत निर्धारण र सोही प्रतिशत निर्धारणका आधारमा भएका लोक सेवा आयोगसमेतका काम कारबाही खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने १ (एक) पदको हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर भएकोले र अन्य पदहरूका हकमा विज्ञापन भई परीक्षासमेत समाप्त भई यसै अदालतको मिति २०७९।९।३ को आदेशले उक्त विज्ञापनबमोजिमको अन्तरवार्ता र नतिजा प्रकाशन कार्यसम्म रोकिएकोले एवं कर्मचारीको समयमा नै बढुवा भई वृत्ति विकास एवं ज्येष्ठता कायम हुन पाउने वैधानिक अपेक्षासमेतलाई मनन गर्दा मिति २०७९।६।९ को न्याय सेवा आयोगको निर्णयमा नै कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवामा प्रतिशत निर्धारण भएको मानी बढुवा सूचना प्रकाशन गर्नु गराउनु भनी न्याय सेवा आयोग र लोक सेवा आयोगका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: निराजन पाण्डे

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम्।

## इजलास नं. ७

३९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०६९-CR-१०८६, डाँका, नेपाल सरकार वि. लक्ष्मण लामासमेत*

प्रस्तुत मुद्दाको अभियोगपत्रमा लक्ष्मण लामा र खुईले भन्ने शेरबहादुर गुरूङ दुई जनालाई मात्र प्रतिवादी बनाई अन्य प्रतिवादीहरूको नाम, थर, वतनसमेत खुलाएको पाइँदैन । वादीले डाँकाकै वारदात घटेको भनी भरपर्दो तथा वस्तुनिष्ठ सबुद प्रमाणले प्रमाणित गर्न सकेकोसमेत नदेखिँदा प्रस्तुत वारदात डाँकाको परिभाषाभित्र पर्ने नदेखिने।

प्रस्तुत मुद्दाको तथ्य एवम् वारदातको प्रकृति हेर्दा प्रस्तुत वारदात मुलुकी ऐन, चोरीको महलको दफा ४ ले परिभाषित गरेको जबरजस्ती चोरीको कसुर भएको देखिन्छ। यी प्रतिवादीहरूले डाँका गरेको भन्ने डाँकातर्फको नेपाल सरकारको सो हदसम्मको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत पोखराबाट भएको फैसला मनासिब नै देखिने।

प्रतिवादीहरूलाई जनही रू. १,६१,२५०। (एक लाख एकसठ्ठी हजार दुई सय पचास रूपियाँ मात्र) जरिवाना गरेकोमा सोबापत कैद गर्नुपर्नेमा सो नगरी प्रतिवादीहरूलाई जनही ११/२ (डेढ) महिना कैद र रू. १,६१,२५०। (एक लाख एकसठ्ठी हजार दुई सय पचास रूपियाँ मात्र) जरिवाना गर्ने गरेको तनहुँ जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पोखराको फैसलामा सहमत हुन नसकिने।

अतः यी प्रतिवादीहरूलाई जनही ११/२ (डेढ) महिना कैद र रू. १,६१,२५०। (एक लाख एकसठ्ठी हजार दुई सय पचास रूपियाँ मात्र) जरिवाना गरी सो जरिवानाबापत कैद गर्नुपर्नेमा सुरू तनहुँ जिल्ला अदालतबाट प्रतिवादीहरू लक्ष्मण लामा र खुईले भन्ने शेरजंग गुरूङले जाहेरवालाको बिगो रू. १,०७,५००।-

(एक लाख सात हजार पाँच सय रूपियाँ) बराबरको धनमाल मुलुकी ऐन, चोरीको महलको दफा ४ बमोजिम कसुर गरेको ठहऱ्याई निजहरूलाई जनही ११/२ (डेढ) महिना कैद र रू. १,६१,२५०।- (एक लाख एकसट्ठी हजार दुई सय पचास रूपियाँ मात्र) जरिवाना गर्ने गरेको फैसलालाई पुनरावेदन अदालत पोखराबाट सुरू फैसला सदर गर्ने गरेकोमा सो जरिवाना रू. १,६१,२५०।- बापत कैद नगरेको हदसम्म फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू लक्ष्मण लामा र खुईले भन्ने शेरजंग गुरूङलाई जनही ११/२ (डेढ) महिना कैद र जरिवाना रू. १,६१,२५०।- (एक लाख एकसट्ठी हजार दुई सय पचास रूपियाँ मात्र ) बापत दण्ड सजायको ३८ नं. मा भएको कानूनी व्यवस्थाअनुसार ४ वर्ष मात्र कैद हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर: चन्द्राबती तिमल्सेना

इति संवत् २०७५ साल माघ २८ गते रोज २ शुभम्।

## इजलास नं. ८

### ४०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-०६९७, सङ्गठित अपराधअन्तर्गतको अपहरण, तथा शरीर बन्धक र ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. चंचल पाण्डेसमेत*

प्रस्तुत मुद्दाका जाहेरवाला सौरभ केडियाले दिएको जाहेरी दरखास्तमा मिति २०७३।२।१४ गतेको मिति उल्लेख गरेको भए तापनि उक्त जाहेरी दरखास्त २०७३।२।१६ गते मात्र दर्ता भएको पाइन्छ भने उक्त जाहेरी दरखास्तमा अपराध गर्ने व्यक्तिहरूको नाम थर हुलियामा अज्ञात व्यक्तिहरू भन्ने उल्लेख भएको देखिन्छ। निज जाहेरवाला सौरभ केडिया सुरू जिल्ला अदालतमा उपस्थित भई बकपत्र गर्दा स.ज.३ मा प्रतिवादी चंचल पाण्डे, जियालाल प्रसाद यादवलाई चिन्दछु भनी बकपत्र गरेका छन् भने स.ज.६ मा बाबु सुरेश केडियालाई अज्ञात व्यक्तिहरूले अपहरण गरेका, स.ज.१० मा अपहरण गर्ने तथा चालकलाई गोली हान्ने व्यक्ति भारतीय थिए, स.ज.११ मा यी प्रतिवादीहरूले फिरौती रकम माग गरेका होइनन्, स.ज.१३ मा चालकले कसैको नाम पोल गरेनन्, स.ज.२० मा बाबुले यी प्रतिवादीहरू घटनास्थलमा नभएकोले केही भनेनन्, स.ज.२५ मा प्रतिवादीहरूलाई शंका गरी आरोप लागाएको हुँ भनी बकपत्र गरेबाट प्रस्तुत मुद्दामध्येका यी प्रतिवादीहरू पीडित सुरेश केडियालाई अपहरण गरी शरीर बन्धक लिने कार्यमा संलग्न रहेछन् भन्ने कुरा पुष्टि हुन आएन। अर्कोतर्फ स्वयं पीडित सुरेश केडियाले मिति २०७३।०४।०१ मा घटना विवरण कागज गर्दा भारतीय गाडीबाट ३ जना झरी मलाई बिचमा बसाली दायाँ बायाँ २ जना व्यक्ति बसी भारततर्फ लगेको भन्नेसमेत बेहोरा उल्लेख गरेका छन् भने निज सुरेश केडिया सुरू अदालतमा उपस्थित भई मौकाको कागज बेहोरालाई पुष्टि हुने गरी बकपत्र गर्न नसकेकोसमेतबाट भारतीय कारागारमा रहेका बब्लु दुवेको योजनाबमोजिम रन्जन मिश्र भन्ने राजन झासमेतको टोलीले सुरेश केडियालाई अपहरण गरी भारतको विहारमा लगी शरीर बन्धक बनाएका र भारतीय प्रहरीको सहयोगमा सुरेश केडियालाई अपहरण मुक्त गरी नेपाल प्रहरीलाई बुझाएको र अपहरण गर्ने कार्यमा प्रयोग भएको गाडी हातहतियार र चालकलाई भारतीय प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको भन्ने तथ्य मिसिल कागजातबाट देखिइरहेको तथा रन्जन मिश्र भन्ने राजन झाले गरेको भारतीय प्रहरीसमक्षको बयान मिसिल संलग्न रहेको उक्त बयान कागजमा प्रस्तुत मुद्दाका प्रतिवादीहरूको नाम नामेशी रहेको नदेखिएबाट समेत यी प्रतिवादीहरू प्रस्तुत मुद्दाको वारदातमा संलग्न रहेको भन्ने अभियोग दाबी शंकारहित तवरबाट वादी पक्षले प्रमाणित गर्न सकेको देखिन नआउने।

सङ्गठित आधारमा अपराधीहरूको देशभित्रै मात्र भए पनि एक अर्काबिच सानो ठुलो सञ्जाल रहेको हुन्छ। उनीहरूको बिचमा अपराधको सम्बन्धमा समय समयमा सम्पर्क र सूचनाको आदान प्रदान हुनुको साथै सूचनाको माध्यमबाट पनि योजना

र तयारी भइरहेको हुन्छ । सूचनाबाट नै अपराधको सम्बन्धमा त्यस्तो तयारी हुनुको साथै सोही समूहका व्यक्ति वा उनीहरूले परिचालन गरेका भाडाका अन्य व्यक्तिहरूबाट पनि वारदात घटाउन र अपराधको कार्य हुने गर्दछ । सङ्गठित अपराधअन्तर्गतको वारदातको योजना, तयारी र क्रिया अलि फराकिलो दायरमा भएको हुन्छ । अपराधको क्रियामा संलग्न सबै व्यक्तिहरू सूचनाको माध्यमबाट भए पनि एक अर्कामा जोडिने र जोडिएका हुने गर्दछन् । यी सबै तथ्यहरू मालाकार रूपमा प्रत्यक्ष, अप्रत्यक्ष एवं अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुनुपर्दछ । सङ्गठित अपराधअन्तर्गतको अपहरण शरीर बन्धक र ज्यान मार्ने उद्योग जस्तो गम्भीर एवं जघन्य कसुरमा सोसँग सम्बन्धित प्रत्यक्ष एवं अन्य स्वतन्त्र प्रमाणहरूबाट कसुर पुष्टि नभएसम्म कसैलाई पनि कसुर कायम गरी सजाय गर्न फौजदारी न्यायको सिद्धान्तको अनुकूल नहुने ।

प्रस्तुत वारदातमा वारदातबाट अपहरित गरिएका व्यक्ति सुरेश केडिया र वारदातबाट घाइते पीडित श्याम उमेश प्रसाद साह कानु रहेका छन् । उनीहरू नै घटनाका प्रत्यक्षदर्शी हुन् । उनीहरूले अदालतमा आएर उक्त वारदातमा यी प्रतिवाद द्वय चंचल पाण्डे र वीरेन्द्रकुमार यादव उपस्थित रहेका,निजहरूले उक्त वारदातमा हतियार छाडेका अर्थात् गोली चलाएका र सुरेश केडियालाई अपहरण गरी लगेका हुन् भनी किटान गरी भन्न सकेको अवस्था छैन । मौकामा कागज गर्ने व्यक्तिले अदलतमा गरेको बकपत्रमा समेत यी प्रतिवादीहरूले कसुर गरेका हुन भनी भनेको अवस्था छैन । यी प्रतिवादीहरूले प्रयोग गरेको मोबाइल नम्बरका सिम यिनीहरूको नाममा दर्ता नभए पनि उक्त नम्बरको सिमको मोबाइल यिनीहरूले नै प्रयोग गरेको भन्ने तथ्य उक्त नम्बरको सिम दर्ता रहेको व्यक्तिले पनि भन्न सकेको अवस्था छैन । गम्भीर प्रकृतिका जघन्य कसुरमा हलुङ्गा, कमजोर, अप्रत्यक्ष प्रमाण शंका र अनुमानका आधारमा मात्र कसुर कायम गरी दोषी ठहर गर्नु न्यायोचित हुँदैन । तसर्थ प्रतिवादीहरू चंचल पाण्डे, जियालालप्रसाद यादव (इनर्वावाला), जियालाल यादव (ब्रहमपुरीवाला), विरेन्द्रप्रसाद यादवसमेतलाई कसुरदार ठहर गर्नु न्याय र कानूनको रोहमा मिल्ने देखिन नआउने ।

सुरू बारा जिल्ला अदालतबाट यी प्रतिवादीहरूलाई कसुर कायम गरी सजाय गर्ने गरी मिति २०७४।३।१५ मा भएको फैसला उल्टी गरी पुनरावेदक/ प्रतिवादीहरू चंचल पाण्डे, वीरेन्द्रप्रसाद यादव, जियालालप्रसाद यादव (इनर्वावाला), जियालालप्रसाद यादव (ब्रम्हपुरीवाला) समेतलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।१२।६ मा भएको फैसला कानूनसम्मत एवं मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

इति संवत् २०७६ साल माघ २८ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

### ४१

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-०१८९, बन्दीप्रत्यक्षीकरण, काजी गुरूङ वि. उच्च अदालत पाटनसमेत*

बैंकिङ कसुर मुद्दाका जाहेरवाला दीपक अर्यालले जाहेरी दिँदाको बखत नै यी निवेदकको स्थायी ठेगाना स्याङ्जा जिल्ला आँधीखोला गाउँपालिका वडा न १ भए पनि हाल काठमाडौँ जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६ सामाखुसी भनी बसोबास रहेको उल्लेख गरेको देखिन्छ भने उच्च अदालत पाटनबाट फैसला हुँदासमेत विरूद्ध खण्डमा सोही ठेगाना उल्लेख भएको पाइन्छ । यसका साथै निवेदक मिति २०६८ सालदेखि नै काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं.१० मा श्रीमती शिला गुरूङका नाउँमा घरजग्गा खरिद गरी स्थायीरूपमै यहीँ व्यापार व्यवसाय गरी बसोबास गर्दै आएको भनी रिट निवेदनमा उल्लेख गरेको र जग्गाधनी दर्ता प्रमाणपत्र, टोखा नगरपालिकाबाट जारी

भवन निर्माण सम्पन्न प्रमाणपत्र तथा मिति २०७८-४-१२ मा बसाइँसराइ (बसाइँसराइ दर्ता प्रमाणपत्र नं. २०२८०११४०१४३६-५) समेतबाट उक्त निवेदन बेहोरा पुष्टि भएको देखिने।

प्रस्तुत रिट निवेदक प्रतिवादी भएको मुद्दामा निजको घरदैलामा तामेल भएको मिति २०७७।०९।०९ गतेको निजको नामको म्याद रीतपूर्वक तामेली भएको मान्न मिलेन र त्यस्तो म्यादको आधारमा प्रतिवादी यी निवेदकले म्याद गुजारेको मानी उच्च अदालत पाटनबाट मिति २०७८।११।०१ मा भएको फैसला कानूनसम्मत भएको मान्न मिल्ने नदेखिँदा उक्त म्याद तथा फैसला उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। यी निवेदक कारागार कार्यालय, नख्खु, ललितपुरमा थुनामा रहेको देखिँदा त्यस अदालतमा उपस्थित गराई कानूनबमोजिम उक्त मुद्दाको कारबाही किनारा गर्नु भनी विपक्षी उच्च अदालत पाटनका नाममा परमादेशको आदेश जारी गरिदिएको छ।

निवेदकका नाममा तामेल भएको म्याद तथा सोका आधारमा भएको फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने र निज निवेदकलाई त्यस अदालतमा उपस्थित गराई उक्त मुद्दामा कानूनबमोजिम कारबाही किनारा गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी भएको र साधिकार निकायबाट भएको फैसलाले लागेको जरिवानाबापत निवेदकले कैद भुक्तान गरिरहेका र सो भुक्तान भइसकेको अवस्था नहुनुका साथै निजउपर दायर भएको मुद्दामा पुनः कारबाही चली निर्णय हुन बाँकी नै रहेको अवस्था विद्यमान हुनुका साथै निवेदन मागअनुसार माथि उल्लेख भएबमोजिम परमादेशको आदेशको परिणाम स्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्ने र अन्य तथ्यगत एवं कानूनी प्रश्नको निरूपण निज प्रतिवादीउपर लागेको बैंकिङ कसुर मुद्दामा गरिने सुनुवाइका क्रममा हुने नै भएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ वैशाख ७ गते रोज ४ शुभम्।

## ४२

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६९-CI-११६४, निर्णय बदर दर्ता कायम, नाति ताम्राकारसमेत वि. आशाकाजी ताम्राकार*

स्वर्गीय पिता इन्द्रलालको मृत्यु भएपश्चात् स्वर्गीय पिताका आफूसमेत ८(आठ) जना हकवाला छोराहरू भएकोमा आफू एक मात्र हकवाला छोरा रहेको भनी स्वर्गीय पिताका नामका जग्गाहरू एकलौटी दर्ता गरिदिन भनी सिफारिसका लागि यी प्रतिवादीले तत्कालीन गाउँपञ्चायत कार्यालयमा झुट्ठा बेहोराको निवेदन दिएको र उक्त कार्यालयले पनि सोही बेहोराको आधारमा निवेदन माग अनुसार गरिदिन मालपोत कार्यालयलाई सिफारिस गरेको र यी प्रतिवादीले सो सिफारिससाथ राखी स्वर्गीय पिताका नामका जग्गाहरू एकलौटी दर्ता गरिपाउन मालपोत कार्यालयमा निवेदन दिएकामा प्रचलित कानूनबमोजिम हकदाबीको सूचनासमेत प्रकाशित नगरी प्रतिवादीको निवेदन मागअनुसार निजका स्वर्गीय पिताका नामका जग्गाहरू एकलौटी यी प्रतिवादीका नाममा दर्ता गर्ने गरेको मालपोत कार्यालय काभ्रेपलाञ्चोकको मिति २०४४/१२/१७ को निर्णय कानूनप्रतिकूल एवं दूषित देखिन आएकाले उल्लिखित यस अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार त्यस्तो निर्णय दाखेल खारेज बदर गराउन हदम्याद बाधक हुने र कुनै निश्चित कार्यविधि अपनाउनुपर्ने भन्ने देखिँदैन। मालपोत कार्यालयको मिति २०४४/१२/१७ को निर्णय बदर गराउन पुनरावेदन अदालतमा पुनरावेदन गर्नुपर्नेमा जिल्ला अदालतमा फिराद परी जिल्ला अदालतबाट मालपोत कार्यालयको निर्णय बदर हुने ठहऱ्याई भएको फैसला उल्टी गरी क्षेत्राधिकारको अभावमा वादी दाबी खारेज हुने गरी पुनरावेदन अदालतबाट फैसला न्यायसङ्गत मान्न मिल्ने नदेखिने।

प्रतिवादी आशाकाजी ताम्राकारले आफ्नो स्व.पिता इन्द्रलाल ताम्राकारको नाम दर्ताको दाबीका जग्गाहरू अन्य हकवालाहरूलाई नै लोप गरी स्वर्गीय पिताको मृत्युपश्चात् आफू एक मात्र हकवाला छोरा रहेको भनी तत्कालीन गाउँ पञ्चायत कार्यालयमा निवेदन दिई

सो अनुरूप उक्त कार्यालयबाट सिफारिस गराइ सो सिफारिसका आधारमा माथि उल्लेख भएबमोजिम हक दाबीको सार्वजनिक सूचना प्रकाशित गर्ने बाध्यात्मक कानूनी प्रक्रियासमेत पूरा नगरी विपक्षी प्रतिवादीका नाममा दाबीका जग्गा एकलौटी दर्ता गर्ने गरेको मालपोत कार्यालयको मिति २०४४/१२/१७ को दूषित निर्णय दर्ता बदर गरेको सुरू फैसला सदर गर्नुपर्नेमा क्षेत्राधिकारको अभावमा फिराद दाबी खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनको मिति २०६९/०७/२३ को फैसला माथि विवेचित आधार, कारण एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतलाई दृष्टिगत गर्दा न्यायको रोहमा मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम प्रतिवादीले गराएको उपयुक्त विवादित जग्गाको नामसारी निर्णय र दर्तासमेत बदर गरी वादीहरूको भागसम्म वादीहरूका नाममा नामसारी दर्ता कायम गरिदिनुपर्ने ठहऱ्याएको सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने।

इजलास अधिकृत : लालबहादुर कार्की / रञ्जना विश्वकर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल वैशाख १९ गते रोज २ शुभम्।

४३

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-०६७६, लिखत दर्ता बदर दर्ता, नेसारूलहक अन्सारीसमेत वि. फातमा खातुनसमेत*

वादीले आफ्नो पुनरावेदन जिकिरमा उठाएको यसै लगाउको यिनै वादी प्रतिवादीबिच चलेको ०६९-CI-०८६९ को अंशदर्ता मुद्दामा निजहरू मिति २०१५/२/१ मा मानो छुट्टिएको मिति कायम भई सो मितिपछि आर्जन भए गरेको सम्पत्तिमा बन्डा नलाग्ने भनी गरेको सुरू बारा जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला आजै यसै इजलासबाट सदर हुने ठहरी फैसला भएको अवस्था छ । विवादित लिखतको सम्बन्धमा हेर्दा कि.नं. ४६६ को ०-१-१७ जग्गा प्रतिवादी फातमा खातुनले मिति २०४३/६/२० मा रामदुलारी सिंहबाट रू.२,००,०००।– (दुई लाख रूपियाँ) मा खरिद गरेको र प्रतिवादी मोविना खातुनलाई मिति २०५९/०४/२३ मा हालैको रूपियाँ) बकसपत्रको लिखत पारित गरिदिएको।

मानो छुट्टिएको मितिपछि प्रत्यर्थी/प्रतिवादी फातमा खातुनले मिति २०४३/६/२० मा रामदुलारी सिंहबाट खरिद गरी लिएको कि.नं. ४६६ को ०-१-१७ जग्गा आफ्नो छोरा प्रत्यर्थी/प्रतिवादी नाजीर हुसेनलाई साक्षी राखी आफ्नी बुहारी प्रत्यर्थी/प्रतिवादी मोविना खातुनलाई हालैको बकसपत्रको लिखत पारित गरिदिएको देखियो । उपर्युक्त कानूनी व्यवस्था अनुसार प्रत्यर्थी / प्रतिवादी फातमा खातुनले मानो छुट्टिइसकेपछि खरिद गरेको जग्गामा वादीहरूको अंश हक नलाग्ने र यी प्रत्यर्थी/प्रतिवादी फातमा खातुनले आफूखुस गर्न पाउने अवस्था देखियो । यसरी प्रत्यर्थी / प्रतिवादी फातमा खातुनले आफूखुस गर्न पाउने सम्पत्ति कुनै तरहले हक छाडिदिँदा वादीहरूको मन्जुरी लिनुपर्ने देखिन आउँदैन । यस स्थितिमा वादीदाबीबमोजिम लिखत बदर नहने ठहऱ्याएको सुरू फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिएकोले सो फैसला बदर गरी फिराद दाबी अनुसार गरिपाउँ भन्ने वादीहरूको पुनरावेदन जिकरसँग सहमत हुन नसकिने।

वादी दाबी नपुग्ने ठहऱ्याई सुरू जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०६९/३/२५ को फैसला कानूनसम्मत भई मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई / रंजना विश्वकर्मा

कम्प्युटर: पध्मा आचार्य

इति संवत् २०७९ साल वैशाख १९ गते रोज २ शुभम्।

४४

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-CR-०७३१, ०७४-CR-११७०, ०७४-CR-०८४१, मानव बेचबिखन तथा ओसारपसार, दयाराज कँडेल वि. नेपाल सरकार, राजु गुरूङ वि. नेपाल सरकार, नेपाल सरकार वि. सञ्जय*

*तामाङसमेत*

प्रतिवादीहरूउपरको अभियोग दाबी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) समेत भएकोमा पीडितहरूलाई नविन तामाङको निर्देशनमा खरिद बिक्री गर्न लिएर हिँडेको भन्ने देखिन्छ । आफ्नो चिनजान तथा नाता सम्बन्ध नभएका यी अवोध पीडितहरूलाई निजहरूका अभिभावक वा परिवारका सदस्यको सहमति र मन्जुरीबेगर प्रतिवादीहरू दयाराज कँडेल र राजु गुरूङले काठमाडौंबाट गाडीमा चढाई चितवनसम्म पुऱ्याई होटलमा राखेका र अर्का प्रतिवादी सञ्जय तामाङले अन्य प्रतिवादीहरूको सल्लाहबमोजिम पीडितहरूलाई सोही होटलमा गई भेटघाट गरेको, निज पीडितहरूलाई नेपालको एक स्थानबाट अर्को स्थानसम्म पुऱ्याई गुपचुपरूपमा होटलमा राखेको देखिन्छ । पीडितहरूलाई बिक्री गर्नकै लागि उक्त स्थानमा लगेको भन्ने देखिने तथ्यपरक प्रमाणहरू केही देखिँदैन । पीडितहरूले तत्काल अनुसन्धानको क्रममा अदालतसमक्ष बयान गरी प्रमाणित गरे पनि अदालतमा मुद्दा दायर भएपछि सम्पन्न हुने साक्षी परीक्षणको (Examination of witness) बखतमा अदालतमा उपस्थित भई बकपत्र गरी अनुसन्धानका बखतका भनाइ बेहोरालाई सम्पुष्टि गर्न सकेको पाइँदैन । साथै पीडितहरूलाई बेचबिखनकै लागि प्रतिवादीहरूले उपर्युक्त कार्य गरेको भनी ग्रहणयोग्य (Adminssible Evidence) र तथ्यपरक प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइँदैन । अतः पीडिताहरूलाई बिक्री गर्ने उद्देश्यले नै वारदातस्थलसम्म पुऱ्याएको भन्ने शंकारहित तवरबाट स्थापित हुन नसकेकोले सो हदसम्मको अभियोग दाबी स्थापित हुन सकेको नपाइने ।

प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा भएको बयानसमेत हेर्दा पीडिताहरूलाई प्रतिवादीले पीडिताहरूलाई वारदातस्थल अशोका होटलमा पुऱ्याएको तथ्य स्थापित भएको देखिन्छ । निज पीडिताहरूसँग प्रतिवादीहरूको पूर्व परिचय, नाता सम्बन्ध वा अन्य सरोकार पनि केही रहे भएको देखिँदैन । प्रतिवादीहरू कसैले काठमाडौंबाट पीडिताहरूलाई गाडी चढाउने, कसैले होटल व्यवस्थापन गर्ने, कसैले महेन्द्रनगर पठाउने योजना बनाएकोसमेतका तमाम अवस्थाहरू देखिन्छन् । पीडिताहरूलाई भारत हुँदै किर्गिजिस्तान पुऱ्याउने भन्ने देखिए तापनि प्रतिवादीसँग वैदेशिक रोजगारीमा पठाउने अनुमति-पत्र पनि नदेखिएको र वैदेशिक रोजगारकै लागि पीडिताहरूलाई लगेको र अशोका होटलमा राखेको भन्ने पुष्टि गर्ने तथ्यगत प्रमाण नभएको स्थितिमा प्रतिवादीहरूले गरेको कार्यको समग्र प्रकृति र परिवेशका मूल्याङ्कनबाट पीडिताहरूलाई शोषण गर्ने उद्देश्य र मनसायले नेपालको एक स्थानबाट अर्को स्थानमा लगेको देखिएकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (ख) मा उल्लेख शोषणको कसुर स्थापित हुन आएको देखिने ।

तसर्थ, जाहेरवालीहरूको किटानी जाहेरी, प्रतिवादीहरूको मौका र अदालतमा भएको बयान, पीडितहरूलाई उद्धार गरिएको घटनास्थल मुचुल्कासमेतका माथि विवेचना गरिएका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरू दयाराज कँडेल, राजु गुरूङ र सञ्जय तामाङले पीडितहरूलाई शोषण गर्ने उद्देश्यले काठमाडौंबाट चितवनसम्म पुऱ्याई होटल अशोकामा राखेको देखिन आएबाट निज प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (४) (२) (ख) बमोजिम शोषणसम्मको कसुर गरेको पुष्टि हुन आएकाले पुनरावेदक प्रतिवादीहरूमध्येका दयाराज कँडेल र राजु गुरूङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम जनही कैद वर्ष १०(दश) रू. ५०,०००।- (पचास हजार रूपियाँ) जरिवाना तथा रू.२५,०००।- (पच्चिस हजार रूपियाँ) दरले प्रतिवादीहरूबाट पीडितहरूले क्षतिपूर्ति भराइपाउने ठहऱ्याएको सुरू फैसला सदर गरी उच्च अदालत पाटन, हेटौंडा इजलासले मिति २०७४।०५।२० मा गरेको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू दयाराज कँडेल र राजु गुरूङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को

दफा १५(१)(च) बमोजिम जनही कैद वर्ष २ (दुई) सजाय हुने ठहर्छ । प्रतिवादी सञ्जय तामाङले यस अदालतमा दायर गरेको पुनरावेदन मिति २०७७।०३।२१ मा फिर्ता लिएको देखिए पनि साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५ नं. तथा हाल प्रचलित मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १४४ (२) बमोजिम निजका हकमा समेत इन्साफको रोहमा बोल्नुपर्ने देखिन आएकोले प्रस्तुत मुद्दामा स्थापित वारदातको कसुर र सजायसमेतको दृष्टिकोणबाट उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७४।५।२० को फैसला केही उल्टी भई निजलाई समेत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम कैद वर्ष २ (दुई) हुने ठहर्छ । प्रत्यर्थी प्रतिवादी टोलाराम थापाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उक्त मितिको फैसला निजको हकमा सदर हुने।

इजलास अधिकृत: दामोदर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७९ साल चैत २० गते रोज २ शुभम्।

## ४५

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CI-०६२६, मोही नामसारी, अलाउदिन मियाँ वि. अहमद मियाँ*

वादी दाबीको कि.नं.३० को जग्गा साबिक कि.नं.१८ बाट कित्ताकाट भई कि.नं.२९ र कि.नं.३० कायम भएकोमा विवाद देखिँदैन । कि.नं.१८ बाटै कित्ताकाट भएको कि.नं.२९ को जग्गा साबिक जग्गाधनी रहमुद्दिन मियाँबाट मिति २०६७।६।२६ मा संजयप्रसाद शाहको नाममा आएको देखिन्छ । उक्त जग्गाको हालका जग्गाधनी राकेशकुमार गुप्ता भएको र मोहीमा अहमद मियाँ भन्ने देखिन्छ। वादी अहमद मियाँको कि.नं.३० मा बुबाको नाताबाट मोही हक रहेकोमा प्रतिवादीको विवाद पनि देखिँदैन । प्रतिवादीको जिकिर वादी अहमद मियाँका पिताले उक्त कि.नं.३० को मोही बापत रू.४०,०००।– बुझी मोही हक छाडिदिएकोमा हाल आएर पुनः मोही हकमा वादीले दाबी गरेको भन्नेसम्म देखिन आउँछ । निवेदक/प्रतिवादी अलाउदिन मियाँले वादीका बुबाले मोही हक छोडेको भनी मिति २०६०।१२।११ मा मोही लगत कट्टा हुने गरी भएको निर्णय तथा भूमि सुधार कार्यालय, पर्साको च.नं.१४९४, मिति २०६०।१२।११ मा मोही लगत कट्टासम्बन्धी मालपोत कार्यालयलाई लेखिएको पत्रको फोटोकपी मिसिल संलग्न रहेको देखिन्छ । उक्त निर्णय तथा पत्रको फोटोकपीमा भूमि सुधार कार्यालयको निर्णय गर्ने अधिकारीको सहीछाप भएको देखिँदैन। यसै सम्बन्धमा सो पत्र तथा सोसाथ संलग्न टिपणी भए सोसमेत पठाइदिनु भनी मालपोत कार्यालयमा पत्राचार हुँदा साबिक स्रेस्तामा भएको मोही लगत कट्टा भएको बेहोरा कहीँकतै देखिँदैन र हालको कित्तामा पनि मोही महल खाली रहेको स्रेस्ताबाट देखिन्छ । मोही लगत कट्टा भएको कैफियत कतै नदेखिएकोले पत्रमा माग गरिएको च.नं.१४९४ मिति २०६०।१२।११ पत्र नरहेकोले पठाउन नसकिएको बेहोरा अनुरोध छ भनी मालपोत कार्यालय, पर्साको च.नं.२५९०, मिति २०७१।६।६ को पत्रबाट लेखी आएको देखिन्छ । त्यस्तै सोही पत्र तथा मोही लगत कट्टासम्बन्धी मिसिल सम्बन्धमा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट जग्गाधनी नजिर आलम अंसारी र मोही ममसाल भन्ने महमद मियाँबिच चलेको मोही छोडपत्र मुद्दामा त्यस कार्यालयबाट मिति २०६०।१२।११ मा मोही लगत कट्टा हुने गरी भएको निर्णयसहितको सक्कल मिसिल पठाउनु भनी पटक पटक मिति २०७४।६।२९ र मिति २०७४।१०।१४ मा भूमि सुधार कार्यालय, पर्सालाई पत्रचार भएकोमा भूमि सुधार कार्यालय, पर्साबाट तत्सम्बन्धमा जग्गाधनी नजिर आलम अंसारी र मोही ममसाल भन्ने महमद मियाँबिच मिति २०६०।१२।११ मा मोही छोडपत्रसम्बन्धी मिसिल तथा राय किताब खोजबिन गर्दा नदेखिएको भन्ने बेहोराको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जलाई जवाफ पठाएको पत्र मिसिल संलग्न रहेको देखिन्छ । प्रतिवादीको उक्त जिकिरका सम्बन्धमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०८।०७ मा भूमि सुधार कार्यालय, पर्साबाट मिति २०७०।०५।०२

मा भएको निर्णय बदर गरी सक्कल मिसिल खोजतलास गरी पुनः इन्साफ गर्ने गरी फैसला भएको देखिन्छ । सो फैसलाबमोजिम प्रतिवादीले पेस गरेको कागजातको मिसिलको भरमग्दुर तलासी गर्दा पनि फेला पार्न नसकेकोले वादी अहमद मियाँका बुबा ममसाल भन्ने महमद मियाँको नामको मोही लगत कट्टा भएको भन्ने आधिकारिक तथ्य प्रमाणहरूबाट पुष्टि हुन नसकेकोले निज ममसाल भन्ने महमद मियाँको नाममा मोही यथावत् कायमै रहने गरी निर्णय भएको देखिन आयो । यसरी वादी दाबीअनुसार मोही ममसाल भन्ने महमद साल मियाँले रू.४०,०००।- लिई मोही हक छाडेको भन्ने तथ्ययुक्त आधार प्रमाण नभएको स्थितिमा निजको नामबाट हकवाला छोरा वादी अहमद मियाँका नाममा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही नामसारी हुने गरी निर्णय गर्नुपर्नेमा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भूमि सुधार कार्यालय, पर्साको निर्णयलाई उल्टी हुने ठहऱ्याई वादीका नाउँमा दाबीको जग्गाको मोही नामसारी गरिदिनु भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।८।१९।४ मा भएको फैसला मिलेकै देखिने ।

यसप्रकार माथि उल्लिखित तथ्य र प्रमाणसमेतबाट वादीले दाबी गरेका जग्गामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम वादी दाबी पुग्न नसक्ने भन्ने भूमि सुधार कार्यालय, पर्साबाट मिति २०७३।१०।२६ मा भएको निर्णयलाई उल्टी हुने ठहऱ्याई वादीका नाउँमा दाबीको जग्गाको मोही नामसारी गरिदिनु भनी भूमि सुधार कार्यालय, पर्सामा लेखी पठाउनु भन्ने उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।८।१९।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ ।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०८० साल वैशाख २७ गते रोज ४ शुभम् ।

४६

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CI-०२२८, मोही नामसारी, लिलाकुमारी यादव वि. तारादेवी यादव*

सुनसरी जिल्ला, घुस्की गा.वि.स. वडा नं. २(क) साबिक कि.नं.१४० को क्षेत्रफल ज.वि.१-१३-९ बाट कित्ताकाट भई कि.नं.२८७ को क्षेत्रफल ज.वि. १-३-९ र कि.नं.२८६ को क्षेत्रफल ज.वि. ०-१०-० जग्गा कायम भएको र पुनरावेदक/प्रतिवादी लिलाकुमारी यादवले सोही साबिक कि.नं. १४० को जग्गाबाट कित्ताकाट भई कायम कि.नं. २८६ को क्षेत्रफल ज.वि.०-१०-० जग्गा खरिद गरी निजको नाममा दर्ता कायम भएको देखिन्छ । मिसिल संलग्न दाबीको कि.नं. २८६ जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिको मोही महलमा संजित गोपको नाम नै उल्लेख भएको देखिन्छ । सो जग्गाधनी प्रमाण पुर्जामा उल्लिखित मोहीको विषयलाई लिएर यी पुनरावेदक/प्रतिवादीले कहीँकतै उजुर बाजुर गरेको नदेखिँदा जग्गाधनी प्रमाण पुर्जा उल्लिखित मोही बेहोरा अन्यथा भएको भन्ने देखिन आएन । त्यस्तै मिसिल संलग्न साबिक कि.नं. १४० को जग्गाको मोहियानी हक संजीत गोपको नाममा कायम रहेको भन्ने संजीत गोपको नामको मोहियानी हकको प्रमाण पत्रबाट समेत देखिन्छ । साबिक कि.नं. १४० को जग्गाबाट कित्ताकाट भई कायम कि.नं. २८६ जग्गाको मोही प्रत्यर्थी/वादी तारादेवी यादवका ससुरा संजित गोप नै भएको पुष्टि भइरहेकोले वादीका ससुरा संजित गोपले मोहीको १ नं. लगत नभरेको र २ नं. अनुसूची प्रकाशित नभएको भन्ने आधार मात्र सी वादीका ससुरा मोही कायम हुन नसक्ने भन्न नमिल्ने ।

वादी तारादेवी यादवका ससुरा संजित गोपले साबिक कि.नं. १४० को जग्गाको मोही भएको भनी प्रमाण पत्र प्राप्त गरिसकेको र साबिक कि.नं. १४० को जग्गाबाट कित्ताकाट भई कायमी कि.नं. २८६ जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिमा मोही संजित गोपको नाम नै उल्लेख भएको र मिसिल संलग्न कि.नं. २८६ को जग्गा बाँडफाँड सम्बन्धमा वादी तारादेवी यादव र प्रतिवादी लिलाकुमारी यादवको निवेदन परी भूमि सुधार कार्यालय, सुनसरीबाट मिति २०७५।०१।१९ मा मोही वादी र जग्गाधनी प्रतिवादीबिच जग्गा बाँडफाँड हुने

गरी निर्णय भई आ-आफ्नो भागको जग्गाको जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरिसकेको स्थिति देखिन्छ। वादी तारादेवी यादवका ससुरा संजित गोप नै मोही भएकोले मोही ससुरा संजित गोप, सासू र पति रामप्रसाद यादवको मृत्यु भइसकेको देखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम हकवाला मोहीको बुहारी तारादेवी यादवको नाममा मोहियानी हक नामसारी हुने गरी सुरू भूमि सुधार कार्यालय, सुनसरीबाट भएको निर्णयलाई सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगरको मिति २०७४।८।१० को फैसला मिलेकै देखिने।

यसप्रकार माथि उल्लिखित तथ्य तथा प्रमाणसमेतबाट सुरू भूमि सुधार कार्यालय, सुनसरीबाट मिति २०७३।०९।२४ मा वादी तारादेवी यादवको नाममा मोहियानी हक नामसारी हुने गरी भएको निर्णयलाई सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७४।८।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: देवी चौधरी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०८० साल वैशाख २७ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CI-०२२९, मोही नामसारी, अशोककुमार भगत वि. तारादेवी यादव
- ०७५-CI-०२३०, मोही नामसारी, लक्ष्मी महतो वि. अशोककुमार भगत

**४७**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CI-१०२८, मोही नामसारी, सत्यराज महर्जन वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

साबिक कि.नं. १८४ को जग्गा हरिसिद्धि भवानी नाच जात्रा गुठीको भएको भन्ने अवस्था मिसिल संलग्न गुठीको साबिक लगतमा "श्री हरिसिद्धि शक्ति भवानीको नाम जात्रा गुठी तथा लगत किताब नं. –दीर्घ ४५३" भन्ने रहेको देखिन्छ। सो कि.नं. १८४ को जग्गा प्रतिवादीकै जिकिरबमोजिम पनि कित्ताकाट भई कि.नं. २६० र २६१ भएको र कि.नं. २६० राजगुठी भएको भन्ने देखिन्छ। यसरी साबिक स्रोत कि.नं. १८४ बाटै कित्ताकाट भएको कि.नं. २६० राजगुठी हुने र कि.नं. २६१ मा पुनरावेदक मोही कायम हुने अवस्था रहन आउने देखिँदैन। उक्त कि.नं. २६० राजगुठी भएको भन्ने पुनरावेदकको भनाइबमोजिम पनि गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (घ) बमोजिम त्यस्ता गुठीमा संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गर्ने अवस्था देखिन्छ। यसरी साबिक कि.नं. १८४ बाटै कित्ताकाट भएको कि.नं. २६१ मात्र अन्यथा हुन सक्ने स्थिति रहँदैन। साथै पुनरावेदक प्रतिवादीले गुठी संस्थानको मिति २०३९।०४।११ को निर्णयले कि.नं. २६१ मा च्याबुल्ले खान्गी कायम गरेको भनेको निर्णय पनि रहे भएको देखिँदैन। गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक खण्ड (क) को व्यवस्था गुठी संस्थान ऐन, २०३३ को दोस्रो संशोधन (मिति २०४९।१०।०५ मा भएको र उक्त कि.नं. २६१ समेतका जग्गाको मोही लगत कट्टा गर्ने निर्णय मिति २०६९।११।१७ मा भएको एवम् सो पूर्वगुठी संस्थानबाट कि.नं. १८४ का सम्बन्धमा पुनरावेदकले जिकिर लिए जस्तो मिति २०३९।०४।११ मा कुनै निर्णय नभएको भन्ने गुठी संस्थानका जवाफ भई सोको तथ्ययुक्त खण्डन प्रतिवादीले गर्न नसकेको स्थिति हुँदा उक्त दफा २७ को प्रतिबन्धात्मक व्याख्या पश्चातदर्शी (Retrospective) भन्न सकिने अवस्था पनि रहेन। यस्तो स्थितिमा साबिक कि.नं. १८४ हरिसिद्धि भवानी नाच जात्रा गुठी स्थापित भएको स्थितिमा सोही कित्ताबाट कित्ताकाट भएको कि.नं. २६० र कि.नं. २६१ समेत सोही गुठी भई मोही लगत कट्टा गर्ने गरेको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था नरहने।

अतः माथि विश्लेषण गरिएको आधार एवम् कारणबाट कि.नं.१८४ को जग्गा साबिकदेखि हरिसिद्धि शक्ति भवानी नाच जात्रा गुठीको गुठी तैनाथी खान्गी जग्गा भएको देखिएकाले गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) अनुसार कि.नं.२६० र २६१ बाट जीतगोविन्द

महर्जनको मोही लगत कट्टा गर्ने भनी सुरू गुठी संस्थान केन्द्रीय कार्यालयबाट मिति २०६९।११।१७ मा भएको निर्णयलाई सदर हुने।

इजलास अधिकृत: देवी चौधरी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०८० साल वैशाख २७ गते रोज ४ शुभम्।

## इजलास नं. १०

### ४८

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-०७०५, ०७५-CR-०५४३, ०७५-CR-१०३५, जबरजस्ती करणी, निर्मल थापा वि. नेपाल सरकार, सुशिल अर्याल वि. नेपाल सरकार, प्रवेश थापा वि. नेपाल सरकार*

प्रतिवादी सुशिल अर्याल र प्रवेश थापाले मौकामा गरेको बयानमा अन्य जाहेरी बेहोरालाई पुष्टि हुने गरी बयान गरेको तर सुशिलको कोठामा लगी तीनै जनाले पालैपालो जाहेरवालाको मन्जुरीले नै करणी गरेका हौँ जबरजस्ती गरेका हैनौँ भनी करणी गरेको कुरासम्म साबित भई बयान गरेको तर अदालतमा आई बयान गर्दा भने हामी तीन जना मोटरसाइकलमा गइरहेको अवस्थामा राज विक्रम रावल र यी  जाहेरवाला पीडित भेट भएको राजविक्रमलाई उता बस् भनी धकेलिदिएपछि निज त्यहाँबाट हिँडेको, जाहेरवालीलाई निर्मल थापाले मोटरसाइकलमा चढाइ हिँडेको, प्रवेश थापा र सुशील अर्याल पैदलै हिँडिरहेका बेला प्रहरीले पक्राउ गरेको भन्नेसम्मको बेहोरा भने स्वीकार गरेको पाइन्छ। यसरी प्रवेश थापासमेतका प्रतिवादीद्वयले गरेको मौकाको बयान, किटानी जाहेरी तथा प्रतिवादीहरूको अदालतको बयान तथा जाहेरवाला पीडित तथा मौकामा पक्राउ परेका प्रतिवादीहरूको अन्तर्वस्त्रमा वीर्य भेटिएको भन्ने बेहोराको केन्द्रीय प्रहरी प्रयोगशालाको प्रतिवेदनसमेतबाट प्रतिवादीहरूले सोही वारदातमा पालैपालो अर्थात् सामूहिकरूपमा पीडितलाई जबरजस्ती करणी गरेको कुरा पुष्टि हुन आएको देखिने।

प्रतिवादीहरूको पुनरावेदन जिकिरमा जाहेरवाला तथा पीडित (Prosecutrix) अदालतमा आई बकपत्र नगरेको हुँदा अभियोग दाबी पुग्न सक्ने अवस्था छैन भन्नेसमेतको पुनरावेदन बेहोरा भएकोमा पीडितको बकपत्र आफैँमा निर्णायक प्रमाण (Conclusive Evidence) नभई केवल सहयोगी प्रमाण (Coroborative Evidence) को रूपमा लिनुपर्ने हुन्छ। कतिपय मुद्दाहरूमा अन्य प्रमाणबाट वारदात पुष्टि भइरहेको अवस्थामा पीडित अदालतमा उपस्थित भई प्रतिकूल बकपत्र गरेको अवस्थामा पनि कसुर ठहर हुने गरेको पाइन्छ। सुरक्षा धम्की आर्थिक प्रलोभन जस्ता कारणबाट पीडित अदालतमा उपस्थित नहुने, उपस्थित भए पनि प्रतिकूल बकपत्र हुन सक्ने सम्भावना रहन्छ। हाम्रो जस्तो सामाजिक साँस्कृतिक परिवेश भएको समाज जहाँ महिलाको इमान्दारिता र निष्ठाभन्दा पनि यौनिक पवित्रता (Sexual sanctity) लाई आवश्यकताभन्दा बढी नै महत्त्व दिइन्छ, चाहे त्यो बाध्यता वा जबरजस्ती नै घटित भएको किन नहोस्  जबरजस्ती करणीजस्तो गम्भीर कसुरका पीडित महिलाको रूचि कसुरदारलाई सजाय दिनु वा दिलाउनुभन्दा पनि त्यस्तो अवस्थाको महिलालाइ पनि समाज र परिवारले कुनै न कुनै रूपमा सामाजिक कलङ्क (Social Stigma) को रूपमा हेर्न सक्ने हुँदा सोबाट जोगिन चाहेको हुनसक्छ। प्रस्तुत मुद्दामा यस्तै कारणबाट पीडित जाहेरवाली अदालतमा उपस्थित नभएको पनि हुन सक्छ। पीडितले दिएको जाहेरी दरखास्तको सिलसिलेवार बेहोरा, प्रतिवादीहरू स्वयंको बयान बेहोरा, सो घटना नजिकबाट थाहा पाउने व्यक्ति राजविक्रम रावलको बकपत्र, वारदातस्थल नजिकैबाट प्रतिवादी र पीडितलाई नियन्त्रणमा लिने प्रतिवेदक प्र. स. नि. सरोज थापासमेतको बकपत्रका साथै प्रतिवादी तथा पीडितको पेन्टी तथा कट्टुमा मानव वीर्य भेटिएको भनी दिएको प्रतिवेदनसमेतबाट कसुर पुष्टि भइरहेकोमा जाहेरवाली पीडित बकपत्रको लागि अदालतमा उपस्थित नभएको भन्ने आधारमा प्रतिवादीहरूले कसुरबाट सफाइ

पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर तथा प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, यी पुनरावेदक प्रतिवादीहरू निर्मल थापा, सुशील अर्याल र प्रवेश थापाले पीडित परिवर्तित नामथर सातदोबाटो (त) लाई सामूहिकरूपमा जबरजस्ती करणी गरी जबरजस्ती करणीको महलको १ नं को कसुरमा ऐ. ३(५) नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद गरी सोही महलको ३क नं. बमोजिम सामूहिक रूपमा करणी गरेबापत जनही थप ५।५ वर्ष गरी जम्मा जनही १०।१० वर्ष कैद सजाय हुने र प्रतिवादीहरू तीनै जनाबाट पीडित सातदोबाटो (त) लाइ सोही महलको १० नं. अनुसार जनही ५०,०००।– रूपैयाँका दरले क्षतिपूर्ति भराइदिने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७४।७।२१ मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।१२।१९ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: भेषराज पौडेल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल जेठ १९ गते रोज ५ शुभम्।

**४९**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-RB-०७१६, बैंकिङ कसुर, टेकबहादुर डिम्डुङ वि. नेपाल सरकार*

जाहेरवालाले पाउनुपर्ने रकम आफूले तिरी बुझाइसकेको र सो कुरा जाहेरवालाले स्वीकार गरिसकेको हुँदा मलाई कैद सजाय हुनुपर्ने होइन भनी लिएको पुनरावेदन जिकिरको सन्दर्भमा विचार गर्दा जाहेरवालाले प्रतिवादीबाट पाउनुपर्ने रकम प्राप्त गरिसकेको भन्ने कुरा मिसिल संलग्न निजहरूबिच भएको भरपाई (लिखत), प्रतिवादीले अदालतसमक्ष गरेको बयान र जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्रसमेतले पुष्टि गरिरहेको देखिए तापनि खातामा पर्याप्त रकम नभएको कारण प्रतिवादीबाट सापटी रकम फिर्ता गर्ने प्रयोजनार्थ जाहेरवालाको नाउँमा खिचिएको चेक सटही (चेक क्लियरेन्स) हुन नसकी चेक बाउन्स भएको तथ्य राष्ट्रिय बाणिज्य बैंकबाट जारी भएको मिति १३।०५।२०२०, १७।०५।२०२० र ०३।०६।२०२० को Cheques Information Report हरूको प्रतिलिपिबाट पुष्टि भएको, पुनरावेदक प्रतिवादीउपर मिति २०७७।१२।१३ मा जाहेरी परी अनुसन्धान सम्पन्न गरी मिति २०७८।०५।१३ मा अभियोग दायर भएपश्चात् मात्र निवेदनसाथ हाजिर भई आफूले गरेको बयानसाथ जाहेरवालासँग लिएको सापटी रकम तिरे बुझाएको मिति २०७८।०५।१० गतेको भरपाई पेस गरेको देखिई निजले कानूनविपरीत गरेको कार्यबाट सिर्जित हुन गएको कसुरमा कानूनले तोकेको सजायबाट यी पुनरावेदक प्रतिवादीले उन्मुक्ति पाउन सक्ने अवस्था नदेखिँने।

तसर्थ, प्रतिवादी टेकबहादुर डिम्डुङलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम ४ (चार) दिन कैद सजाय हुने, जाहेरवाला अदालतसमक्ष उपस्थित भई मैले प्रतिवादीबाट रकम प्राप्त गरी भरपाईसमेत गरिसकेको छु भनी बकपत्र गरेको देखिँदा प्रतिवादीबाट अभियोग दाबीबमोजिमको बिगो भराइ बिगोबमोजिम जरिवाना गरिरहनु नपर्ने र जरिवाना नै नहुने ठहरेकोले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क भराइरहनु नपर्ने।

इजलास अधिकृत: इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७९ भदौ २२ गते रोज ४ शुभम्।

**५०**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७१-WO-०४२८, उत्प्रेषणयुक्त परमादेशसमेत, मखमली के.सी. थापा वि. पुनरावेदन अदालत पाटनसमेत*

फौ.मि.नं. ४३०/८७० को बैंक ठगी र किर्ते मुद्दामा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय भोटाहिटीले बिगो रू. ६८,७५,२५०।– भरी पाउने ठहर भएको अवस्थामा फैसलाबमोजिमको बिगो विपक्षी

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय भोटाहिटीले पाउनु सम्भवत: न्यायिक अपेक्षा हो भन्ने विषयमा विवाद छैन। निवेदिका छुट्टी भिन्न हुनुभन्दा पूर्व विवादित जग्गा विपक्षी प्रतिवादी केदार के.सी.का नाउँमा दर्ता रहेको र बैंक किर्ते ठगीमा संलग्न रहेको क्रममा विवादित जग्गा यी निवेदिकाको नाउँमा सारेको अवस्थमा भएका तत्कालीन पुनरावेदन अदालत पाटनसमेतका आदेशलाई अन्यथा हो भन्न मिल्ने देखिएन । उपर्युक्त विवादित जग्गाबाट बिगो असुलउपर गर्न मिल्ने आधार कारण देखाई सो जग्गाहरू रोक्का फुकुवा नहुने र उक्त जग्गाको हक हस्तान्तरण हुने गरी भएको मिलापत्र बदर हुने भनी भएका फैसलाहरू अन्तिम भई बसेको अवस्था छ । यसरी निवेदिकाको नाउँमा रहेका विवादित जग्गाहरू बैंक ठगी तथा किर्ते मुद्दामा बिगो असुलउपर गर्न मिल्ने भन्ने विषयमा माथि उल्लिखित विभिन्न मुद्दाहरूमा तह तह गरी साधारण क्षेत्राधिकारबाट फैसलाहरू तथा आदेशहरू भएको अवस्थामा पुन: सोही विषय लिई यी निवेदिका यस अदालतमा असाधारण क्षेत्राधिकारको प्रयोग गरी आएको देखिन्छ । विभिन्न मुद्दाहरूमा मातहतका तह तह अदालतबाट न्याय निरूपण भई टुङ्गो लागिसकेको विषयवस्तुमा यस अदालतले पुन: रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै अन्त्य नहुने र यसले फैसला अन्तिमताको सिद्धान्तमा समेत असर पुग्न जाने हुन्छ । निवेदिकाले यस रिट निवेदनमा उठाएको विषयमा सक्षम अदालतबाट तह तह रूपमा तथ्य प्रमाणको मूल्याङ्कन गरी फैसला भइसकेकोमा उल्लिखित अदालतहरूबाट भएको फैसलाहरूलाई समेत प्रतिकूल असर पर्ने गरी यस अदालतले रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने नदेखिने।

तसर्थ, बैंक ठगी र किर्ते मुद्दाको फैसलाबमोजिम ऋण खाँदाका बखत सगोलमा रहेकी निवेदिकाका नाममा रहेको सम्पत्तिबाट बिगो असुल हुने भनी विभिन्न मुद्दाहरूमा फैसला भई सोहीबमोजिम काठमाडौं जिल्ला अदालतको फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७०।२।२० मा भएको आदेश र जिल्ला न्यायाधीशबाट मिति २०७०।११।१६ मा भएको आदेश पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।१८ मा सदर भई दुई तह अदालतबाट निरूपण भइसकेको विषयमा रिट क्षेत्रबाट यस अदालतले हस्तक्षेप गर्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणलगायतका आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रेश्मा बुद्धाचार्य

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल कार्तिक २९ गते रोज ३ शुभम्।

**५१**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-०१२६, कुटपिट अङ्गभङ्ग, नेपाल सरकार वि. दिनेश रजकसमेत*

जाहेरवाला किशनीदेवीउपर कुटपिटको वारदात भएको र निजको दायाँ खुट्टा भाँचिएको देखिएको तर त्यसरी भाँचिएको खुट्टा बेकम्मा नै पारिएको अवस्था नहुँदा अङ्गभङ्गको खतसम्म मान्न नसकिने अवस्था रहेको देखिन्छ । जब अङ्गभङ्गको खत नै मान्न मिल्ने देखिँदैन भने अङ्गभङ्गको खत मानी नेपाल सरकार वादी भई अभियोगपत्र दायर भएको कारबाहीलाई पनि कानूनसङ्गत मान्न मिल्ने देखिएन । यस्तै स्थिति कायम हुन सक्ने अवस्थालाई विचार गरेर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ मा यससम्बन्धी व्यवस्था भएको पाइन्छ । जस अनुसार नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची...१ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारबाही र किनारा गर्नुपर्छ भन्ने व्यवस्था गरेको पाइन्छ। यही व्यवस्थालाई आधार मानी पुनरावेदन अदालत राजविराजबाट फैसला हुँदा प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत गरी सरोकारवाला व्यक्तिले सकार गरेमा यही मुद्दाको मिसिलबाट कारबाही किनारा गर्ने गरी फैसला भएको देखिन्छ। त्यसैले वादी नेपाल सरकारको तर्फबाट दायर हुन आएको प्रस्तुत पुनरावेदनमा जिकिर लिइएजस्तो कुनै भाँचिएको अङ्ग

काम लाग्ने हुँदैमा सजाय नहुने भनिएको नभई केवल नेपाल सरकार वादी नहुने भन्नेसम्मको फैसला भएको देखिन्छ । पुनरावेदन अदालतको फैसलामा उल्लेख भएबमोजिम सरोकारवाला व्यक्तिले मुद्दा सकार गरी कारबाही चलाइपाउन माग गरेमा यही मुद्दाको मिसिलबाट कारबाही भई प्रचलित कानूनबमोजिम हुन सक्ने सजाय हुन सक्ने नै देखिने ।

यसप्रकार जाहेरवालाहरू उपर कुटपिटको वारदात भएको भन्ने देखिएको भए पनि जाहेरवालामध्येकी किशनीदेवीको भाँचिएको खुट्टा हाल काम लाग्ने अवस्थामा रहेको भन्ने देखिएको र भाँचिएको खुट्टा निको भई काम लाग्ने अवस्थाको रहेको तथा बेकम्मा पारिएको अवस्था नरहेकोमा मुलुकी ऐन, कुटपिटको महलको २ नं. मा भएको व्यवस्था अनुसार अङ्गभङ्गको कसुर मान्न मिल्ने नदेखिएको एवं अङ्गभङ्गको कसुर मान्न मिल्ने नदेखिएको अवस्थामा त्यस्तो मुद्दामा नेपाल सरकार वादी भई कारबाही चलाउन मिल्ने अवस्था पनि नदेखिँदा प्रस्तुत मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटतर्फ परिणत गरी सरोकारवाला व्यक्तिले सकार गर्न आएमा यही मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारबाही गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।९।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: श्यामहरि अधिकारी

इति संवत् २०७९ साल पौष १ गते रोज ६ शुभम् ।

## इजलास नं. १३

### ५२

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-०२४३, बन्दीप्रत्यक्षीकरण, रिदमा विष्ट वि. जिल्ला सरकारी वकिल कार्यालय, दोलखासमेत*

दोलखा जिल्ला अदालतको मिति २०७८।१२।०४ गतेको पुर्पक्षको आदेश अनुसार निवेदक बालविज्याईकर्ता परिवर्तित नाम १७ (कालिञ्चोक-७३) लाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२) (ख) बमोजिम बाल सुधार गृह ठिमी, भक्तपुरमा राख्न पठाउने आदेश भएको पाइयो । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(१) बमोजिम सामान्यतया बालबालिकालाई पुर्पक्षको लागि थुनामा राखिने छैन भन्ने व्यवस्था रहेको देखिन्छ । यी बालबिज्याइँकर्ता दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेर समूहका बालबालिका भएको देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम यी बालबिज्याइँकर्तालाई निजको उमेर समूहका कारण ६ महिना कैद वा १ वर्षसम्म बालसुधार गृहमा राख्न पठाउनसक्नेसम्मको व्यवस्था भएको देखिन्छ । दोलखा जिल्ला अदालतले सोही ऐनको दफा २४(२) (ख) बमोजिम तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसुरमा मात्र पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न पठाउनसक्नेमा निज निवेदकलाई पुर्पक्षको लागि बालसुधार गृहमा पठाउने गरी भएको दोलखा जिल्ला अदालतको मिति २०७८।१२।०४ को पुर्पक्षको आदेश र सो आधारमा भएको पत्राचारलगायतको कार्य कानूनसम्मत नदेखिने ।

अतः रिट निवेदकलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(१) अनुसार सामान्यतया बालबालिकालाई पुर्पक्षको लागि थुनामा राखिने छैन भन्ने व्यवस्था भएको र ऐ. ऐनको दफा ३६(२) बमोजिम १२ वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम उमेरको बालबालिकालाई अन्तिम सजाय हुँदा अधिकतम ६ महिना कैद वा कैद नगरी बढीमा १ वर्ष बाल सुधार गृहमा राख्न पठाउन सकिने कानूनी व्यवस्था भएकोमा उक्त ऐनको दफा २४(२)(ख) बमोजिम पुर्पक्षको क्रममा बालसुधार गृहमा राख्न पठाउने गरी दोलखा जिल्ला अदालतबाट मिति २०७८।१२।०४ मा भएको आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै निवेदक बालबिज्याइँकर्ता परिवर्तित नाम १७ (कालिञ्चोक-७३) लाई कानूनविपरीत थुनामा राख्न पठाएको देखिई यी निवेदकको थुना गैरकानूनी

भएको हुँदा निवेदकलाई अविलम्ब बालसुधार गृहबाट मुक्त गरी अन्य मुद्दामा कारबाही गर्नुपर्ने भएकोमा बाहेक बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(३) बमोजिम चाहिएकाबखत उपस्थित गराउने सर्तमा बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउनु भनी दोलखा जिल्ला अदालतको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: निर्मला कुमारी खड्का

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल आसाढ ८ गते रोज ४ शुभम्।

**५३**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७२-CI-११०७, अंश चलन, सिद्धिमान सिंह शाक्य वि. लिलादेवी कुँवरसमेत*

प्रतिवादी लिलादेवी कुँवरले तायदाती फाँटवारीको आदेश हुनुअगावै तारेख गुजारी बसेको देखिएकोमा माथि उल्लिखित सम्पूर्ण प्रक्रियाहरू अवलम्बन गरेको देखिन आउँछ । अतः वादीले पेस गरेको आफ्नो जिम्मा र प्रतिवादी जिम्माको तायदाती फाँटवारीमा बन्डा गर्नुपर्ने सम्पत्ति खुलाउनसकेको नदेखिँदा पछि बन्डा लाग्नुपर्ने सम्पत्ति खुलाएकाबखत कानूनबमोजिम हुने नै हुँदा हाल वादी दाबी पुग्न नसक्ने भनी वादीको अंश पाउने हकलाई सुरक्षित नै राखी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसलालाई वादी दाबी पुग्न नसक्ने भनिएकै आधारमा वादीलाई अंश हक प्राप्त गर्न कुनै अड्चन हुने अवस्था नहुँदा सुरू सदर हुने ठहर्‍याई गरेको फैसलासमेतबाट वादीको अंश हकजस्तो नैसर्गिक अधिकारबाट वादीलाई बञ्चित गरिएको भन्ने जिकिरलाई तर्कसङ्गत मान्न नमिल्ने।

प्रस्तुत अंश मुद्दाकी प्रतिवादीमध्येकी लिलादेवी कुँवरले आफ्नो नाम दर्ताको कि.नं. ८६ को जग्गाको हक हस्तान्तरण गरेपश्चात् खरिद गरेको मनमैजु-१ स्थित कि.नं. १९९२ को ०-३-०-० जग्गा र सोमा बनेको घर सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।४।२७ मा भएको आदेशानुसार ३ भागको १ भाग रोक्का भएको देखिन्छ । सो रोक्का भएको घर जग्गा फुकुवा गरिपाउँ भनी वादी वारेस राजु महर्जनको, निज वारेस राजु महर्जन र प्रतिवादी लिलादेवीको र वादी अधिकृत वारेस रामकुमारको फरक फरक मितिमा छुट्टाछुट्टै निवेदन पेस गरेको देखिन आयो । यी तीनै निवेदन इजलाससमक्ष पेस हुँदा सुरू काठमाडौँ जिल्ला अदालतबाट फुकुवा गर्न नमिल्ने भनी मिति २०६७।६।१९ मा आदेश भएको पाइयो । सो आदेशउपर चित्त नबुझाई बेरितको आदेश बदर गरिपाउँ भनी निवेदकहरू पुनरावेदन अदालत पाटनमा गएपश्चात् मिति २०६७।७।२५ मा भएको आदेशानुसार उपर्युक्त उल्लिखित घर जग्गा प्रस्तुत अंश मुद्दाबाट फुकुवा भएको बेहोरा अंश मुद्दाको सुरू सक्कल मिसिलबाट देखिन आउँछ । यसरी वादीसमेतको संलग्नतामा प्रस्तुत मुद्दामा रोक्का रहेको घर जग्गा फुकुवा भएपश्चात् तायदाती फाँटवारी दाखिल गराउने आदेश भएकोमा प्रस्तुत अंश मुद्दामा तायदाती फाँटवारी पेस गर्दा कुनै सम्पत्ति देखाउन सकेको पाइएन। यस स्थितिमा वादी स्वयम्‌समेतको कार्यकारणले भएका सम्पत्ति के कहाँ हस्तान्तरण गरेपछि प्रतिवादीले अंशबन्डा सम्पत्ति नदेखाएको भन्ने पुनरावेदन जिकिर खम्बिर हुन सक्ने अवस्थाको देखिँदैन । अंशियारबिच केकस्तो सम्पत्ति रहेका छन् भन्ने सवालको युक्तियुक्त आधार ,कारण र अवस्था देखाउने दायित्व एवं जानकार स्वयम् अंशी हुने।

अत: पेस भएको फाँटवारीबाट बन्डा गर्नुपर्ने सम्पत्ति खुलेको नदेखिँदा पछि बन्डा लाग्ने सम्पत्ति खुलाएका बखत कानूनबमोजिम हुने नै हुँदा वादी दाबी पुग्न नसक्ने भनी सुरू जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०५।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७९ साल कार्तिक २१ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CI-१११०, लिखत बदर, सिद्धिमान

सिंह शाक्य वि. सीता खनालसमेत

- ०७२-CI-११११, लिखत बदर, सिद्धिमान सिंह शाक्य वि. बालकुमारी कुँवरसमेत
- ०७२-CR-११५६, जालसाजी, सिद्धिमान सिंह शाक्य वि. सीता खनालसमेत
- ०७२-CI-११०९, लिखत बदर, सिद्धिमान सिंह शाक्य वि. लिलादेवी कुँवरसमेत
- ०७२-CI-११०८, लिखत बदर, सिद्धिमान सिंह शाक्य वि. लिलादेवी कुँवरसमेत
- ०७२-CR-११४९, जालसाजी, सिद्धिमान सिंह शाक्य वि. लिलादेवी कुँवरसमेत
- ०७२-CR-११५०, जालसाजी, सिद्धिमान सिंह शाक्य वि. लिलादेवी कुँवरसमेत
- ०७२-CR-११५१, जालसाजी, सिद्धिमान सिंह शाक्य वि. बालकुमारी कुँवरसमेत

५४

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-RB-०२१३, बैंकिङ कसुर, नेपाल सरकार वि. राजुकुमार पटेल*

अभियोग दाबीबमोजिमको रकम प्रतिवादीले तिरे बुझाएको स्थितिमा बिगोबमोजिमको जरिवाना सजाय हुन सक्छ वा सक्दैन भन्ने यकिन गर्न बिगोको परिभाषा एवम् प्रकृतिको विवेचना हुनुपर्ने देखिन्छ । बिगोको शाब्दिक परिभाषा देवानी वा फौजदारी मुद्दामा सामान्यतया वादी पक्ष (दाबी गर्ने पक्ष)ले आफ्नो दाबीको अङ्क किटान गरी उल्लेख गरेको रकमलाई जनाउँदछ । देवानी मुद्दाहरू जस्तै फौजदारी मुद्दामा समेत नेपाल सरकारले प्रचलित कानूनबमोजिम बिगो वा क्षतिपूर्ति रकमसमेत असुल गर्नुपर्ने रहेछ भने सोसमेतको रकम माग दाबी गर्दै अभियोजन पेस गरेको हुन्छ । माग दाबीभन्दा बढी हुने गरी अदालतबाट फैसला नहुने भएकाले दाबी गर्ने पक्षले बढी सजाय वा बिगो माग दाबी गर्ने स्वाभाविक परम्परा रहे तापनि बिगोको अदालतले प्रमाण परीक्षण एवम् मूल्याङ्कनका तमाम तौरतरिका (Tools and techniques of examination and evaluation of evidence) अवलम्बन गरी अदालतले यकिन गरेको बिगो नै तत् मुद्दाको निर्णायक बिगो बन्न जान्छ। अर्थात् अदालतबाट न्यायिक परीक्षणको रोहबाट यकिन गरेको बिगो नै वास्तविक र निर्णायक बिगो हुने।

अत: बैंकिङ कसुरसम्बन्धी ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिम खातामा मौज्दात रकम नभई चेक काटेको भए तापनि पीडित पक्ष र प्रतिवादीबिचको व्यवहारको प्रकृति, सर्वसाधारणको सम्पत्ति हानि नोक्सानी किसिमको समेत भएको हुनाले नेपाल सरकार वादी भई चलेको खास खास प्रकृतिका मुद्दाहरूमा बिगो रकम नै नभएको अवस्थामा बिगोबमोजिम जरिवाना हुने अवस्था नभएको, जरिवानासमेतको सजाय व्यवस्था सम्बन्धमा हाल प्रचलनमा रहेका फौजदारी संहिता सम्बद्ध कानूनहरूले अवलम्बन गरेको नविनतम अवधारणा एवम् बिगो नभएको अवस्थामा बिगोबमोजिम जरिवाना हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा मुद्दा अभियोजन गर्ने संवैधानिक निकायको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयको नीतिगत निर्णयसमेतका रोहबाट बैंकिङ कसुरसम्बन्धी ऐन, २०६४ को दफा ३ को खण्ड(ग) बमोजिम खातामा रकम नभई चेक काटेको भए तापनि पीडित र प्रतिवादीबिच जाहेरी दरखास्त पर्नुअघि वा पछि वा अदालतमा मद्दा चलेपछि पनि रकम लेनदेन गरी बिगो भराउनुपर्ने अवस्था नभएमा सोबापत जरिवाना नहुने भएकाले यी प्रतिवादी राजुकुमार पटेललाई प्रतिवादीबाट बिगो रू. २,००,०००।- जाहेरवालाले प्राप्त गरिसकेको छु भनी अदालतमा गरेको भरपाई कागजसमेतबाट देखिएकोले जाहेरवालाको बिगो बाँकी रहेको नदेखिँदा प्रतिवादीलाई बिगोबमोजिम जरिवाना र बिगो भराइदिनु नपर्ने ठहर गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।०५।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल असार १३ गते रोज १ शुभम्।

**५५**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-१३५३, वैदेशिक रोजगार कसुर, हस्तबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादी हस्तबहादुर तामाङले वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोग दाबीमा इन्कार रही बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाहरू मोहनबहादुर आले र विकास थापा मगरलाई टर्की मुलुक वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम लिएको हुँ। यसरी रकम बुझी लिएपछि लिखत कागज गरिदिएको हुँ र जाहेरीसाथ पेस भएको लिखत कागजमा भएको सहीछाप मेरै हो भनी जाहेरी दरखास्त र लिखत कागजमा भएको कुरा स्वीकार गरी बयान गरेका छन् । अनुसन्धान अधिकारीसमक्ष भएको सो बयान करकापमा वा बाध्य पारी वा यातना वा धम्की दिई वा इच्छा विरूद्ध व्यक्त गर्ने स्थिति पारी गराएको भन्ने पनि यी प्रतिवादीले पुष्टि गर्न सकेको पाइँदैन । जाहेरी दरखास्त, जाहेरवालाहरूले न्यायाधिकरणसमक्ष गरेको बकपत्र, प्रतिवादीले वैदेशिक रोजगारमा पठाउन रकम बुझिलिई गरिदिएको कागज र सो कागजमा साक्षी बस्ने सन्तोष आले र दीपक थापाले गरिदिएको कागजसमेतका प्रमाणहरूबाट यी प्रतिवादीले जाहेरवालाहरूबाट रकम लिई वैदेशिक रोजगार पठाएको अवस्था नदेखिएको अवस्थामा अदालतमा गरेको इन्कारी बयान गरेकै आधारमा मात्र कसुरदार होइनन् भनी मान्न मिल्ने नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २७ मा प्रचलित कानूनबमोजिम सजायमा कमी, छुट वा रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा वा वादीलाई दिनु वा बुझाउनुपर्ने कुरा दिए बुझाएको छ भनी जिकिर लिएमा सो कुरा प्रमाणित गर्ने भार प्रतिवादीको हुने छ भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार पनि आफूउपर लागेको अभियोग दाबी स-प्रमाण खण्डन गरी आफूले कसुर गरेको होइन भने सो कुरा यी प्रतिवादीले प्रमाणसहित पुष्टि गर्नुपर्दछ । सोबमोजिम प्रमाणसहित खण्डन गरी पुष्टि गर्नसकेको देखिएन । केवल इन्कार गरी न्यायाधिकरणसमक्ष गरेको बयानका आधारमा मात्र अन्य प्रमाणहरूले कसुर गरेको कुरा प्रमाणित भइरहेको अवस्थामा कसुर गरेको होइन भन्न नमिल्ने ।

अतः जाहेरी दरखास्त, जाहेरवालाहरूले न्यायाधिकरणमा जाहेरी दरखास्त पुष्टि हुने गरी गरेको बकपत्र, प्रतिवादीले जाहेरवालाहरूबाट रकम बुझिलिई गरिदिएको कागज, सो कागजमा साक्षी बस्ने व्यक्तिसमेतले अनुसन्धानको क्रममा गरेको कागज र प्रतिवादी स्वयंले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानसमेतका आधार प्रमाणबाट यी प्रतिवादी हस्तबहादुर तामाङले यी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा वैदेशिक मुलुक टर्की पठाइदिन्छु भनी रकम र पासपोर्ट लिई वैदेशिक रोजगारमा नपठाई कसुर गरेको देखिएको अवस्था स्थापित हुन आएको पाइन्छ । अतएवः वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. बमोजिमको कसुरमा ऐ. दफा ४३ नं. बमोजिम १।६।० कैद र रू. १,५०,०००।- जरिवाना हुने ठहर्‍याई तथा बिगो र बिगोको पचास प्रतिशतले हुने हर्जानासमेत प्रतिवादीबाट जाहेरवालाहरूले भराइपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।३।६ मा भएको फैसलामा कुनै कानूनी त्रुटि नभई मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: मिलन राणा

इति संवत् २०७९ साल कार्तिक २ गते रोज ४ शुभम् ।

**५६**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-CR-०१९१, कर्तव्य ज्यान, नेपाल सरकार वि. महफुज मियाँसमेत*

मृतकको शव परीक्षण हुँदा Cause of death due to asphyxia as a result of throttling भन्ने उल्लेख रहेको छ । मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको भन्ने पुष्टि भएको देखिँदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई

सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिई प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइबी नरहेको छोराको पालन पोषण गर्नुपर्ने अवस्था देखिएको, घातक हतियार प्रयोग भएको नदेखिएको तथा घरमा नबसी माइतै बसेको र अर्को केटासँग लागेको शंकाको आधारमा अर्को केटासँग राति सँगै बसेको देखी रिस उठी मारेको भन्ने प्रतिवादी स्वयंको बयान बेहोराबाट देखिँदा मुलुकी ऐन अ.बं.१८८ नं. को राय व्यक्त गरी १२ वर्ष कैद सजाय गर्ने गरी सुनसरी जिल्ला अदालतबाट मिति ०७५।१।१० मा भएको फैसला सदर गरेको उच्च अदालत विराटनगरबाट मिति २०७६।९।१५ मा भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

प्रतिवादी महफुज मियाँ र मजरूल कुजरा अन्सारीको हकमा सुरूले सफाइ दिने गरी गरेको फैसला सदर गरेको उच्च अदालत विराटनगरको फैसला मिलेको छैन। परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादीहरूले कसुर गरेको पुष्टि भएको हुँदा अभियोग दाबी अनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनतर्फ विचार गर्दा, यी प्रतिवादीहरूउपर प्रतिवादी अमिन अन्सारी मियाँको दिदी बिजुली मियाँको घरमा प्रतिवादी अमिन अन्सारी मियाँसँग खाना खाएर ३ जना सँगै घर फर्केको भन्ने आधारमा प्रतिवादी अमिन अन्सारी मियाँसँगै मतसल्लाहमा पसी मृतक हसिना खातुनलाई मारेको हो भन्ने आधारमा जाहेरी परेको देखिन्छ। यी प्रतिवादीहरूले अदालतबाट जारी भएको म्यादमा हाजिर भई बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। सह-अभियुक्त अमिन अन्सारी मियाँले समेत यी प्रतिवादीहरूउपर पोल गरेको अवस्थासमेत छैन। कसुर आफूले एक्लै गरेको भनी उल्लेख गरेका छन्। सो घटनाका प्रत्यक्षदर्शी प्रतिवादी अमिन अन्सारी मियाँबाहेक कोही देखिँदैन। वस्तुस्थिति मुचुल्काका गफार मियाँसमेतले कागज गर्दा जाहेरी दिएको आधारमा अनुमानकै आधारमा यी प्रतिवादीहरूको संलग्नता भन्ने उल्लेख गरेको देखिन्छ। यी प्रतिवादीहरूका साक्षी कलिम हाजीले बकपत्र गर्दा यी प्रतिवादीहरूको संलग्नता नरहेको कुरा उल्लेख गरेका छन्। यी प्रतिवादीहरूसमेतको पूर्वयोजना, मतसल्लाह र सोअनुरूप घटना घटेको भन्ने कुनै तथ्ययुक्त प्रमाण मिसिलमा देखिँदैन। मृतकको मृत्युमा पनि asphyxia as a result of throttling भन्ने भएको र सो अवस्था कसुरदार प्रतिवादी अमिन अन्सारी मियाँको बयान बेहोरासँग मिल्न जान्छ। प्रतिवादी अमिन अन्सारी मियाँको दिदी बिजुली मियाँको घरमा खाना खाई सँगै मोटरसाइकलमा ३ जना घरतर्फ गएका र अलिक पर बाटोमा झरी यी प्रतिवादीहरू घरतर्फ लागेपछि प्रतिवादी अमिन अन्सारी मियाँले आफ्नो घरमा मोटर साइकल राखी एक्लै ससुराली घरतर्फ गएको भन्ने बेहोराबाहेक अरू कुरा मिसिलबाट खुल्दैन। फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउँछ। अभियोग शंकारहित तवरमा पुष्टि हुनुपर्दछ। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको दाबी प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने उल्लेख भएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्था अनुसार कसुरजन्य कार्य घटाउन यी प्रतिवादीहरूको यो यस्तो भूमिका रह्यो भनी अभियोजन पक्षबाट खुलाउन सकेको पाइँदैन। जहाँसम्म परिस्थितिजन्य प्रमाणबाट पुष्टि भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर छ सोतर्फ हेर्दा परिस्थितिजन्य प्रमाण मालाकार रूपमा रहेको हुनुपर्दछ। जाहेरी दरखास्त तथा वस्तुस्थिति मुचुल्कामा बस्ने गफार मियाँसमेतले गरेको कागज, घटनास्थल मुचुल्का घटना विवरण कागज, शव परीक्षण प्रतिवेदनलगायत मौजुद प्रमाणहरूले समेत यी प्रतिवादीहरूको भूमिका रहेको देखिनुपर्दछ। सो प्रमाणहरूबाट प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको संलग्नता (Meeting of mind) रहेको देखिँदैन। तसर्थ यी प्रतिवादीहरूउपरको दाबी पुष्टि हुने प्रमाण वादी नेपाल सरकारको तर्फबाट पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीहरूले सफाइ पाउने गरी सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत विराटनगरको फैसला परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, प्रतिवादी महफुज मियाँ र मजरूल कुजरा अन्सारीले अभियोग दाबीबाट सफाइ पाउने ठहरी

सुनसरी जिल्ला अदालतबाट मिति २०७५।१।१० मा भएको फैसला सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७७।९।२४ को फैसला तथा प्रतिवादी अमिन अन्सारी मियाँको हकमा सर्वस्व हुनेबाहेक जन्मकैद हुने ठहऱ्याई मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम १२ वर्ष कैद सजाय हुने राय लगाएको सुनसरी जिल्ला अदालतको फैसला सदर हुने ठहराएको उच्च अदालत विराटनगरको मिति २०७६।९।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर:- मिलन राणा

इति संवत् २०७९ साल कार्तिक २ गते रोज ४ शुभम्।

**५७**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०६९९, मोही प्रमाणपत्र, नन्दीलाल यादव वि. बडेलाल यादव*

वादी दाबीको कि.नं.१३१ को ज.बि.१-२-१० जग्गामा वादीको मोही कायम भई उक्त जग्गामा वादीको मोही कायम हुने ठहऱ्याएको सुरू भूमि सुधार कार्यालय, सिराहाको निर्णय उल्टी गरी उक्त विवादित जग्गाको मोही कायम गरी मोही प्रमाणपत्र पाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको उच्च अदालत राजविराजको फैसला मिले नमिलेको के रहेछ सो सम्बन्धमा मिसिल संलग्न प्रमाणका रोहमा विचार गर्दा यी पुनरावेदक वादी नन्दीलालले भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम उक्त ऐनको अनुसूची ४ बमोजिमको जोताहाको अस्थायी निस्सा प्राप्त गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदैन। मिसिल संलग्न रहेको फिल्डबुक उतारमा जोताहाको नाम, थर, वतनको महल खाली रहेबाट समेत वादीको दाबी समर्थित हुन सक्ने अवस्था देखिँदैन। यसका अतिरिक्त वादीले कहिले पनि जग्गाधनीलाई बाली बुझाई भरपाई गराइ लिएको देखिँदैन। मिसिल संलग्न कुनै प्रमाणबाट पनि फिराद दाबीको जग्गामा यी पुनरावेदक वादी मोही भएको तथ्य प्रमाणित हुन सकेको देखिँदैन। मिसिल संलग्न रहेको वादी बडेलाल यादव प्रतिवादी यिनै नन्दीलाल यादवसमेत भएको फौ.नं.३१३८ को धानबाली लुटपिट मुद्दामा यी नन्दीलाल यादवसमेतले कि.नं.१३१ को जग्गाको बाली लुटपिट गरेको ठहर भई निजलाई जरिवानासमेत भई सिराहा जिल्ला अदालतबाट मिति २०७०।११।२२ मा भएको फैसला अन्तिम भई बसेको देखिन्छ। निवेदक यिनै प्रत्यर्थी प्रतिवादी बडेलाल यादव र विपक्षी नन्दीलाल यादव भएको मुद्दा नं. ०६९-००३९ को निषेधाज्ञा मुद्दामा सोही जिल्ला अदालतबाट यसै कि.नं.१३१ समेतका जग्गामा अनधिकृत प्रवेश नगर्न, उक्त जग्गाको धानबाली नकाट्न, नलुट्न, नलुटाउन, निवेदकलाई भोग चलनमा कुनै बाधा विरोध नगर्नु, नगराउनु भनी यी पुनरावेदक विपक्षी नन्दीलाल यादवसमेतका नाउँमा निषेधाज्ञा आदेश जारी भई उक्त आदेश अन्तिम भएर बसेको देखियो। त्यस्तै वादी यिनै प्रत्यर्थी प्रतिवादी बडेलाल यादव र प्रतिवादी यिनै पुनरावेदक वादी भएको मु.नं.०६९-३००८ को अदालतको अवहेलना मुद्दामा सिराहा जिल्ला अदालतबाट यिनै पुनरावेदक वादी नन्दीलाल यादवलाई अदालतको आदेशको अवज्ञा गरेको ठहरी जरिवानासमेत हुने ठहरी मिति २०७०।११।२२ मा भएको फैसला अन्तिम भई बसेको देखिने।

अतः वादी दाबीको विवादित कि.नं. १३१ को ज.बि.१-२-१० जग्गाको मोही प्रमाणपत्र वादीले पाउने ठहऱ्याएको सुरू भूमि सुधार कार्यालय, सिराहाको फैसला उल्टी गरी वादी दाबीको उक्त जग्गामा यी पुनरावेदक वादीको मोही कायम गरी प्रमाणपत्र पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत, राजविराजको मिति २०७२।४।१८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७९ असार २२ गते रोज ४ शुभम्।

**५८**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI-१३२९, मोही नामसारी, हेमबहादुर अधिकारी वि. नवराज अधिकारीसमेत*

मिति २०७१।१०।१८ को मिलापत्र कागजमा काठमाडौं जिल्ला, गोंगबु गा.वि.स., वडा नं. ८ सि.नं.

१०२०९४५२३ कि.नं. ८ को क्षेत्रफल १७६.८० वर्गमिटर जग्गाको दर्तावाला मोही बखतबहादुर अधिकारीको परलोकपश्चात् हकदार छोरा हेमबहादुर अधिकारीको नाउँमा मोही नामसारी गर्न यस कार्यालयबाट मिति २०७६।६।१५ मा भएको फैसलाको निर्णय कानूनसम्मत ढङ्गले नभएको र बेरितको म्याद बदर गरी निर्णयसमेत बदर गरिपाउँ भनी प्रतिवाद जिकिर लिएकोमा अब उप्रान्त प्रतिवाद जिकिर छाडी दर्तावाला मोही बखतबहादुर अधिकारीको नाउँबाट हकदार निवेदक वादी हेमबहादुर अधिकारीको नाउँमा भएको मिति २०७६।६।१५ मा भएको फैसला कानूनसम्मतरूपले भएको हुँदा फैसलाबमोजिम मोही पत्याउन म जग्गाधनी मिरा कटुवाल (पाण्डे) को पूर्णमन्जुरी भएको र जग्गाधनीले प्रतिवाद जिकिर छाडी मिति २०७६।६।१५ को फैसला स्वीकार गरी मोही पत्याएको मैले माग दाबी गरेबमोजिम मिति २०७६।६।१५ मा भएको फैसला जग्गाधनीले स्वीकार गरेको हुँदा म मोही हेमबहादुर अधिकारीको पनि मन्जुरी भएको हुँदा वादी प्रतिवादी दुवै पक्षको मनोमानी राजीखुसीले मिलापत्र गरिपाउँ भनी भूमि सुधार कार्यालय, काठमाडौंमा संयुक्त निवेदन दिई यी वादी हेमबहादुर अधिकारीलाई जग्गाधनीले मोही पत्याई मिलापत्र गरेको देखिने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ मा यस परिच्छेदको अन्य दफाहरूको अधीनमा रही मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजु भाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाको सन्दर्भमा हेर्दा दर्तावाला मोही स्व.बखतबहादुर अधिकारीको नाउँबाट निजका छोरा नाताका हकदार यी पुनरावेदक वादी हेमबहादुर अधिकारीको नाममा मोही हक नामसारी हुने गरी भूमि सुधार कार्यालय, काठमाडौंबाट मिति २०७६।६।१५ मा भएको फैसला कानूनसम्मत नै भएको अवस्थामा सुरू फैसला उल्टी गरी दाबीको कि.नं. ८ को जग्गामा स्व.बखतबहादुर अधिकारीका हकवाला छोरा नाति पुनरावेदकलगायत ५ जनाको नाममा बराबर भागसान्ती मोही हक नामसारी हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा समेत सो हदसम्म मिलेको मान्न नमिल्ने।

अतः पुनरावेदक वादी हेमबहादुर अधिकारीलाई जग्गाधनी मिरा कटुवाल पाण्डेले मोही पत्याई भूमि सुधार कार्यालय, काठमाडौँमा मिति २०७१।१०।१८ मा जग्गाधनी र मोही दुवै पक्षबिच मिलापत्र भएको देखिनुका साथै भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को व्याख्याको सन्दर्भमा समेत तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।३१ मा भएको फैसला पुनरावेदकबाहेकका अन्य विपक्षीसमेतको नाममा मोही हक बराबर भागसान्ती नामसारी हुने गरी भएको सो हदसम्म उक्त फैसला केही उल्टी भई पुनरावेदक वादी हेमबहादुर अधिकारीको नाममा मात्र वादी दाबीको जग्गामा मोही हक कायम भई नामसारीसमेत हुने।

इजलास अधिकृत: यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७९ असार २२ गते रोज ४ शुभम्।

## इजलास नं. १५

### ५९

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WH-०२१५, बन्दीप्रत्यक्षीकरण, सुवास तुम्सिङ मगर भन्ने सुवास थापा मगर वि. धादिङ जिल्ला अदालत, धादिङसमेत*

रिट निवेदक सुवास तुम्सिङ मगर भन्ने सुवास थापा मगरउपरको जबरजस्ती करणीको अभियोगको अनुसन्धानको सिलसिलामा निज मिति २०७२।५।३१ मा पक्राउ परी थुनामा रहेको र अद्यावधिक थुनामा रहेको देखिन्छ। निजको जन्म मिति २०५५।७।५ मा

भएको र निजउपर अभियोग ठहर भएको जबरजस्ती करणी मुद्दाको वारदात मिति २०७२।५।७ मा रहेको देखिन्छ । अतः वारदातका बखत निज १६ वर्ष पूरा गरेको तर १८ वर्ष उमेर पूरा नभएको अवस्थाको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ को उपदफा (४) ले १६ वर्ष वा सोभन्दा माथि र १८ वर्षभन्दा कम उमेरका व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुइ तिहाइ मात्र सजाय हुने व्यवस्था गरेको देखिन्छ। निवेदक सुवास तुम्सिङ मगर भन्ने सुवास थापा मगरलाई उक्त जबरजस्ती करणी मुद्दामा सजायस्वरूप ठहरेको १० वर्ष कैद अवधिको दुइ तिहाइ अवधि भन्नाले 'छ वर्ष आठ महिना' कैद हुन आउने देखिन्छ । यसबाट निजले उक्त जबरजस्ती करणी मुद्दाको सिलसिलामा पक्राउ परी थुनामा रहेको मिति २०७२।५।३१ देखि 'छ वर्ष आठ महिना' मात्र कैदमा बस्नुपर्ने देखिएको र निवेदकले उक्त मुद्दामा बस्नुपर्ने 'छ वर्ष आठ महिना' कैद निजले २०७९ साल वैशाख मसान्तसम्ममा भुक्तान गरिसकेको भन्ने देखियो । साथै निवेदकलाई उक्त मुद्दामा ठहरेको क्षतिपूर्तिको रकम दाखिल गर्न निज तयार नै रहेको भन्ने निजको निवेदन जिकिर रहेको देखिन्छ । केहि नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को पहिलो संशोधनसहितको दफा ३९(२)(ग) ले "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ ।" भन्ने व्यवस्था गरेको पाइने ।

निवेदक १६ वर्ष नाघेको १८ वर्ष नपुगेको बालक भएको तथ्यमा विवाद नभएको, निजलाई ठहर भएको कैद सजाय १० वर्ष भएको र सो दश वर्ष कैदको सजाय निजको हकमा दुई तिहाइ मात्र कार्यान्वयन हुने भएको, निज निवेदक मिति २०७२।५।३१ देखि पक्राउमा परी थुनामा रही निजले कार्यान्वयन गर्नुपर्ने कैद ६ वर्ष ८ महिना भएको र सो कैद निजले भुक्तान गरिसकेको देखिएको तथा निज हालसम्म पनि थुनामा रहेको देखिएको, निजउपरको अभियोग सम्बन्धमा उच्च अदालत पाटनको फैसलाउपर यस अदालतमा नेपाल सरकारको पुनरावेदनसमेत नपरेको भनी प्रत्यर्थीतर्फबाट इजलाससमक्ष उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ताले बहसको सिलसिलामा जानकारी गराउनु भएकोले यस अदालतमा निज निवेदकको पुनरावेदन दर्ता भई कारबाहीयुक्त अवस्थामा रहे तापनि प्रचलित कानूनबमोजिम हेर्दा निजको थुना गैरकानूनी देखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेशबाट निवेदक सुवास तुम्सिङ मगर भन्ने सुवास थापा मगरलाई थुना मुक्त गरिदिने ।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७९ साल असार २ गते रोज ५ शुभम् ।

**६०**

**मा.न्या.डा.श्री कुमार चुडाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WH-०२२७, बन्दीप्रत्यक्षीकरण, हेमबहादुर खड्का वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत*

जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १५, ढुङ्गेअड्डास्थित नागढुङ्गा-कलंकी मुख्य सडक खण्डको बाटोमा मिति २०७८।११।६ गते बिहानीपख अन्दाजी ०२:१० बजेको समयमा विस्फोटक पदार्थसमेत छोडी हिँडेको घटनालाई लिई अनुसन्धान भइरहेको विस्फोटक पदार्थसम्बन्धी कसुरको अनुसन्धानको लागि निवेदकका छोरा हेमबहादुर खड्कालाई पक्राउ गर्नुपर्ने देखिएकोले प्रत्यर्थी प्रहरी वृत्त, थानकोट, काठमाडौंले निज अभद्र व्यवहारसम्बन्धी कसुरको अनुसन्धानको सन्दर्भमा प्रहरी वृत्त, बौद्ध, काठमाडौंद्वारा पक्राउ परी त्यहाँ हिरासतमा रहेको भन्ने प्राप्त जानकारीको आधारमा निज उक्त मुद्दाबाट छुटी जाने भए विस्फोटक पदार्थसम्बन्धी कसुरको अनुसन्धानको लागि आफ्नो कार्यालयमा पठाइदिनु भनी अनुरोध गरेअनुसार प्रहरी वृत्त, बौद्धबाट निज हेमबहादुर खड्कालाई प्रहरी वृत्त,

थानकोटमा पठाइएको भन्ने बेहोरा देखिन्छ । यसरी प्रहरी वृत्त, थानकोटमा हेमबहादुर खड्कालाई हाजिर गराएपछि उक्त विस्फोटक पदार्थसम्बन्धी कसुरको सम्बन्धमा निजउपरको अनुसन्धान सुरू भएको भन्ने देखिन्छ। यसक्रममा वारदातको मिति, समय र स्थानमा तत्काल पुगेका प्रहरी कर्मचारीहरूले दिएका शङ्कित व्यक्तिको हुलियासम्बन्धी प्रतिवेदनअनुसारको व्यक्ति हाल पक्राउ परी आएका यिनै हेमबहादुर खड्का भन्ने व्यक्ति हुन् वा होइनन् भन्ने सम्बन्धमा प्रतिवेदकहरूबाट सनाखत गराउने कार्य भएको देखिन्छ । सोबखत प्रतिवेदकहरूले मौकामा विस्फोटक पदार्थसमेतका वस्तु छाडी भागी जाने व्यक्ति यिनै हेमबहादुर खड्कासमेत हुन् भनी सनाखत गरिदिएबमोजिम निवेदकका छोरा निज हेमबहादुर खड्कालाई हिरासतमा राखी अनुसन्धान गर्नका लागि प्रत्यर्थी प्रहरी वृत्त, थानकोटबाट सम्बन्धित मुद्दा हेर्ने निकाय काठमाडौं जिल्ला अदालतसमक्ष कानूनबमोजिम जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत म्याद थपको लागि अनुरोध गरी पठाएको भन्ने देखिन्छ। प्रत्यर्थी काठमाडौं जिल्ला अदालतबाट कानूनबमोजिम तीन पटक ५ दिनको दरले र चौथो पटक ३ दिनको लागि हिरासतमा राखी अनुसन्धान गर्नका लागि म्याद थप गरिदिएबमोजिम हेमबहादुर खड्का हालसम्म उक्त विस्फोटक पदार्थसम्बन्धी कसुरको अनुसन्धानको लागि प्रत्यर्थी प्रहरी वृत्त, थानकोटको हिरासतमा रहेको देखियो। निजलाई थुनामा राख्ने कार्य पूर्वाग्रहपूर्ण (Prejudice) तवरबाट भएको भन्ने पनि कहीँकतैबाट स्थापित हुनआएको पाइँदैन। यसरी अपराध अनुसन्धानका लागि अनुसन्धान अधिकृतले कानूनको अख्तियारीबमोजिम कानूनबमोजिमको रीत पुर्‍याई अदालतबाट म्याद थपसमेत गराई शङ्कित व्यक्तिलाई हिरासतमा राखी अनुसन्धान गर्न अनुमतिसमेत पाएको हुनाले निजको थुना कानूनबमोजिमको र रीतपूर्वककै (Legal detention) देखिन आयो। तसर्थ निजको उक्त थुनालाई अनधिकृत, गैरकानूनी र बेरितपूर्ण भन्न मिल्ने नदेखिने।

बन्दी भनिएका हेमबहादुर खड्कालाई प्रत्यर्थीहरूले अनधिकृत, गैरकानूनी र बेरितपूर्ण तवरले थुनामा राखेको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । अतः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी हेमबहादुर खड्कालाई प्रत्यर्थीहरूको थुनाबाट मुक्त गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- प्रदीपकुमार उपाध्याय

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार २ गते रोज ५ शुभम्।